सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१० पुस २०८२, बिहीबार (25 Dec 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दुर्गमका 'निर्वाचन प्रहरी'को तलब सुगममा खटिनेको भन्दा २९ हजार बढी प्रस्ताव

सुगममा खटिनेलाई ५४ हजार ३६८ रुपैयाँ उपलब्ध गराउन सरकारलाई प्रस्ताव गरेको प्रहरीले दुर्गममा खटिनेलाई ८३ हजार २४१ रुपैयाँबराबरको तलब-सुविधा माग गरेको छ



फाइल तस्बिर

टेकराज थामी/नयाँ पत्रिका

२१ फागुनको प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि भर्ती हुने 'निर्वाचन प्रहरी'ले ४० दिनमा ८३ हजारसम्म तलब-सुविधा पाउने भएका छन्। दुर्गममा खटिने हरेक 'निर्वाचन प्रहरी'का लागि तलबसहित पोसाक, खाद्यान्न, भ्रमण, स्थानीय र विविध भत्तामा ८३ हजार २४१ रुपैयाँ उपलब्ध गराउन नेपाल प्रहरीले सरकारलाई प्रस्ताव गरेको छ। प्रस्तावअनुसार सुगम क्षेत्रमा खटिने निर्वाचन प्रहरीलाई भने ५४ हजार ३६८ रुपैयाँ दिने उल्लेख छ।

प्रहरीले समग्रमा निर्वाचन प्रहरीका लागि नौ अर्ब १५ करोड बजेट माग गरेको छ। निर्वाचन प्रयोजनार्थ एक लाख ४० हजार निर्वाचन प्रहरी भर्ती गर्नुपर्ने प्रस्ताव गृह मन्त्रालयमा यसअघि नै गरिसकेको छ। तर, गृहले एक लाख ३६ हजार ९७७ जना मात्रै भर्ती गरे पुग्ने बताउँदै आएको छ। प्रस्तावित बजेट र तलब-भत्ताको वर्गीकृत विवरण सोही प्रयोजनका लागि हो।

■ प्रहरी प्रवक्ता **डिआइजी अविनारायण काफ्ले** भन्छन्-



हामीले सरकारसँग एक लाख ४० हजार निर्वाचन प्रहरी भर्ती गर्नुपर्ने प्रस्ताव गरेका थियौं। अहिले एक लाख ३६ हजार ९७७ मात्रै भर्ती गरे पुग्ने भन्ने कुरा आएको छ। उनीहरूका लागि तलबदेखि अन्य भत्तासहित न्यूनतम ५४ हजारदेखि अधिकतम ८३ हजार रुपैयाँसम्म खर्च हुने हाम्रो विश्लेषण छ। त्यसैअनुसार एकमुस्ट बजेट माग गरेका छौं।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले निर्वाचन प्रयोजनार्थ खटिने 'निर्वाचन प्रहरी'लाई ५४ हजारदेखि ८३ हजारसम्म तलब-सुविधा उपलब्ध गराउनुपर्ने प्रस्ताव सरकारलाई गरिएको बताए। 'हामीले सरकारसँग एक लाख ४० हजार निर्वाचन प्रहरी भर्ती गर्नुपर्ने प्रस्ताव गरेका थियौं। अहिले एक लाख ३६ हजार ९७७ मात्रै भर्ती गरे पुग्ने भन्ने कुरा आएको छ। उनीहरूका लागि तलबदेखि

» पृष्ठ २ मा क्रमशः

सुर्तीजन्य पदार्थ सेवनले लाग्ने रोगबाट वर्षमै गुमाए ३९ हजार नेपालीले ज्यान

९० प्रतिशत क्यान्सर सुर्तीजन्य पदार्थ सेवनकै कारण, उपचार हुने सरकारी अस्पताल तीनवटा मात्रै, तर तीनवटैमा छैन क्यान्सरको विस्तृत अवस्था पत्ता लगाउने पेटस्क्यान सेवा

राज्यले सुर्तीजन्य पदार्थबाट उठाउने राजस्वभन्दा दोब्बर खर्च यसको सेवनबाट लाग्ने रोगको उपचारमा गर्छ, वर्षमै सकिन्छ ५५ अर्ब

शिवहरि घिमिरे/नयाँ पत्रिका

सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमनमा सरकारको भूमिका फितलो हुँदा यसको सेवनबाट लाग्ने रोगका कारण वर्षमै ३९ हजार नागरिकले ज्यान गुमाएका छन्। यति मात्रै होइन, सुर्तीजन्य पदार्थ सेवनबाट लाग्ने रोगको उपचारमा राज्यको मात्र वार्षिक ५५ अर्ब खर्च हुने गरेको छ, जुन यसको राजस्वबाट हुने आम्दानीभन्दा दोब्बर हो।

स्वास्थ्य मन्त्रालयले संकलन गरेको आँकडाअनुसार सुर्तीजन्य पदार्थ सेवनबाट लाग्ने रोगका कारण मृत्यु हुनेको संख्या बर्सेनि बढ्दो दरमा छ। सन् २०२४ मा ३९ हजार दुई सयको ज्यान जाँदा त्यसअघि सन् २०२२ मा २८ हजार ११० को मृत्यु भएको थियो। त्यस्तै, सन् २०१९ मा २४ हजार आठ सय, सन् २०१८ मा २७ हजार २३७ जनाको मृत्यु भएको थियो। वर्षैपिच्छे अध्ययन नभए पनि नेपालमा सुर्तीजन्य पदार्थ सेवनबाट लाग्ने रोगका कारण बर्सेनि ३९ हजारले ज्यान गुमाउँछन्। स्वास्थ्य मन्त्रालयले सन् २०२४ मा संकलन गरेको आँकडाअनुसार नेपालमा सन् २०२४ मा ३९ हजार दुई सयको सुर्तीजन्य पदार्थ

» पृष्ठ २ मा क्रमशः



नेपालमा वार्षिक थपिन्छन् ४५ हजार क्यान्सर रोगी

स्वास्थ्य मन्त्रालयका अनुसार क्यान्सरका बिरामीमध्ये ९० प्रतिशतलाई सुर्तीजन्य पदार्थ सेवनका कारणले नै हुने गरेको छ। अझ मुख र फोक्सोको क्यान्सरको मुख्य कारण नै सुर्तीजन्य पदार्थ सेवन हो। तर, क्यान्सरको उपचार हुने सरकारी अस्पताल भने देशभर तीनवटा मात्रै छन्। भक्तपुर क्यान्सर अस्पताल, चितवनमा भरतपुर क्यान्सर अस्पताल र नेपालगन्जमा सुशील कोइराला प्रखर क्यान्सर अस्पतालले मात्रै छन्। यी अस्पतालले मात्रै देशभरका बिरामीको चाप थेग्न सकेका छैनन्। त्यसपछि बिरामी निजीमा गएर लाखौं खर्च गर्न बाध्य छन्। अस्पताल र उपचार क्षमता कमजोर हुँदा कतिपय बिरामीले भारतका अस्पतालमा पुगेर उपचार गराएका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा वार्षिक ४५ हजार क्यान्सरका बिरामी थपिन्छन्।



प्रवक्ता बुढाथोकी

अझ दयनीय त यो छ कि तीनवटै अस्पतालमा क्यान्सरको विस्तृत अवस्था पत्ता लगाउने पेटस्क्यान सेवा छैन। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुमा पनि यो सेवा छैन। केही निजी अस्पतालमा मात्रै छ। नत्र नमुना भारतमै पठाउनुपर्छ। 'क्यान्सरको उपचार हुने तीनवटै अस्पतालमा क्यान्सर कति फैलिएको छ लगायत विस्तृत अवस्था पत्ता लगाउन चाहिने पेटस्क्यानको सेवा छैन,' स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने, 'जेनेटिक क्यान्सर पत्ता लगाउने उपकरण त झन् नेपालमै छैन, यसका लागि चाहिने ल्याब ल्याउन चीन सरकारले सहयोग गर्ने भनेको छ।'

■ भाइटल स्ट्राटेजिज एसिया प्रशान्त क्षेत्रका निर्देशक डा. तारासिंह बम भन्छन्-

राज्यले सुर्तीजन्य उद्योगहरूलाई उल्टै पोसिरहेको छ



"सुर्तीजन्य पदार्थबाट हरेक वर्ष मृत्यु हुने नेपालीको दर बढ्दो छ, तर हाम्रो नीति निर्माण तहमा बस्नेहरूले यसलाई निकै हल्का रूपमा लिएको पाइन्छ। युवाहरू सुर्तीजन्य पदार्थको सेवनमा मस्त छन्, अकालमा ज्यान गुमाउँदै छन्, स्वास्थ्य बिमाको ठुलो रकम सुर्तीजन्य पदार्थ सेवनले सिर्जित स्वास्थ्य समस्यामा खर्च भइरहेको छ। देशको आर्थिक वृद्धिदरमा समेत यसले असर पारिरहेको छ। तर, राज्यले सुर्तीजन्य उद्योगहरूलाई उल्टै पोसिरहेको छ।

छिमेकी मुलुकमा सुर्तीजन्य पदार्थसम्बन्धी कानुन कार्यान्वयनको अवस्था राम्रो छ, तर हामीकहाँ कानुन बनाए पनि पालना निकै कमजोर छ, नीति निर्माण तहमै बस्नेहरू यस्ता उद्योगको पक्षमा छन्, उनीहरूले नै उद्योगीको हितमा काम गरिरहेका छन्। तर, सुर्तीजन्य उद्योगका कारण स्वास्थ्य क्षेत्रका भइरहेको नोक्सानी हेर्न र आकलन गर्न सरकारले सकेको छैन। प्रत्येक पाइला-पाइलामा सुर्तीजन्य उद्योगहरूले सरकारका व्यक्तिलाई प्रभावमा पारिरहेका छन्, अझ स्वास्थ्य मन्त्रालयकै व्यक्तिहरू सुर्ती उद्योगहरूको पक्षमा लागेको पनि देखिन्छ।

कांग्रेसमा फेरि बल्झियो महाधिवेशनको किचलो



तीन तहको मात्रै अधिवेशन गर्ने गगनको प्रस्तावमा संस्थापनको आपत्ति

(विस्तृत पृष्ठ ३)

जलाशययुक्त आयोजनाको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिकाको मस्यौदा तयार

१७% सम्म नाफा हुने गरी पिपिए गर्ने नीति

तुलनात्मक रूपमा बढी लगानी हुने जलाशययुक्त आयोजनाबाट उत्पादित बिजुलीको प्रचलित पिपिए दरले लगानी आकर्षण नगरेपछि लागतका आधारमा पिपिए गर्ने नीतिको मस्यौदा विद्युत् नियमन आयोगबाट तयार

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

राष्ट्रिय सभा निर्वाचनमा दुई हजार ४३ मतदाता

राष्ट्रिय सभाका १८ सिटका लागि ११ माघमा हुँदै छ चुनाव, २० फागुनमा रिक्त हुने १९ मध्ये एक सिटमा राष्ट्रपतिले गर्नेछन् मनोनीत

नयाँ पत्रिका

निर्वाचन आयोगले राष्ट्रिय सभाको ११ माघमा हुने निर्वाचनका लागि दुई हजार ४३ प्रारम्भिक मतदाता कायम गरेको छ। प्रारम्भिक नामावलीमा जाँचबुझ गरी २२ पुसमा अन्तिम मतदाता नामावली प्रकाशन गर्ने आयोगको कार्यसूची छ। राष्ट्रिय सभाका १८ सिटका लागि ११ माघमा चुनाव हुँदै छ। फागुन २० मा रिक्त हुने १९ मध्ये एक सिटमा राष्ट्रपतिले मनोनीत गर्नेछन्।

आयोगले निर्वाचनका लागि बुधबार प्रकाशन गरेको प्रारम्भिक मतदाता नामावलीमा प्रदेश सभा सदस्य ५४५ जना र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख १४९८ जना गरी जम्मा दुई हजार ४३ जना छन्। राष्ट्रिय सभा निर्वाचनमा प्रदेश सभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ।

प्रवक्ता नारायण भट्टराईका अनुसार उल्लिखित मतदातामध्ये प्रदेश सभाका सदस्यको ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ। आयोगका अनुसार स्वीकृत नामावलीमा प्रदेश सभा सदस्यमध्ये अदालतको आदेशबमोजिम पदमुक्त भएका एकजना र निलम्बनमा परेका चारजना गरी कुल पाँचजना प्रदेश सभा सदस्य तथा स्थानीय तहका पदाधिकारीमध्ये निधन भएका एकजना र निलम्बनमा रहेका सातजना गरी कुल आठजना स्थानीय तहका पदाधिकारीको नाम मतदाता नामावलीमा समावेश गरिएको छैन।

■ ६ दल खारेज, दलको संख्या १३७ कायम

निर्वाचन आयोगले ६ दलको दर्ता खारेज गरेको छ। राजनीतिक दलसम्बन्धी ऐनको दफा ५४ (४) बमोजिम जरिवाना नबुझाउने ६ राजनीतिक दलहरूको दर्ता ऐनको दफा १२ बमोजिम खारेज गरिएको प्रवक्ता भट्टराईले बताए। उनका अनुसार आम आदमी पार्टी नेपाल, नेपाल कम्युनिस्ट पार्टी (लोकतान्त्रिक), नेपाल राष्ट्रवादी पार्टी, आधुनिक नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (गौरवशाली) र माओवादी जनमुक्ति पार्टी नेपाल खारेज भएका छन्। अयोगमा कुल १४३ दल दर्ता रहेकोमा ६ खारेज भएसँगै दलको संख्या १३७ कायम भएको छ।



अधिकतम तापक्रम अचानक घट्दा तराईमा शीतलहर

२४ घण्टा कुहिरो र हुस्सु रहँदा घाम लाग्नै छाड्यो, अधिकतम र न्यूनतम तापक्रमको दूरी घट्दा दिउँसो पनि रातिजस्तै चिसो



बुधबार बिहान लहान नगरपालिका– ७ गणेश चोक र १० नम्बर ग्रामीण चोकमा नगरपालिकाले वितरण गरेको दाउरा बालेर ताप्दै स्थानीय।

यम बम/नयाँ पत्रिका

तराई-मधेशमा पछिल्लो एक सातादेखिको हुस्सु र कुहिरो लम्बिँदा शीतलहर चल्न थालेको छ। २४ घण्टा नै कुहिरो र हुस्सु रहँदा घाम लाग्न छाडेको छ भने अधिकतम र न्यूनतम तापक्रमको औसत भिन्नता (दूरी) घट्दा दिउँसो पनि रातिजस्तै चिसो महसुस हुन थालेको छ। जसकारण विपन्न, वृद्धवृद्धा र

» पृष्ठ २ मा क्रमशः

चिसोबाट जोगिन चोक-चोकमा बाल्न थालियो आगो

लहानमा **मणिलाल विश्वकर्मा**

चिसोबाट जोगिन सिराहाको लहानसहित ग्रामीण क्षेत्रका चोकचोकमा दाउरा बाल्न थालिएको छ। लहान नगरपालिकाका मेयर महेशप्रसाद चौधरीले मानिसको बढी जमघट हुने ग्रामीण चोक, राधाकृष्ण चोक, गणेश चोक, हनुमानस्थान, हुलाक चोक, पूर्व-पश्चिम बसस्टेन्डलगायतका ठाउँमा दाउरा वितरण गरेपछि बाल्न थालिएको बताए।

'बढ्दो चिसोबाट सर्वसाधारण नगरवासीलाई जोगाउन तत्कालीन राहतअन्तर्गत बजार क्षेत्रका प्रमुख चोकहरूमा दाउरा वितरणसँगै बाल्न थालिएको छ,' उनले भने, 'बजार क्षेत्रसहित ग्रामीण भेगमा पर्ने वडा कार्यालयसँग समन्वय गरेर २४ वटै वडाका अत्यावश्यक ठाउँमा दाउरा वितरण गर्ने तयारी भइरहेको छ।' उनका अनुसार गरिब तथा विपन्न समुदायलाई लक्षित गरी पाँच सय परिवारलाई फाइबरको सिरक वितरण गर्ने तयारीसमेत गरिएको छ।

चिसो बढेसँगै विद्यालय जाने बालबालिका, वृद्धवृद्धा तथा विपन्न समुदाय सबैभन्दा बढी प्रभावित भएका छन्। चिसो छल्न ग्रामीण भेगमा सर्वसाधारण बिहानैदेखि घुर तापेर बस्न थालेका छन्।

दुर्गमका...

पृष्ठ १ बाट क्रमशः

अन्य भत्तासहित न्यूनतम ५४ हजारदेखि अधिकतम ८३ हजार रुपैयाँसम्म खर्च हुने हाम्रो विश्लेषण छ। त्यसैअनुसार एकमुस्ट बजेट माग गरेका छौँ।'

प्रहरीका अनुसार निर्धारण गरिएको न्यूनतम ५४ हजारदेखि अधिकतम ८३ हजार रुपैयाँसम्मको खर्च सिलिङभित्र ४० दिनको तलबसहित पोसाक, खाद्यान्न, भ्रमण, स्थानीय र विविध भत्ताबापतको रकममा पर्छ। 'निर्वाचन प्रहरी'को दर्जा जवानसरहको हुन्छ। निर्वाचन प्रयोजनार्थ उनीहरू ४० दिन फिल्डमा खटिनेछन् र त्यसै अवधिको तलब-सुविधा प्राप्त गर्नेछन्।

प्रहरीका अनुसार काठमाडौं उपत्यकाभित्र खटिने 'निर्वाचन प्रहरी'ले सबैभन्दा कम र जुम्लामा खटिने 'निर्वाचन प्रहरी'ले सबैभन्दा धेरै सुविधा प्राप्त गर्नेछन्। काठमाडौं उपत्यकाभित्र खटिनेले तलब र अन्य सुविधासहित ५४ हजार ३६८ रुपैयाँ मात्रै प्राप्त गर्नेछन्। जुम्लामा खटिनेले भने ८३ हजार २४१ रुपैयाँ पाउनेछन्।

त्यस्तै, तराईका जिल्लामा खटिनेका लागि तलब-सुविधासहित ५५ हजार ६६६ खर्च हुनेछ। तराईको पनि झापामा खटिनेले भने काठमाडौंसरह ५४ हजार ३६८ मात्रै पाउँछन्।

पहाडी क्षेत्रका जिल्लामा खटिनेहरूका लागि तलब र अन्य सुविधासहित ५८ हजार ७८५ रुपैयाँ खर्च गरिनेछ। तर, पहाडी जिल्लाका पनि सहरी क्षेत्रमा खटिनेहरूले ५६ हजार ९७१ रुपैयाँबराबरको मात्रै तलब-सुविधा प्राप्त गर्नेछन्।

हिमाली क्षेत्रका जिल्लामा खटिने निर्वाचन प्रहरीका लागि भने तलब र अन्य सुविधासहित ६४ हजार ६०८ रुपैयाँ खर्च गरिनेछ। तर, उक्त क्षेत्रको पनि विकट क्षेत्रमा खटिनेहरूलाई तलब र अन्य सुविधासहित ८३ हजार २४१ रुपैयाँ खर्च गरिने प्रहरीले जनाएको छ।

'निर्वाचन प्रहरीका लागि निर्धारण गरिएको तलब र अन्य सुविधाको स्केल सुगमता विश्लेषणका आधारमा तय गरिएको हो। तराई क्षेत्रमा खटिनेहरूका लागि एउटा स्केल कायम गरिएको छ भने पहाडी र हिमाली क्षेत्रमा खटिनेहरूका लागि अर्को स्केल निर्धारण गरिएको छ,' प्रहरी प्रवक्ता काफ्लेले भने।

प्रहरीका लागि तराई क्षेत्रका जिल्लामा खटिने निर्वाचन प्रहरीका लागि ६.१७० पाउन्ड (२.७९८ किलो) बराबरको लत्ता/कपडा उपलब्ध हुनेछ। हिमाली क्षेत्रका जिल्लामा खटिनेहरूका लागि ११ पाउन्ड (४.९८९ किलो) बराबरको लत्ता/कपडा उपलब्ध हुनेछ। त्यस्तै, सुगम क्षेत्रमा खटिने निर्वाचन प्रहरीले रासनबराबर सात हजार र दुर्गम क्षेत्रमा खटिनेहरूले २७ हजार रुपैयाँ भत्ता प्राप्त गर्नेछन्। स्थानीय भत्ता भने हिमाल र पहाडी क्षेत्रमा खटिनेहरूले मात्रै प्राप्त गर्नेछन्। जसका लागि एक हजार ३४४ रुपैयाँ खर्च हुने भनिएको छ। त्यस्तै, भ्रमण भत्ता भने सबैले प्राप्त गर्नेछन्। जसका लागि दुई हजार रुपैयाँ खर्च हुने भनिएको छ।

नेपाल प्रहरीका अनुसार मतदान केन्द्र र सुरक्षा थ्रेट वृद्धिसँगै निर्वाचन प्रहरीको संख्या पनि बढेको छ। ०७९ को निर्वाचनमा मुलुकभर १० हजार ७५६ मतदान स्थल र २१ हजार ५१२ मतदान केन्द्र निर्धारण भएका थिए। निर्वाचन आयोगले अहिले १० हजार ९६७ मतदान स्थल र २२ हजार २२७ मतदान केन्द्र रहने गरी गृह मन्त्रालयमा प्रतिवेदन पेस गरे पनि यकिन विवरण अझै उपलब्ध गराएको छैन।

प्रहरीका अनुसार मुलुकभरका निर्वाचन स्थल सुरक्षा चुनौती विश्लेषणका आधारमा 'क', 'ख' र 'ग' गरी तीन तहमा विभाजन गरिएका छन्। सुरक्षा चुनौतीका आधारमा 'क'अन्तर्गत अतिसंवेदनशील, 'ख'मा संवेदनशील र 'ग'मा सामान्य पर्छन्। प्रहरीले 'क'मा १०, 'ख'मा ६ र 'ग'मा ५ निर्वाचन प्रहरी खटिनुपर्ने प्रस्ताव गरेको छ।

तासमा चुम्बक, आँखामा लेन्स राखेर क्यासिनोमा करोडौँ ठगी

ठगी धन्दामा संलग्न ६ भारतीय पक्राउ

नयाँ पत्रिका

चुम्बकजडित तास। निश्चित खेलाडीको आँखामा विशेष प्रकारको लेन्स। उक्त लेन्स लगाउने खेलाडीले चुम्बकजडित तास स्पष्टै पहिचान गर्न सक्ने। अरू खेलाडीको हातमा कुन तास छ भनेर पत्ता लगाएपछि बाजी जित्ने निश्चित भइहाल्यो।

हो, नेपाली क्यासिनोमा यस्तै 'ट्रिक' लगाएर करोडौँ रकम ठगी गर्ने ६ भारतीयको गिरोहलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी परिसर, काठमाडौंको विशेष अपरेसनपछि सुरेश महाजन, दिनेश बर्मा, बिक्रम सिंह, प्रमोद मौर्य, चिजा खड्का र भवानी पाण्डे पक्राउ परेका हुन्। घटनामा संलग्न क्यासिनो सञ्चालक, उप्रेती, गौरव खत्री, मोनु भनिने निरज कुमार, हिराशेखर मल्ली पुरी, कमल खरबन्दा, मुकेशलगायत अभियुक्त फरार छन्।



क्यासिनोमा ठगीबारे जानकारी दिँदै जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापा र एसपी पवन भट्टराई

सुरेश घटनाको मुख्य योजनाकार थिए। उनले ठमेलको छाया सेन्टरस्थित क्यानो वल्डोबाट ठगीधन्दा चलाउँदै आएका थिए। विगत दुई वर्षदेखि नेपालका क्यासिनोमा विभिन्न इभेन्ट चलाएर उनले ठगी गर्दै आएका थिए। नेपालमा उनलाई सघाउने काम विनोद भनिने जनार्दन उप्रेतीले गर्दै आएका थिए। उप्रेती नेपालतर्फबाट इभेन्ट आयोजक नै रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एसपी पवन भट्टराईले बताए।

'म्याग्नेटिक कार्ड र आँखामा लेन्स प्रयोग गरी क्यासिनोबाट करोडौँ ठगी गर्ने गिरोह काठमाडौंका क्यासिनोमा सक्रिय रहेको देखियो। घटनामा संलग्न केही भारतीय नागरिक पक्राउ परेका छन्, केही फरार छन्। पक्राउ परेकाको साथबाट म्याग्नेटिक कार्ड र लेन्ससहित केही नगद पनि बरामद गरिएको छ,' उनले भने।

प्रहरीका अनुसार घटनाका मुख्य योजनाकार सुरेशले भारतको हरियाणास्थित निलोखेडीका ३७ वर्षीय दिनेश बर्मा र भारत उत्तराखण्ड देहरादुनका ३१ वर्षीय बिक्रम सिंहबाट म्याग्नेटिक कार्ड र लेन्स काठमाडौं ल्याएका थिए। पेसाले बर्मा बिजुली पसले हुन् भने सिंह ड्राइभर। उनीहरूले ठगी गर्ने योजनाअनुसार म्याग्नेटिक कार्ड र लेन्स क्यासिनोमा छिराएका थिए।

क्यासिनोमा तास खेल्न ठगी समूहबाट पनि खेलाडी सहभागी गराइन्थ्यो। उनको आँखामा विशेष प्रकारको लेन्स लगाइएको हुन्थ्यो। सञ्चालकले म्याग्नेटिक तास खेलाडीलाई बाँड्थे। आँखामा लेन्स लगाएका खेलाडीले अन्य खेलाडीलाई कुन तास परेको छ स्पष्टै पहिचान गर्न सक्थे। त्यसपछि त उनले नै बाजी जित्ने निश्चित हुन्थ्यो। यसरी जितेको रकम इभेन्ट सञ्चालकले ९० प्रतिशत र घुसपैठवाला खेलाडी (म्याग्नेटिक कार्ड र लेन्स ल्याउने)ले १० प्रतिशत प्राप्त गर्ने दुई पक्षबिच सहमति थियो। यस तरिकाले उनीहरूले करोडौँ ठगी गरेको परिसरका प्रवक्ता भट्टराईले बताए।

प्रहरीका अनुसार गिरोहले भारतबाट ५० प्याकेट म्याग्नेटिक कार्ड र ४ सेट लेन्स ल्याएको खुलेको छ। जसमध्ये जनार्दन उप्रेतीले १२ सेट कार्ड क्यासिनो प्रवेश गराएका थिए। बाँकी ३८ सिल कार्ड भने होटेलमा स्टक राखेका थिए। त्यस्तै, उनीहरूले दुई सेट 'आई लेन्स' क्यासिनोभित्र लगेको खुलेको छ।

सरकार र संसद् विघटनको वैधता चाँडो टुंग्याउन पूर्वन्यायाधीशको आग्रह

काठमाडौं/ पूर्वन्यायाधीश फोरमले आगामी २१ फागुनको प्रतिनिधिसभा निर्वाचनपूर्व नै सरकार र संसद् विघटनको संवैधानिकता टुंग्याउन आग्रह गरेको छ। बुधबार विज्ञप्ति जारी गर्दै फोरमले यस्तो विषयको निरूपण गर्न सर्वोच्चले तदारुकता देखाउनुपर्ने अपेक्षासमेत गरेको छ। 'सरकारको संवैधानिक हैसियत तथा प्रतिनिधिसभा विघटनको संवैधानिकताबारे विवाद उठी सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलाससमक्ष विचाराधीन रहेको सो विवादको निराकरण नगरी मन्त्रिपरिषद् बाट घोषित आमनिर्वाचनसमेतका विषयमा अन्योल हुने टड्कारो देखिन्छ,' विज्ञप्तिमा छ, 'संवैधानिक प्रयोग र पालनासम्बन्धी विवाद यथासम्भव सिधा टुंगो लगाउनु नै संविधानको संरक्षकका रूपमा स्थापित सर्वोच्च अदालतको संवैधानिक दायित्व हो र यो दायित्व निर्वाह गर्न सर्वोच्चले तदारुकता देखाउनुपर्ने अपेक्षा गरिएको छ।'

यसअधिका दुई विघटनका मुद्दामा सर्वोच्चले शीघ्र फैसला दिएकाले यो विषय पनि चुनावअघि टुंग्याउनुपर्ने ठहर फोरमको छ। सन्तोष भण्डारीविरुद्ध राष्ट्रपतिको कार्यालयसमेत र शेरबहादुर देउवाविरुद्ध राष्ट्रपतिको कार्यालय रहेको निवेदनको उदाहरण दिँदै फोरमका अध्यक्ष टोपबहादुर सिंहले सर्वोच्चको ध्यानाकर्षण गराएका हुन्। अन्योल नटुंग्याए नियन्त्रण र सन्तुलनसम्बन्धी संवैधानिक सिद्धान्तको परिपालन गर्ने मूलभूत दायित्वप्रति सर्वोच्च अन्यमनस्क रहेको देखिने विज्ञप्तिमा छ। न्यायालयमा आग्रह पूर्वाग्रहरहित पृष्ठभूमिका व्यक्ति न्यायाधीश पदमा नियुक्त हुन नसकेको भन्दै फोरमले सिंगो न्यायपालिका नै इतिहासमा सर्वाधिक विवादित संस्था बन्न गएको उल्लेख गरेको छ। यसका लागि न्यायालय शुद्धीकरणको माध्यमबाट समेत सुशासन कायम गरिनुपर्ने माग विज्ञप्तिमा छ।

१८ करोड भुक्तानी दिन सरकारसँग माग

बुटवल/ बुटवलस्थित गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले बिरामीको उपचारबापत सरकारबाट पाउनुपर्ने झन्डै १८ करोड रुपैयाँ रोकिएपछि सेवा निरन्तरता दिन कठिन हुँदै गएको जनाएको छ। अस्पतालले मुटु र मिर्गौलाका बिरामीको उपचार गरेबापत सरकारबाट दुई करोड ५८ लाख २२ हजार पाँच सय रुपैयाँ मात्र प्राप्त गरेको छ। सरकारले बाँकी १७ करोड ८१ लाख नौ हजार ३७९ रुपैयाँ नदिए नदिए १ माघबाट विपन्न नागरिक औषधि उपचार सेवा बन्द गर्ने चेतावनी दिएको छ।

अस्पतालका अध्यक्ष एजाज आलमले सरकारले नियमित रूपमा प्रदान गर्नुपर्ने रकम रोकेर राख्दा अस्पतालमा औषधि र उपकरणको सप्लाई रोकिएको, चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीको तलब भुक्तानीमा समस्या थपिएको जानकारी दिए। अस्पताल आर्थिक संकटमा पर्दै गएपछि विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गतको निःशुल्क उपचार सेवा रोक्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको आलमले बताए। विपन्न नागरिक औषधि उपचार कार्यक्रमअन्तर्गत यस वर्ष मात्रै एक हजार ३८४ जना मुटुका बिरामीलाई चार करोड ६४ लाख ८९ हजार १४ रुपैयाँबराबरको र मिर्गौला बिरामीको डायलाइसिसको १३ करोड ९४ लाख ६५ हजारबराबरको ५५१ जनाको डायलाइसिस गरिएको अस्पतालले जनाएको छ। अस्पतालले अति विपन्न असहाय बिरामीको उपचारका लागि यस वर्ष एक करोड ४५ लाख ७२ हजार ११९ रुपैयाँबराबरको निःशुल्क उपचार गरिएको उल्लेख गरेको छ।

११ महिनामा अमेरिकाबाट चार सय ४० नेपाली निष्कासित

निष्कासनमा परेका केही ३० वर्षदेखि बस्दै आएका थिए अमेरिकामा

नयाँ पत्रिका

अमेरिकाले पछिल्लो ११ महिनामा ४४० नेपालीलाई निष्कासन गरेको छ। निष्कासित हुनेमा धेरै अवैध रूपमा अमेरिका प्रवेश गर्नेहरू छन्।

२० जनवरी २०२४ मा अमेरिकाको राष्ट्रपतिमा डोनाल्ड ट्रम्पले कार्यभार सम्हालेपछि अवैध आप्रवासीमाथिको कारबाहीलाई तीव्रता दिएका हुन्। सोही अभियानअन्तर्गत ठुलो संख्यामा नेपालीसमेत परेका छन्।

यसरी फर्काइनेहरूमा ३० वर्षदेखि अमेरिकामा बस्दै आएकासमेत रहेको प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रमुख एसएसपी कृष्णप्रसाद पंगेनी बताउँछन्। विद्यार्थी भिसामा पुगेका केहीलाई पनि निष्कासन गरिएको छ। वैध रूपमा गएको भए पनि त्यहाँको कानुन उल्लंघन गरेका कारण पनि कतिपय निष्कासनमा परेका छन्। अमेरिकाले पटक-पटक चार्टर्ड विमानमा नेपालीहरूलाई काठमाडौंमै ल्याएर छाड्ने गरेको छ। विगतको तुलनामा यो वर्ष निष्कासन हुनेको संख्या बढी छ। विगतमा एक वर्षमा करिब एक सय नेपाली निष्कासनमा पर्ने गरेको तथ्यांकले देखाउँछ।

पछिल्लो समय निष्कासनमा पर्नेहरूमा सबैभन्दा धेरै दाङ, त्यसपछि पश्चिम रुकुमका छन्। दाङका मात्र १८७ जना निष्कासनमा परेका छन्। त्यस्तै, पश्चिम रुकुमका १३० जना छन्। निष्कासनमा परेकामध्ये कसैले पनि हालसम्म जाहेरी नदिएको एसएसपी पंगेनी बताउँछन्।

सुर्तीजन्य...

पृष्ठ १ बाट क्रमशः

सेवनबाट लाग्ने रोगका कारण मृत्यु भएको थियो। त्यसअघि मन्त्रालयले नै गरेको अध्ययनअनुसार २०२२ मा २८ हजार ११०, सन् २०१९ मा २४ हजार आठ सय, सन् २०१८ मा २७ हजार २३७ जनाको सुर्तीजन्य पदार्थ सेवनका कारण लाग्ने रोगबाट मृत्यु भएको थियो। केही वर्षको अन्तरमा हुँदै आएको अध्ययनमा मृत्यु हुनेको संख्या बढ्दै गएको देखिएको छ।

सुर्तीजन्य पदार्थको सेवनले एकातिर अकालमा ज्यान गएको छ, अर्कोतिर यसको सेवनबाट लाग्ने रोगको उपचारमा राज्यको तर्फबाट मात्रै वार्षिक ५५ अर्ब खर्च हुने गरेको छ। यो सरकारले सुर्तीजन्य पदार्थ सेवनका कारण लाग्ने विभिन्न जटिल रोगका लागि दिने निःशुल्क औषधोपचार, बिमालगायतको खर्च हो । यसमा व्यक्तिको तर्फबाट हुने निजी खर्च जोडिएको छैन।

'सुर्तीजन्य पदार्थ सेवनबाट लाग्ने क्यान्सर, टिबी, दीर्घरोगलगायतमा सरकारले वार्षिक औसत ५५ अर्ब खर्च गर्छ। क्यान्सरमध्ये ९० प्रतिशत त सुर्तीजन्य पदार्थ सेवनका कारणले नै हुन्छ। यसमा पनि मुख र फोक्सोको क्यान्सर बढी हुनुको कारण सुर्तीजन्य पदार्थको प्रयोग हो,' स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले भने, 'सुर्तीजन्य पदार्थबाट प्राप्त हुने राजस्वभन्दा यसको सेवनबाट लाग्ने रोगको उपचारमा राज्यले गर्ने खर्च दोब्बरभन्दा धेरै छ।'

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले सन् २०२४ मा तयार पारेको तथ्यांकअनुसार नेपालमा सुर्तीजन्य पदार्थ सेवन गर्ने ६८ लाख ८० हजार व्यक्ति छन्। सुर्तीजन्य पदार्थमा हुने निकोटिनको लतका कारण युवाहरू कडा लागुपदार्थको सेवनमा समेत फस्ने गरेको डा. बुढाथोकी बताउँछन्। यसले सोच्न सक्ने क्षमता, यौन क्षमता र रोगप्रतिरोधी क्षमतामा ह्रास ल्याउने उनी बताउँछन्।

आन्तरिक राजस्व विभागका अनुसार सुर्तीजन्य पदार्थबाट ०८१/८२ मा २७ अर्ब ७१ करोड राजस्व संकलन भएको थियो। त्यसअघि ०८०/८१ मा २६ अर्ब ६२ करोड, ०७९/८० मा २२ अर्ब २२ करोड, ०७८/७९ मा २४ अर्ब ५६ करोड, ०७७/७८ मा २० अर्ब ३८ करोड, ०७६/७७ मा १८ अर्ब ५५ करोड र ०७५/७६ मा १५ अर्ब १२ करोड राजस्व संकलन भएको थियो। सुर्तीजन्य पदार्थको प्रयोग बढेसँगै उत्पादन र आयात बढ्दा राजस्व दरसमेत बढेको हो। तर, सुर्तीजन्य पदार्थबाट धेरै नै राजस्व संकलन हुन्छ भने पनि त्यसको उत्पादन र आयात बढाएर नागरिकको स्वास्थ्य बिगार्नु गम्भीर गल्ती हुने स्वास्थ्यका अधिकारीहरूको चिन्ता छ।

पछिल्ला वर्षहरूमा सुर्तीजन्य पदार्थको बिक्री-वितरण बढेको र युवाहरूमा भेपको सेवन बढेको स्वास्थ्य मन्त्रालयका कर कोष सचिवालयका उपसचिव गोपीकृष्ण रेग्मी बताउँछन्। 'अहिले हामीले सुर्ती उद्योगहरूलाई र बिक्री-वितरण गर्नेलाई बढी निगरानी गरिरहेका छौँ। तर, उद्योगहरू स्वास्थ्य मन्त्रालयमातहत नपर्ने भएकाले हामीले सिधै बन्द गराउन सक्दैनौँ। अर्थ र उद्योग मन्त्रालयलाई आग्रह गर्दा कार्यान्वयन हुन सकेको छैन,' उनले भने, 'सुर्ती उद्योगहरूले कानुनको छिद्र हेरेर फाइदा उठाइरहेका छन्। युवालाई सुर्तीजन्य पदार्थ सेवनको सुरुवात गराउन सके दीर्घकालीन व्यापार हुन्छ भनेर उद्योगहरू लागिरहेका छन्। यो गम्भीर विषय हो।'

नेपालमा सन् २०२२ मा एक हजार ३८२ टन सुर्तीजन्य पदार्थ उत्पादन भएकामा सन् २०२४ मा एक हजार ८८६ टन सुर्तीजन्य पदार्थ उत्पादन भएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ। स्वास्थ्य मन्त्रालय, राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका वरिष्ठ जनस्वास्थ्य प्रशासक उपेन्द्र ढुंगाना सुर्तीजन्य उद्योगहरूले नियोजित रूपमा काम गरिरहेकाले त्यसलाई रोक्न सरकारी संयन्त्रहरू सक्रिय हुनुपर्ने बताए। 'सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगहरू सरकारभन्दा एक कदम अघि छन्, उनीहरूले नियोजित रूपमा स्वार्थ राख्दै विभिन्न संयन्त्र परिचालन गरिरहेका छन्,' उनले भने, 'उनीहरूको हस्तक्षेप रोक्न उद्योग, अर्थ र स्वास्थ्य मन्त्रालयले मिलेर काम गर्न जरुरी छ।'

हरेक वर्ष सुर्तीजन्य पदार्थ सेवनबाट मृत्यु हुनेको संख्या बढ्दै गए पनि सरकार गम्भीर नबनेकामा सरोकारवालाको चिन्ता छ। भाइटल स्ट्राटेजिज एसिया प्रशान्त क्षेत्रका निर्देशक डा. तारासिंह बम नीति निर्माण गर्ने तहमा बस्नेबाटै समस्या भएको बताउँछन्।

'सुर्तीजन्य पदार्थबाट हरेक वर्ष मृत्यु हुने नेपालीको दर बढ्दो छ, तर हाम्रो नीति निर्माण तहमा बस्नेहरूले यसलाई निकै हल्का रूपमा लिएको पाइन्छ,' उनले भने, 'युवाहरू सुर्तीजन्य पदार्थको सेवनमा मस्त छन्, अकालमा ज्यान गुमाउँदै छन्, स्वास्थ्य बिमाको ठुलो रकम सुर्तीजन्य पदार्थ सेवनले सिर्जित स्वास्थ्य समस्यामा खर्च भइरहेको छ। देशको आर्थिक वृद्धिदरमा समेत यसले असर पारिरहेको छ। तर, राज्यले सुर्तीजन्य उद्योगहरूलाई उल्टै पोसिरहेको छ।'

दक्षिण एसियाका अधिकांश मुलुकले सुर्तीजन्य पदार्थ नियन्त्रणमा राम्रा कदम चाले पनि नेपालले कानुन बनाएर पनि कार्यान्वयन नगरेको डा. बमको भनाइ छ। 'छिमेकी मुलुकमा सुर्तीजन्य पदार्थसम्बन्धी कानुन कार्यान्वयनको अवस्था राम्रो छ, तर हामीकहाँ कानुन बनाए पनि पालना निकै कमजोर छ, नीति निर्माण तहमै बस्नेहरू यस्ता उद्योगको पक्षमा छन्, उनीहरूले नै उद्योगीको हितमा काम गरिरहेका छन्,' उनले भने, 'तर, सुर्तीजन्य उद्योगका कारण स्वास्थ्य क्षेत्रका भइरहेको नोक्सानी हेर्न र आकलन गर्न सरकारले सकेको छैन। प्रत्येक पाइला पाइलामा सुर्तीजन्य उद्योगहरूले सरकारका व्यक्तिलाई प्रभावमा पारिरहेका छन्, अझ स्वास्थ्य मन्त्रालयकै व्यक्तिहरू सुर्ती उद्योगहरूको पक्षमा लागेको पनि देखिन्छ।'

अधिकतम...

पृष्ठ १ बाट क्रमशः

बालबालिका मारमा परेका छन्। पालिकाहरूले विद्यालयमा जाडो बिदा दिन थालेका छन्।

जल तथा मौसम विज्ञान विभागबाट प्राप्त विवरणअनुसार तराई क्षेत्रमा बुधबार सरदर अधिकतम तापक्रम ६.३ डिग्री सेल्सियससम्म कम मापन भएको छ। त्यस्तै, अधिकतम र न्यूनतम तापक्रमको औसत भिन्नता (दूरी) पनि ३.५ डिग्री सेल्सियससम्म झरेको छ। 'तराईमा दिउँसो घाम नै लाग्न छाडेको छ। जतिखेर पनि हुस्सु-कुहिरो हुँदा अधिकतम तापक्रम निकै घटेको देखिन्छ। यसको अर्थ घाम लागेको छैन, दिउँसो पनि चिसो छ भन्ने देखाउँछ,' मौसम पूर्वानुमान महाशाखाका मौसमविद् हरिप्रसाद दाहालले भने, 'आकाश खुलेर दिउँसो घाम लागेको भए न्यूनतम तापक्रम (बिहान) झर्दै जान्थ्यो अनि अधिकतम (तापक्रम) धेरै हुँदा साँझ-बिहानबाहेक दिउँसो न्यानो नै हुन्थ्यो। तर, दिउँसो पनि घाम नलाग्दा अधिकतम र न्यूनतमको ग्याप कम भएको हो।'

जल तथा मौसम विज्ञान विभागले शीतलहर घोषणा गरिसकेको छैन। तर, लगातार रूपमा अधिकतम तापक्रम घट्दै जानु, दिउँसो पनि घाम लाग्न छाड्नुका साथै शीत खसिरहेकाले शीतलहरको अवस्था रहेको बुझ्न सकिन्छ।


मौसमविद् दाहालले तराई क्षेत्रको आकाश शुक्रबारसम्म खुल्ने सम्भावना नरहेको र हुस्सु र कुहिरोको अवस्था नै रहने बताए। तराई-मधेशमा शीतलहरको अवस्था रहे पनि पहाडीसहित अन्य क्षेत्रमा भने दिउँसोपख घाम लाग्दा अधिकतम तापक्रम घटेको छैन। यद्यपि, साँझबिहान भने ती क्षेत्रमा पनि जाडो बढेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२' मा पनि तराईका २१ जिल्ला शीतलहरबाट बढी प्रभावित हुनेमा सूचीकृत छ। शीतलहरबाट जोगिन न्यानो लुगा तथा दाउरा वितरणलाई अन्तिम विकल्पका रूपमा सारिएको छ। शीतलहरबाट १० वर्ष (०७८/०७९)सम्म एक सय ६६ जनाको ज्यान गएको प्राधिकरणको तथ्यांक छ। तर, पछिल्लो समय शव परीक्षण प्रतिवेदनमा शीतलहरका कारण मृत्यु भएको भन्ने व्यहोरा उल्लेख गर्नुपर्ने व्यवस्था राखिएपछि आफूहरूसँग तथ्यांक नरहेको प्रवक्ता शान्ति महतले बताइन्। यसअघि भने प्रहरीबाट प्राप्त तथ्यांकका आधारमा विवरण राखिन्थ्यो। यद्यपि, तराईमा हुस्सु/कुहिरो/शीतलहरबाट दैनिक जनजीवन, स्वास्थ्य, सडक तथा हवाई यातायातलगायतका क्षेत्रमा प्रभाव परेको उनले बताइन्।

'शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तर्जुमा भई कार्यान्वयन गर्न भनेका छौँ। सम्बन्धित सबै निकायले कार्ययोजनामा उल्लेख भएअनुसार आ-आफ्नो जिम्मेवारी निर्वाह गर्नु आवश्यक छ,' उनले भनिन्, 'सबै निकायले कार्ययोजनाअनुसार पूर्वतयारी गर्नुपर्ने र कार्यक्षेत्रमा पर्ने प्रभावित जिल्लाका जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहसँगको समन्वयमा पूर्वानुमानअनुसार आवश्यक पूर्वकार्य एवं प्रतिकार्य गर्नुपर्ने देखिन्छ।'

अधिकतम तापक्रम ६.३ डिग्री सेल्सियससम्मले झर्‍यो, अधिकतम र न्यूनतमको दूरी पनि कम

बुधबार धनगढीमा अधिकतम तापक्रम सरदरभन्दा ६.३ डिग्री सेल्सियस (डिसे) कम मापन भएको छ। पछिल्लो ३० वर्षको सोही दिनको अधिकतम तापक्रमबाट निकालिएको औसत नै सरदर हो। जल तथा



मौसम विज्ञान विभागका अनुसार बुधबारका लागि धनगढीको सरदर अधिकतम तापक्रम २२.३ डिसे हो। तर, सरदरभन्दा ६.८ डिसे कम अर्थात् १५.५ डिसे मापन भएको छ। न्यूनतम तापक्रम १२ डिसे मापन हुँदा अधिकतम र न्यूनतमको दूरी ३.५ डिसे मात्र छ।

त्यस्तै, नेपालगन्जमा अधिकतम तापक्रम १६.२ डिसे मापन भएको छ, जबकि सरदर २२.१ डिसे हो, जुन सरदरभन्दा ५.९ हो। न्यूनतम तापक्रम ११.३ डिसे मापन हुँदा अधिकतम र न्यूनतमको ग्याप ४.९ डिसेमा झरेको छ। भैरहवामा पनि अधिकतम तापक्रम सरदरभन्दा ५.७ डिसे कम मापन भएको छ। बुधबारका लागि यहाँको अधिकतम सरदर तापक्रम २२.९ रहे पनि १७.२ डिसे मात्र मापन भयो। न्यूनतम तापक्रम १२.३ डिसे मापन हुँदा अधिकतम र न्यूनतमको ग्याप ४.९ डिसे मात्र रह्यो।

पश्चिमभन्दा मध्य र पूर्वी तराईमा भने अधिकतम तापक्रम कम झरेको छ। तर, त्यहाँ पनि शीतलहरको अवस्था छ। विभागका अनुसार बुधबार सिमरामा अधिकतम तापक्रम १८.९ डिसे मापन भएको छ। जुन सरदरभन्दा ४.७ डिसेले कम हो। त्यस्तै, न्यूनतम तापक्रम १३ डिसे मापन हुँदा अधिकतम र न्यूनतमको दूरी ५.९ डिसे मात्र छ।

जनकपुरमा अधिकतम तापक्रम सरदरभन्दा ४ डिसेले कम मापन भएको छ। यहाँ अधिकतम तापक्रम सरदर २३.९ रहे पनि १९.९ मात्र मापन भएको छ। त्यस्तै, न्यूनतम तापक्रम १३.४ मा झर्दा अधिकतमसँगको दूरी ६.५ डिसे मात्र छ।

विराटनगरमा पनि अधिकतम तापक्रम ५.९ डिसेले झरेको छ। सरदर २४.८ डिसे रहे पनि बुधबार १८.९ डिसे मात्र मापन भयो। यहाँ न्यूनतम तापक्रम १२.८ मापन हुँदा अधिकतमसँगको दूरी ६.१ डिसे मात्र छ।

धरान र चन्द्रगढीको सरदर तापक्रम प्राप्त हुन नसके पनि बुधबार अधिकतम तापक्रम घटेको देखिन्छ। धरानमा अधिकतम तापक्रम १९.५ र न्यूनतम तापक्रम ११.५ डिसे मापन भएको छ, जुन दूरी ८ डिसे हो। त्यस्तै, चन्द्रगढीमा अधिकतम र न्यूनतम तापक्रमको दूरी ७.३ डिसे मात्र छ। यहाँ बुधबार अधिकतम १९.२ र न्यूनतम ११.९ डिसे मापन भएको हो।

प्रभावितलाई जोगाउन विपद् व्यवस्थापन प्राधिकरणको अपिल

-आवश्यक परेमा स्थानीय तहसँग समन्वय गरी संकटासन्न समुदायका घरपरिवारलाई न्यानो लत्ताकपडा र न्यानो गराउने उपकरण तथा सामग्री वितरण गर्ने

- शीतलहर पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी पूर्वतयारी तथा प्रतिकार्यकेन्द्रित क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाउने।

-कार्यक्षेत्रअनुसार शीतलहरबाट बच्ने उपायबारे सम्बन्धित स्थानीय तहसँगको समन्वयमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने

-जोखिमपूर्ण संकटासन्न समुदायका व्यक्तिलाई आवश्यक परेको खण्डमा न्यानो हुने गरी सार्वजनिक भवन, मठ मन्दिर, घर इत्यादिमा राखे प्रबन्ध गर्ने

-शीतलहरका वेला न्यानो गराउन डिभिजन वन कार्यालय, सामुदायिक वन उपभोक्ता समूह र स्थानीय तहसँग समन्वय गरी दाउरा उपलब्ध हुने व्यवस्था मिलाउन सहयोग गर्ने

कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित (शेयरमा सिमित दायित्व भएको)

खानी खोला हाईड्रोपावर कम्पनी लिमिटेड

का.म.न.पा. वडा न ०४, विशालनगर, काठमाण्डौ
फोन नं. : ०१-४५३६३२५ फ्याक्स नं. : ०१-४५३३६१०
Email: khanikhola.hpcl@gmail.com
को

तेह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०९/१०

यस कम्पनीको मिति २०८२/०९/०९ मा बसेको सञ्चालक समितिको १०४ औं बैठकले गरेको निर्णय अनुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनीहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

वार्षिक साधारण सभा हुने मिति, समय र स्थान

मिति : २०८२ पौष ३० गते, बुधबार (14 January 2026, Wednesday)
स्थान : धुम्र बाराह भेन्यु, धुम्बराहि।
समय : विहान ११:०० बजे देखि।

छलफलका विषयहरु :

(क) सामान्य प्रस्तावहरु :

१) आ.व. २०८१/८२ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन पारित गर्ने बारे।
२) आ.व.२०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाव पारित गर्ने बारे।
३) आ.व.२०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

(ख) विविध।

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८२/०९/२१ (तदनुसार २०२६/०१/०५) गते १ दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा मिति २०८२/०९/२० (तदनुसार २०२६/०१/०४) गते सम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य रहनेछन्।
२. वार्षिक साधारण सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने सक्कल प्रमाण तथा हितग्राही खाता खोली शेयर अभौतिकरण गरीएको विवरण देखिने **Demat Account Statement** वा शेयर प्रमाण पत्र साथमा लिई आउन हुन अनुरोध छ, अन्यथा सभा कक्षभित्र प्रवेश गर्न पाइने छैन।
३. शेयरधनी महानुभावहरुको उपस्थितिका लागि शेयरधनी उपस्थिति पुस्तिका बिहान १०:०० बजे देखि खुल्ला रहनेछ।
४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्राक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०८२/०९/२८ गते विहान ११ बजे भित्र कम्पनीको केन्द्रीय कार्यालय, धुम्बाराहि-४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाइने छैन।
५. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरीएको अवस्थामा शेयर दर्ता लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट प्रतिनिधि नियुक्त गरीएको एक व्यक्तिले कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिहरुले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ। तर त्यसलाई पारित गर्नुपर्ने प्रस्तावको रुपमा राखिने छैन।
७. शान्ति सुरक्षाको दृष्टिकोणले साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई यथाशक्य झोला नल्याउनु हुन अनुरोध छ। सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगाएत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला र शरीर जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।
८. साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, धुम्बाराहि -४ वा कम्पनीको शेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, काठमाण्डौमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

नोट :साधारण सभा सम्बन्धी सूचना र थप जानकारी यस कम्पनीको सूचना पाटीमा समेत टाँस गरीने व्यहोरा जानकारी गराउँदै साधारण सभामा उपस्थित भईदिनु हुन पनि हार्दिक अनुरोध गर्दछु।

■ कांग्रेसमा फेरि बल्झियो महाधिवेशनको किचलो

तीन तहको मात्रै अधिवेशन गर्ने गगनको प्रस्तावमा संस्थापनको आपत्ति

पर्शुराम काफ्ले/नयाँ पत्रिका

कांग्रेसको १५औँ महाधिवेशनपूर्व वडादेखि ६ तहका अधिवेशन सम्पन्न गर्न समयको चाप हुने भन्दै महामन्त्री गगन थापाले वडा र क्षेत्रको अधिवेशन सम्पन्न गरेर २६ पुसमा केन्द्रीय महाधिवेशन गर्न प्रस्ताव गरेका छन्। केन्द्रीय कार्यसम्पादन समितिको बुधबारको बैठकमा उनले क्रियाशील सदस्यताको समस्या समाधान तत्कालै गर्न, वडा र क्षेत्रको अधिवेशन गरेर महाधिवेशनमा प्रवेश गर्नुपर्ने प्रस्ताव गरेका छन्। तर, संस्थापन पक्षले थापाको प्रस्तावमा जान नसकिने भन्दै २१ फागुनको निर्वाचनपछि केन्द्रीय महाधिवेशन गर्ने गरी वडादेखि सातै तहको अधिवेशन कार्यतालिका सच्याउनुपर्नेमा जोड दिएको छ।

बैठकमा महामन्त्री थापा, सहमहामन्त्रीहरू महेन्द्र यादव र बद्री पाण्डे, नेताहरू विजयकुमार गच्छदार, कृष्णप्रसाद सिटौला, डा. शेखर कोइराला, ज्ञानेन्द्रबहादुर कार्की, उमा रेग्मी, सुजाता कोइराला, एनपी साउद र आनन्दप्रसाद ढुंगानाले धारणा राखेका थिए।

थापाले आफ्नो विगतको प्रस्ताव कार्यान्वयन नहुँदा अहिले पार्टी अन्योलमा परेको र राष्ट्रिय राजनीतिमा भूमिका निर्वाह गर्न नसक्ने अवस्थामा पुगेको बताएका थिए। उनले केन्द्रको महाधिवेशनको मिति यथावत् राखेर दुई तहका अधिवेशन गर्ने निर्णय नभएमा महाधिवेशन हुन नसक्ने तर्क गर्दै त्यो अवस्थामा विशेष महाधिवेशनका लागि अघि बढ्ने चेतावनी दिएका थिए।

'हामीले गत असोज पहिलो साता कार्यसम्पादन समिति बैठकमा महाधिवेशन गर्न सकिन्छ र गर्नुपर्छ भनेका थियौँ। २३ र २४ भदौको घटनापछि अधिवेशन नगरी चुनावमा जाने सुविधा हामीलाई थिएन। त्यसवेला हाम्रो कार्यतालिका प्रस्ताव स्वीकार गरिएको भए यतिवेलासम्म अधिवेशन सम्पन्न भइसक्थ्यो,' थापाले बैठकपछि सञ्चारकर्मीसँग भने, 'अधिवेशनपछिको कांग्रेसले आफूलाई राष्ट्रिय मुद्दामा उभ्याएको हुन्थ्यो। तर, अधिवेशन गर्न सकिन्छ र सकिन्न भनेर ४० दिन खेर फाल्यौँ। यसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने कतिपय कुराबाट हामी चुक्यौँ।'

थापाले पछिल्लो कार्यतालिकाअनुसार काम भइरहेको, तर क्रियाशील सदस्यताका विषयमा नियतवश अलमल भएको पनि आरोप लगाए। 'महामन्त्री अध्यक्ष रहेको सदस्यता व्यवस्थापन समितिले होइन, क्रियाशील सदस्यता र नवीकरण जिल्ला र क्षेत्रमा टुंगिन्छ। अहिले धेरै जिल्लामा काम भएको छ। कतिपय जिल्लामा बदनियतसाथ काम गर्न दिइएको छैन,' थापाले बैठकमा भने, 'क्रियाशील सदस्यताको विवाद भएको र बदनियत राखिएको ठाउँमा जारी बैठकले सर्वाधिकार सम्पन्न प्रतिनिधि फिल्डमा पठाउनुपर्छ, उहाँहरूले तीन-चार दिन बसेर विवाद टुंग्याउनुपर्छ।' नियतवश क्रियाशील सदस्यता नटुंगिएका ठाउँमा पुरानो सदस्यतालाई मान्यता दिने वा उक्त क्षेत्रका प्रतिनिधिले निर्वाचनमा भाग नपाउने गरी कारबाही गर्नुपर्ने थापाको प्रस्ताव थियो।

'यसो गर्दा पनि अहिलेको कार्यतालिकामा संशोधन गर्नुपर्छ। वडा अधिवेशन २१ पुसमा गरौँ, २३ गते क्षेत्रीय अधिवेशन गरौँ। केन्द्रीय महाधिवेशनको अन्तिम तिथिमिति चलाउन पाइँदैन, त्यसअघिका कार्यतालिका हेरफेर गर्न पाउँछौँ। अब वडा र क्षेत्रको अधिवेशन गरौँ, त्यसबाट प्रतिनिधि छनोट भइहाल्छन्, केन्द्रको महाधिवेशन गरौँ। बाँकी अधिवेशन आमनिर्वाचनपछि गरौँ,' थापाले भने, 'यो गर्न पाइन्छ, विगतमा पनि महाधिवेशनपछि जिल्ला र प्रदेशको अधिवेशन महाधिवेशनपछि गरेका छौँ।'

अहिले कार्यतालिका संशोधन नगरी प्रत्येक तहको अधिवेशन गर्न नसकिने उनको भनाइ थियो। 'अहिले सबै तहको अधिवेशन गरौँ भन्नु भनेको अधिवेशन नगरौँ भन्ने हो। मैले राखेको कार्यतालिका सम्बोधन भएन भने अधिवेशन टार्ने, टाल्ने र छलछाम हुन्छ। छलछामले पार्टीलाई धेरै ठुलो क्षति पुऱ्याउनेछ। हामीले विगतमा डेढ महिनासम्म अनावश्यक समय खेर फाल्यौँ। नियमित अधिवेशन गरेनौँ भने विधानअनुसार विशेष अधिवेशन गर्ने, त्यस आधारमा निर्णय गर्ने विकल्प छ,' थापाले चेतावनी दिँदै भने, 'सबैले ठिक ढंगले काम गर्ने हो भने समयमा सम्पन्न गर्न सक्छौँ। अधिवेशनमा आलटाल गर्ने कुरा मञ्जुर छैन।'

पार्टी नेतृत्वले अहिलेसम्म विधान मस्यौदा समिति गठन नगरेको, महाधिवेशनका लागि चाहिने प्रतिवेदन लेखन समिति नबनाएको, तर जिल्ला र क्षेत्रले टुंग्याउनुपर्ने क्रियाशील सदस्यताको भारी महामन्त्रीलाई बोकाएको भन्दै उनले असन्तुष्टि जनाए। 'म आजै वैकल्पिक बाटो (विशेष महाधिवेशन)मा जाउँ भनिहाल्दिनँ। झिनो आशा राख्छु। म विशेष महाधिवेशन मागकर्ता होइन। मागकर्ता साथीहरूले यो विकल्प हो भन्नुभएको छ। त्यो बाटोमा जान सकिन्छ भन्ने मेरो भनाइ हो,' उनले भने।

थापाले नयाँ नेतृत्व छनोट नगरी कांग्रेस निर्वाचनमा नजानेसमेत स्पष्ट पारे। नयाँ नेतृत्व छनोटका लागि सभापति शेरबहादुर देउवाले भूमिका खेल्नुपर्ने उनको भनाइ थियो। 'मेरो भनाइ स्पष्ट छ, एक दुई तीन, महाधिवेशन नगरी र नयाँ नेतृत्व नछानी कांग्रेस निर्वाचनमा जाँदैन, जानुहुँदैन,' थापाले भने, 'सभापतिले कार्यवाहक दिनुभएको छ, तर नाम मात्रको कार्यवाहक छ। सभापति बैठकमा आउनुभएको छैन, शक्ति उहाँले नै अभ्यास गर्नुभएको छ। पार्टीको अधिवेशन गर्ने सन्दर्भमा उहाँले भूमिका निर्वाह गर्नुपर्छ र नयाँ नेतृत्वमा पार्टी चुनावमा जान्छ भन्नुपर्छ।'



बुधबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समिति बैठक। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

● **गगन थापा**, महामन्त्री, कांग्रेस



२३ र २४ भदौको घटनापछि अधिवेशन नगरी चुनावमा जाने सुविधा हामीलाई थिएन। त्यसवेला हाम्रो कार्यतालिका प्रस्ताव स्वीकार गरिएको भए यतिवेलासम्म अधिवेशन सम्पन्न भइसक्थ्यो। अधिवेशनपछिको कांग्रेसले आफूलाई राष्ट्रिय मुद्दामा उभ्याएको हुन्थ्यो। तर, अधिवेशन गर्न सकिन्छ र सकिन्न भनेर ४० दिन खेर फाल्यौँ। यसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने कतिपय कुराबाट हामी चुक्यौँ।

● **डा. प्रकाशशरण महत**, प्रवक्ता, कांग्रेस



हामीले निर्वाचनअघि पार्टीको नियमित महाधिवेशन हुन सक्दैन भन्दै आएका थियौँ, अब निर्वाचन हुने भयो भने महाधिवेशन निर्वाचनपछि हुन्छ। यदि निर्वाचन भएन भने फागुनमा महाधिवेशन हुन्छ महामन्त्रीले भनेको प्रस्तावलाई पार्टीले स्वीकार गर्ने सम्भावना छैन। सबै तहको अधिवेशन र सबै तहको अधिवेशन कार्यतालिका संशोधन हुनेसमेत हुनुपर्छ।

संस्थापनको आपत्ति, निर्वाचनअघि महाधिवेशन असम्भव

कांग्रेस संस्थापन पक्षले तीन तहको मात्रै अधिवेशन गर्ने प्रस्ताव स्वीकार्य नभएको टिप्पणी गरेको छ। प्रवक्ता डा. प्रकाशशरण महतले महामन्त्री थापाबाट बैठकमा राखिएको प्रस्ताव व्यावहारिक र उचित नभएको बताए। 'हामीले निर्वाचनअघि पार्टीको नियमित महाधिवेशन हुन सक्दैन भन्दै आएका थियौँ, अब निर्वाचन हुने भयो भने महाधिवेशन निर्वाचनपछि हुन्छ, यदि निर्वाचन भएन भने फागुनमा महाधिवेशन हुन्छ,' उनले भने, 'महामन्त्रीले भनेको प्रस्तावलाई पार्टीले स्वीकार गर्ने सम्भावना छैन।' उनले सबै तहको अधिवेशन हुनुपर्ने र सबै तहको अधिवेशन कार्यतालिका संशोधन हुनेसमेत दाबी गरे।

'कांग्रेस पुरानो संसद्का लागि अदालत गएको छैन'

महामन्त्री थापाले २१ फागुनको निर्वाचनबाट नयाँ संसद् ल्याउने निर्णयबाहेक कांग्रेसले अरू कुनै आधिकारिक निर्णय नगरेको बताए। कांग्रेस औपचारिक रूपमा अदालतमा नगएकोसमेत उनले स्पष्ट पारेका छन्। 'हामीले भनेका छौँ कि संसद्को विघटन संविधानसम्मत छैन, तर अदालतले छिनोफानो गर्छ। कांग्रेसले अदालतमा जाने निर्णय गरेको छैन, कांग्रेस गएको पनि छैन,' उनले भने, 'विघटित संसद्का साथीहरू जानुभयो। मलाई सोध्नुभएका साथीहरू र मैले भनेका साथीहरू जानुभएको छैन। आफ्नो मनले कोही जानुभएको छ भने उहाँहरूको वैयक्तिक अधिकार ठानेर सम्मान गर्छु।'

सरकारले किन सार्वजनिक गरेन मन्त्रीहरूको सम्पत्ति विवरण ?

नयाँ पत्रिका

अन्तरिम सरकार गठन भएको सय दिन नाघिसक्दासमेत सम्पत्ति विवरण सार्वजनिक भएको छैन। सबै मन्त्रीहरूले सम्पत्ति विवरण बुझाइसकेको दाबी गरे पनि सरकारले हालसम्म सार्वजनिक गरेको छैन। सरकार सञ्चालन गर्ने राजनीतिक पदाधिकारीले पारदर्शिता र जवाफदेहिताका लागि सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने विषय सरोकारवालाहरूले जोडतोडका साथ उठाउँदै आए पनि जेन-जी आन्दोलनको मर्ममा बनेको सरकार यसप्रति गम्भीर देखिएको छैन।

सहरी विकास, ऊर्जा एवं भौतिक पूर्वाधारमन्त्री कुलमान घिसिङले सबै मन्त्रीहरूले कानुनअनुसार तोकिएको समयमै सम्पत्ति विवरण बुझाइसकेको बताएका छन्। सय दिनको उपलब्धि सार्वजनिक गर्न भौतिक पूर्वाधार मन्त्रालयमा बुधबार आयोजित कार्यक्रममा मन्त्री घिसिङले मन्त्रिपरिषद्मा आएपछि ६० दिनभित्र क्याबिनेटमा पेस गर्नुपर्ने सम्पत्ति विवरण बुझाइसकेको बताए।



कुलमान घिसिङ
मन्त्री

हामीले कर्मचारीको हैसियतले विगत ३० वर्षदेखि हरेक वर्ष सम्पत्ति विवरण पेस गरेकै हुन्छौँ। मन्त्रिमण्डलमा आएपछि ६० दिनभित्र क्याबिनेटमा पेस गर्नुपर्ने विषयमा, हामीले समयभित्रै पेस गरेका छौँ। सबैले पेस गर्नुभएको छ। प्रधानमन्त्री कार्यालयले नै सार्वजनिक गर्ला।

आफ्नो हकमा ३० वर्षदेखि कर्मचारीको हैसियतमा सम्पत्ति विवरण बुझाउँदै आएको उनको भनाइ थियो। मन्त्री भएपछि पनि आफूले दुई महिनाभित्रै सम्पत्ति विवरण बुझाइसकेको उनले प्रस्ट पारे। मन्त्रीहरूले पेस गरेको सम्पत्ति विवरण सार्वजनिक गर्ने विषय प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रहेको उनको भनाइ छ। 'हामीले कर्मचारीको हैसियतले विगत ३० वर्षदेखि हरेक वर्ष सम्पत्ति विवरण पेस गरेकै हुन्छौँ। मन्त्रिमण्डलमा आएपछि ६० दिनभित्र क्याबिनेटमा पेस गर्नुपर्ने विषयमा, हामीले समयभित्रै पेस गरेका छौँ। सबैले पेस गर्नुभएको छ। प्रधानमन्त्री कार्यालयले नै सार्वजनिक गर्ला,' उनले भने।

सरकारको प्रवक्तासमेत रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले पनि प्रधानमन्त्री र मन्त्रीहरूले नियमअनुसार ६० दिनभित्र विवरण बुझाइसकेको बताए। बुधबार राष्ट्रिय प्रेस क्लबमा सञ्चारकर्मीहरूसँगको अन्तर्क्रियामा उनले सम्पत्ति विवरण सार्वजनिक गर्ने वा नगर्ने विषय प्रधानमन्त्री कार्यालयको रहेको बताए। प्रधानमन्त्री कार्यालयको वेबसाइटमा अद्यावधिक रहेका १० सदस्यीय मन्त्रिमण्डलको सम्पत्ति विवरण प्राप्त भएको उल्लेख छ। तर, सार्वजनिक भने गरिएको छैन।

भ्रष्टाचार निवारण (पहिलो संशोधन) ऐन, २०५९ को दफा ५० र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) मा यससम्बन्धी व्यवस्था छ। ऐनहरूले गरेको व्यवस्थाअनुसार पदमा नियुक्ति लिएको मितिले ६० दिन र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले पनि ६० दिनमै सम्पत्ति विवरण बुझाउनुपर्छ। यद्यपि, यसलाई सार्वजनिक नै गर्नेबारे कानुनी व्यवस्था छैन। व्यक्तिको सम्पत्तिको विषय गोप्य रहने व्यवस्था कानुनले नै गरेको छ। तर, सार्वजनिक पदधारण गर्ने प्रधानमन्त्री, मन्त्रीसहितका राजनीतिक पदाधिकारीका हकमा सार्वजनिक गर्ने अभ्यास चलिआएको छ। यद्यपि, यसअघि सरकारमा गएकाहरू पनि सम्पत्ति सार्वजनिक गर्ने मामिलामा अनुदार नै देखिएका थिए।

संक्षेप

पूर्वसचिव र सहसचिव धरौटीमा रिहा

काठमाडौं/ नेपाल ट्रस्टको जग्गा लिज प्रकरणमा पक्राउ परेका तत्कालीन सचिव र सहसचिवलाई अदालतले धरौटीमा रिहा गरेको छ। नेपाल ट्रस्टको कार्यालयका तत्कालीन सचिव अर्जुनबहादुर कार्कीसँग ६ लाख र सहसचिव लेखबहादुर कार्कीसँग १० लाख रुपैयाँ धरौटी माग गरिएको थियो। जिल्ला अदालत, काठमाडौंमा बुधबार धरौटी बुझाएर उनीहरू रिहा भएका छन्। केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले उनीहरूलाई डेढ महिनाअघि पक्राउ गरी सरकारी वकिल कार्यालयमार्फत गत २ पुसमा मुद्दा दायर गरेको थियो। पाँच दिनसम्म चलेको बयान र थुनछेक बहसपछि जिल्ला अदालत, काठमाडौंका न्यायाधीश रामचन्द्र खड्काको इजलासले धरौटी माग गरेको हो। नेपाल ट्रस्टको दरबारमार्गस्थित जग्गा यती समूहको थामसेर्कु ट्रेकिङलाई लिजमा लगाउँदा सवा पाँच अर्ब नोक्सान भएको भन्दै सोहीबराबर बिगो माग गरी ठगी मुद्दा दायर भएको थियो। बिगोको तुलनामा न्यून धरौटी माग भएको छ।

राप्रपा र राप्रपा नेपालबिच एकता, चार वर्षपछि फर्किए थापा

काठमाडौं/ राप्रपा र राप्रपा नेपालबिच फेरि एकता भएको छ। २४ माघ ०७८ देखि राप्रपाबाट अलग भएका राप्रपा नेपालका अध्यक्ष कमल थापाले बुधबार एकताका लागि सहमति गरेका छन्। दुवै दलका पदाधिकारी तथा नेताहरूको उपस्थितिमा राप्रपा केन्द्रीय कार्यालय धुम्बाराहीमा आयोजित समारोहमा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र राप्रपा नेपालका अध्यक्ष थापाले एकतामा हस्ताक्षर गरेका छन्। थापाले निसर्त एकता गरेको बताएका छन्। ०७८ माघमा आयोजित पार्टी महाधिवेशनमा लिङ्देनसँग पराजित भएपछि थापाले राप्रपा त्यागेका थिए। त्यसपछि उनले राप्रपा नेपाल पुनर्गठन गरेका थिए। राप्रपामा निर्वाचन जितेका र हारेका नेताहरू समेटेर थापाले राप्रपा नेपालको पुनर्गठन गरेका थिए। थापाले पार्टी विभाजन हुनु दुःखद भन्दै निसर्त एकताका लागि जोड दिँदै आएका थिए। बुधबार दुई नेताले हस्ताक्षर गरेको सहमतिपत्रमा भनिएको छ, 'राप्रपा र राप्रपा नेपालबिच एकता गर्ने सहमति गरेका छौँ। एकता घोषणा सभा ०८२ पुस १६ गते राष्ट्रिय सभामा हुनेछ।' थापाले निर्वाचनमा पराजित हुनुअघि छाडेको कार्यालयमा पार्टी एकता हस्ताक्षर भएको छ। एकतापछि पद बाँडफाँट टुंगिएको छैन।

रविलक्ष्मीको स्वास्थ्य अवस्था बुझ्न डल्लुमा नेताहरू

काठमाडौं/ जेन-जी आन्दोलनका क्रममा डल्लुस्थित घरमा भएको आगलागीमा गम्भीर घाइते भई भारतमा उपचार गरेर फर्किएकी पूर्वप्रधानमन्त्री झलनाथ खनालकी पत्नी प्राध्यापक रविलक्ष्मी चित्रकारको स्वास्थ्य अवस्थाबारे पूर्वराष्ट्रपति, पूर्वप्रधानमन्त्रीसहित विभिन्न दलका नेताहरूले जानकारी लिएका छन्। जीवनमरणको अवस्थाबाट गुज्रिएकी चित्रकारको स्वास्थ्य अवस्था स्थिर र सुधारोन्मुख भएपछि भारतबाट स्वदेश आएकी हुन्। बुधबार नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्ड र सहसंयोजक माधवकुमार नेपालले चित्रकारलाई भेटेर स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन्। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमाले नेता प्रदीप ज्ञवाली, नेकपाका नेताहरू वामदेव गौतम, नारायणकाजी श्रेष्ठ, राजेन्द्र श्रेष्ठलगायत नेताहरूले पनि चित्रकारलाई भेटेर स्वास्थ्य लाभको कामना गरेका छन्। यस्तै, नेकपा (संयुक्त)का नेताहरू जीवनराम श्रेष्ठ र दामोदर अर्यालले पनि चित्रकारलाई भेटेर स्वास्थ्य लाभको कामना गरेका छन्।

किशोरी हत्या प्रकरण : अझै पक्राउ परेनन् मुख्य आरोपी

लहान/ सिराहाको कर्जन्हा नगरपालिका- १, बल्टिया गाउँकी १७ वर्षीया किशोरीको हत्या भएको दुई साता बित्दासमेत मुख्य आरोपी पक्राउ पर्न सकेका छैनन्। बल्टियाका सूर्यनाथ वैद्य (मुसहर) दनुवारकी छोरी अविना दनुवारको हत्या भएको १७ दिन बिते पनि मुख्य अभियुक्तको पहिचान र पक्राउ नहुनुले पीडित परिवारसँगै गाउँलेहरू आक्रोशित भएका छन्।कर्जन्हा- १ का वडाध्यक्ष फणीन्द्रप्रसाद पोखरेलले घटनामा संलग्न आरोपीहरू सार्वजनिक नगरिँदा पीडित परिवारले न्याय नपाउने हो कि भन्ने चिन्ता बढेको बताए। 'प्रहरीले दोषीलाई पक्राउसँगै सार्वजनिक गरी कानुनी प्रक्रिया अगाडि बढाएर पीडित परिवारलाई न्यायको प्रत्याभूति दिलाउनुपर्छ,' उनले भने।घटनामा संलग्नलाई पक्राउ गर्न माग गर्दै स्थानीयले २४ मंसिरमा पूर्व-पश्चिम लोकमार्ग अवरुद्ध हुने गरी आन्दोलन गरेपछि जिल्ला प्रहरी प्रमुखले दोषीलाई पक्राउ गरी सार्वजनिक गरिने प्रतिबद्धता जनाएका थिए।

बिरामीको इच्छाविपरीत महँगा अस्पतालमा नलैजान एम्बुलेन्सचालकलाई सरकारको आग्रह

एम्बुलेन्सचालक प्रयोग गरी बिरामीलाई जबर्जस्ती महँगा अस्पतालमा लगेको भेटिए कारबाहीको चेतावनी

नयाँ पत्रिका

स्वास्थ्य मन्त्रालयले एम्बुलेन्सचालकलाई बिरामीको इच्छाविपरीत निजी तथा महँगा अस्पतालमा नलैजान आग्रह गरेको छ। चालकले एम्बुलेन्सको दुरुपयोग गरेर बिरामीलाई निजी र महँगा अस्पतालमा लैजाने गरेको पाइएपछि मन्त्रालयले बुधबार विज्ञप्ति जारी गर्दै बिरामीको इच्छाविपरीत निजी तथा महँगा अस्पतालमा नलैजान आग्रह गरेको हो।

मन्त्रालयले बिरामीको इच्छाविपरीत महँगा अस्पताल लगेको भेटिएमा चालकलाई कारबाही गर्ने चेतावनीसमेत दिएको छ। मन्त्रालयका अनुसार पछिल्लो समय केही उजुरीसमेत परेका छन्। कतिपय बिरामीले सरकारी अस्पतालमा लैजान भने पनि एम्बुलेन्सचालकहरूले जबर्जस्ती निजी अस्पतालमा लैजाने गरेको गुनासो गर्दै आएका छन्। 'हाल एम्बुलेन्स निर्देशिकाविपरीत बिरामी वा घाइतेलाई एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा प्रेषण गर्दा केही एम्बुलेन्सहरूले आर्थिक प्रलोभनमा परी बिरामीको इच्छा वा अस्पतालको प्रेषण वा प्रेषण केन्द्रको निर्देशनविना निजी तथा महँगा अस्पतालमा लैजाने गरेको भन्ने गुनासाहरू यस मन्त्रालयमा प्राप्त भएका छन्,' मन्त्रालयको सूचनामा भनिएको छ, 'अप्ठ्यारो अवस्थामा परेका बिरामी वा घाइतेलाई सहयोग गर्नुको साटो उनीहरूबाट अवाञ्छित आर्थिक लाभ लिनु अत्यन्तै दुःखद कार्य हो।'

मन्त्रालयले बिरामी बोक्न प्रयोग हुने एम्बुलेन्सको दुरुपयोग नगर्न पनि निर्देशन दिएको छ। मन्त्रालयले बुधबार माहतहका सबै कार्यालयलाई एम्बुलेन्सको निगरानी बढाउन पनि निर्देशन दिएको छ। 'एम्बुलेन्स सेवा निर्देशिका, २०८२' विपरीत कुनै पनि लाभ लिने उद्देश्यले एम्बुलेन्स सञ्चालन गरेमा कानुनी कारबाही गर्ने मन्त्रालयले जनाएको छ। मन्त्रालयको स्वास्थ्य आपत्कालीन तथा विपत् व्यवस्थापन इकाइले मातहतका कार्यालयलाई बुधबार नै पत्राचारसमेत गरेको छ।

'आकस्मिक स्वास्थ्य सेवाका लागि परिचालन हुने एम्बुलेन्स सेवाको सञ्चालनलाई प्रभावकारी, व्यवस्थित, मितव्ययी तथा सेवाग्राहीमैत्री बनाउन यस मन्त्रालयबाट एम्बुलेन्स सेवा निर्देशिका, २०८२ जारी गरिएको छ, निर्देशिकाअनुसार सम्पूर्ण एम्बुलेन्स सेवाहरू प्रेषण केन्द्रमा आबद्ध भई सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ,' सूचनामा भनिएको छ। मन्त्रालयले यस सम्बन्धमा सम्पूर्ण एम्बुलेन्सचालकहरूलाई प्रेषण गरिएको वा बिरामीले चाहेको स्वास्थ्य संस्थामै अनिवार्य रूपमा लैजानसमेत आग्रह गरेको छ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले एक ठाउँबाट रिफर गरेकालाई योभन्दा त्यो अस्पताल राम्रो छ भनेर एम्बुलेन्सचालकले निजीमा लैजाने गरेको बताए। 'हामीकहाँ कतिपय बिरामीले एम्बुलेन्सचालकले ठगेको, बढी भाडा लिएको, एउटा अस्पतालमा रिफर गरिएकोलाई अर्कैमा लैजाने गरेको भनेर गुनासा आइरहेका छन्, यसमा हामीले गम्भीर रूपमा कारबाही गर्छौं,' उनले भने।

कर्मचारी समूह विकासका लागि अध्ययन कार्यदल

काठमाडौं/ मन्त्रालयगत कर्मचारी समूह (क्याडर प्रणाली) विकासका लागि अध्ययन गर्न कार्यदल गठन हुने भएको छ। सोमबार मुख्यसचिव सुमनराज अर्यालको अध्यक्षतामा बसेको सचिवस्तरीय बैठकले कार्यदल गठनबारे निर्णय गरेको हो। पछिल्ला वर्षहरूमा मन्त्रालयगत कर्मचारी समूह भत्किँदै गएको छ। यो प्रणाली भत्किँदा संवेदनशील खासगरी अर्थ मन्त्रालय, गृह मन्त्रालयलगायतको कार्यसम्पादन र गरिमा घट्दै गएको छ। यसैको अध्ययनका लागि कार्यदल गठनको निर्णय गरिएको हो।

विभिन्न मन्त्रालय र निकायमा कर्मचारीको छिटो-छिटो सरुवा हुँदा संस्थागत स्मृति नरहने, कर्मचारीको ज्ञान, सिप, अनुभवको उपयोग गर्न नसकिने विद्यमान अवस्थाले निजामती सेवाको व्यवसायिकता तथा कार्यकुशलतामा ह्रास आउँदै गरेको गुनासोबिच यसबारे अध्ययनका लागि कार्यदल गठनको निर्णय भएको सार्वजनिक गरिएको निर्णयमा उल्लेख छ। मन्त्रालयगत कर्मचारी समूह विकासका लागि अध्ययन गरी प्रतिवेदन पेस गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सचिवको संयोजकत्वमा अध्ययन कार्यदल गठनको निर्णय सचिव बैठकले गरेको हो।

■ त्रिविको ५१औँ दीक्षान्त समारोह आज

२४ विद्यार्थीले पाउँदै छन् सर्वोत्कृष्ट पदक

शिवहरि घिमिरे/नयाँ पत्रिका



त्रिभुवन विश्वविद्यालयको ५१औँ दीक्षान्त समारोह बिहीबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हुँदै छ। समारोहमा कुलपति तथा प्रधानमन्त्री सुशीला कार्की, भौतिकशास्त्रमा नोबेल पुरस्कार विजेता जापानको टोकियो विश्वविद्यालयका ताकाआकी काजिता उपस्थित हुँदै छन्। दीक्षान्त समारोहमा २४ विद्यार्थीले सर्वोत्कृष्ट पदक पाउँदै छन्। समारोहमा १६ हजार ३८० विद्यार्थी सहभागी हुनेछन्।

त्रिविले समारोहमा विद्यार्थीको भिड हुने भएकाले तह, संकाय र विषयअनुसार रंगशालामा विद्यार्थीको सिट प्लानिङ गरेको छ। सर्टिफिकेट वितरणका लागि पनि तह, विषय, विभाग र संकायअनुसार व्यवस्था गरिएको त्रिविका उपकुलपति प्राडा दीपक अर्यालले जानकारी दिए। उनका अनुसार यस वर्ष स्नातक तहदेखि पिएचडीसम्म ८९ हजार १९९ विद्यार्थी उत्तीर्ण भए पनि निकै कमले फाराम भरेका थिए। अर्को वर्ष त्रिविले प्रादेशिक तहमै दीक्षान्त समारोह गर्ने योजनासमेत बनाएको छ। त्रिवि परीक्षा नियन्त्रक कार्यालयका सहकन्ट्रोलर कविराज पोखरेलका अनुसार समारोहमा बाहिरी तथा पास नभएका व्यक्तिलाई रोकिनेछ। 'दीक्षान्त समारोहमा विद्यार्थीलाई सहज होस् भनेर ठाउँ विभाजन गरेका छौँ,' उनले भने, 'सर्टिफिकेट वितरण गर्ने ठाउँ पनि व्यवस्थित छ।'

एउटै विद्यार्थीले पाउँदै छन् तीनवटासम्म पदक

दीक्षान्त समारोहमा यसपटक एकजना विद्यार्थीले तीनवटा र दुईजनाले दुई-दुईवटा पदक पाउँदै छन्। कतिपयले विषय, संकाय र विभाग टप गरेपछि एउटै विद्यार्थीले तीनवटासम्म पदक लिन लागेका हुन्। यसपटक तीनवटा पदक पाउनेमा बुटवल बहुमुखी क्याम्पसबाट अर्थशास्त्र विषयमा स्नातकोत्तरमा सर्वप्रथम (३.७७ सिजिपिए) भएका कमल पौडेल छन्। उनलाई तारापद चौधरी स्वर्ण पदक, खगेन्द्रमानसिंह प्रधान र चन्द्रराज ढुंगेल स्मृति पुरस्कार प्रदान गरिँदै छ। दुई पदक पाउनेमा राजनीतिक शास्त्र केन्द्रीय विभागकी प्रतिभा पौडेल छिन्। उनलाई ललित चन्द पुरस्कार र बडाकाजी मरिचमान सिंह पुरस्कार प्रदान गरिँदै छ। उनले ३.७९ सिजिपिए ल्याएका छिन्। दुईवटा पदक पाउनेमै फुर्वा शेर्पा छन्। उनलाई भ्वाइथ सत्य माँ स्मृति स्वर्ण पदक र भाइस चान्सलर पदक प्रदान गरिँदै छ।

त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ सहिद उपप्राध्यापक हरिराज अधिकारी स्वर्ण पदक व्यवस्थापन संकायअन्तर्गत एमफिल तहमा सर्वोत्कृष्ट अंक (३.९४ सिजिपिए) प्राप्त गरेका विशाल जोशीलाई प्रदान गरिने भएको छ। इन्द्रभक्त श्रेष्ठ स्वर्ण पदक स्कुल अफ म्यानेजमेन्टमा अध्ययनरत एमबिए तहमा सर्वोत्कृष्ट अंक ल्याएकी रक्षा भेटुवाललाई प्रदान गरिँदै छ। उनले ९.३३ सिजिपिए ल्याएकी छिन्। मदन विद्या वातावरण विज्ञान पदक र पुरस्कार वातावरण विज्ञान केन्द्रीय विभागमा एमएस्सी वातावरण विज्ञान विषयमा प्रथम भएकी निरु बस्नेतले पाउने भएकी छिन्। उनले प्राप्त गरेको सिजिपिए ३.९२ रहेको छ। नेबैंली सरदार गुञ्जमानसिंह स्वर्ण पदक एमबिएसमा उत्कृष्ट भएका शंकरदेव क्याम्पसका सुनील पुडासैनीलाई प्रदान गरिँदै छ। उनले ३.८२ सिजिपिए ल्याएका छन्। रामकृष्ण न्हुच्छे प्रधान पुरस्कार सरस्वती बहुमुखी क्याम्पसबाट एमबिएसमा ३.७९ सिजिपिए ल्याएकी समिता महर्जनले पाउँदै छिन्।

रुद्रकुमारी घिमिरे स्मृति पदक काठमाडौं कलेज अफ साइन्स एन्ड टेक्नोलोजीबाट माइक्रोबायोलोजीमा एमएस्सी टपर रवीन्द्र पण्डितलाई प्रदान गरिँदै छ। उनले ३.७६ सिजिपिए प्राप्त गरेका छन्। यसपटकको डा. दुवसु क्षेत्री स्वर्ण पदक त्रित्रि कीर्तिपुर अन्तर्राष्ट्रिय सम्बन्ध तथा कूटनीति विषयमा स्नातकोत्तर तहमा ३.७९ ल्याउने सुजन लामिछानेलाई प्रदान गरिँदै छ। शान्तिनारायण मिश्र पदक पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागबाट स्नातकोत्तर तहमा पुस्तकालय विज्ञान विषयमा ३.७३ सिजिपिए प्राप्त गरेकी रस्मिता कार्कीले पाउँदै छिन्। त्रिवि पत्रकारिता विभाग टपर अनुशा रोकालाई नारायण शान्ति मिश्र पदक प्रदान गरिँदै छ। उनले ३.७३ सिजिपिए ल्याएकी छिन्। यसपटकको सुमन रिजाल पदक समाजशास्त्र केन्द्रीय विभाग विश्वविद्यालय क्याम्पस कीर्तिपुरबाट स्नातकोत्तर तह टपर सौरभ कोइरालालाई प्रदान गर्न लागिएको छ। उनले सबैभन्दा धेरै ३.७० सिजिपिए ल्याएका छन्। रामविक्रम/शान्ता सिजापति पदक भाषाविज्ञान केन्द्रीय विभागमा स्तानकोत्तर तह टपर आर्यान भट्टराईलाई प्रदान गरिँदै छ। प्रीतम चित्रकार पुरस्कार नेपाल एकेडेमी अफ टुरिजम एन्ड होटेल म्यानेजमेन्टबाट स्नातक तहमा होटेल म्यानेजमेन्ट टपर उबेन्द्रकुमार तामाङलाई प्रदान गर्न लागिएको छ।

लोकराज ज्ञवाली पदक र पुरस्कार नेपाल ल क्याम्पसबाट बिएएलएलबीमा उत्कृष्ट (सिजिपिए ३.८०) भावना अधकारीलाई प्रदान गरिँदै छ। त्यस्तै, शिवराज पन्त स्मृति पुरस्कार ख्वपः कलेज अफ इन्जिनियरिङबाट स्नातक तहमा उत्कृष्ट (८६.०६ सिजिपिए) ल्याउने गौरव भुसाललाई प्रदान गरिँदै छ। नेबैंली छत्रबहादुर पदक मकवानपुर बहुमुखी क्याम्पसबाट बिबिएसमा उत्कृष्ट अन्वेश पोखरेललाई प्रदान गरिँदै छ। त्यस्तै, टीकाबल्लभ डिलकुमारी घिमिरे स्मृति पदक सेन्ट जेभियर्स कलेजबाट बिएस्सी माइक्रोबायोलोजी विषयमा उत्कृष्ट अग्रनी पौडेलले प्राप्त गर्दै छिन्। उनले ८४ सिजिपिए ल्याएकी छिन्। यस वर्षको ज्ञानप्रसाद पुरस्कार स्नातक तह (बिए)मा उत्कृष्ट सुभाषी कार्कीले पाउने भएकी छिन्।

नयाँ वैचारिकी, विश्वव्यवस्था र नेपाल

आजको विश्व व्यवस्था र टकरावबिच प्रकृतिवाद, वैज्ञानिक मानवतावाद र मौलिक समाजवादको महत्त्व कैयौं गुणा बढेको छ



● नवराज सुवेदी

अग्रलेख

■ **पृष्ठभूमि** : हामीले गत महिना जनयुग पार्टी र नेपाली जनता दलबिच एकीकरण गरी नेपाली जनता दल पुनर्गठन गरेसँगै धेरैले हामीमाथि यो प्रश्न तेर्स्याएको पाइन्छ- पुँजीवाद वा समाजवाद कुन कित्ताको हो, तपाईंहरूको यो पार्टी ? प्रश्न गराइको यो पुरानो तरिका र शैली हो । कम्तीमा एक्काइसौं शताब्दीको पहिलो चौथाइसम्म आइपुग्दा सबैलाई के हेक्का हुनपर्ने हो भने पुँजीवाद र साम्यवादको शीतयुद्धकालीन पुरातन मोडल आज संसारमा कतै छैन । त्यसैले, हाम्रो सोझो उत्तर छ- न पुरानो पुँजीवाद, न साम्यवाद । हाम्रो मोडल हो(प्राकृतिक, मौलिक र वैज्ञानिक मानवतावाद । यसबारे हाम्रो आफ्नै तर्क छ । पुरानो आर्थिक अवस्था र त्यसबाट निर्देशित हुने सामाजिक मान्यतामा विश्वस्तरमै चार दशकमा भयानक परिवर्तन भइसकेका छन् ।

सन् १९८९ नोभेम्बरमा बर्लिन पर्खाल ढल्यो । त्यसै डिसेम्बर १९९१ मा सोभियत संघ विघटनसँगै सात दशक लामो कम्युनिस्ट शासन पतन भयो । यी दुवैले शीतयुद्धको अन्त्य र नवीन लोकतान्त्रिक युग सूत्रपातको सन्देश दिए । तर, सोभियत संघ विघटन भई लामो समयदेखिको कम्युनिस्ट शासनको पतनलाई फ्रान्सिस फुकुयामाजस्ता लेखकले सन् १९९२ मा 'एन्ड अफ द हिस्ट्री एन्ड लास्ट म्यान' पुस्तकमा कम्युनिस्ट व्यवस्थाको अन्त्य भएको र पुँजीवादी प्रजातान्त्रिक व्यवस्थाको दिग्विजय भएको ठानेका थिए । हुन पनि पुस्तक प्रकाशनपछि विश्वका पाँच दर्जन मुलुकमा प्रजातान्त्रिक प्रणाली स्थापना भएर त्यसको पक्षमा उल्लास नै मनाइयो । तर, आश्चर्य के छ भने त्यस्तो उल्लास धेरै समय टिकेन । त्यसको तीन दशकपछाडि नै अमेरिका र युरोपबाटै प्रजातान्त्रिक व्यवस्थालाई चुनौती दिने गरी दक्षिणपन्थी राष्ट्रवाद र लोकप्रियतावादको जन्म भयो । त्यसो त 'दक्षिणपन्थी राष्ट्रवाद'लाई जन्म नभनी पुनर्जन्म भन्नु बढी उपयुक्त हुन्छ । किनकि, दक्षिणपन्थी राष्ट्रवाद त्यसअघि बीसौं शताब्दीमै इटलीमा फासीवाद, जर्मनीमा नाजीवादका रुपमा देखा परेको थियो ।

■ **नयाँ विश्वव्यवस्था र नयाँ वैचारिकी** : एक्काइसौं शताब्दीको सुरुदेखि युरोप र अमेरिकामा दक्षिणपन्थी राष्ट्रवाद पुनः मौलाउँदै गएको पाइन्छ । अमेरिकामा डोनाल्ड ट्रम्पको उदय र युरोपका प्रायः मुलुकमा अहिले यसप्रकारको प्रवृत्ति बढ्दै गएको छ । कतिपय युरोपेली मुलुक, जस्तै- इटाली, हंगेरी, अस्ट्रिया, नेदरल्यान्ड, फिनल्यान्ड र स्विडेनमा दक्षिणपन्थी राष्ट्रवादीले सत्ता चलाइरहेका या सत्ता साझेदारी गरिरहेका छन् । दक्षिणपन्थी राष्ट्रवादी आन्दोलन लोकप्रियतावादसँग घनिष्ट रूपले जोडिएको छ । यिनले भूमण्डलीकरण र आप्रवासनको चर्को विरोध गर्दै जातिवादी, नश्लवादी र पुरातन मान्यतालाई बढावा दिइरहेका छन् । बेलायतमा जनमतसंग्रहमार्फत युरोपेली संघबाट छुट्टिने पक्षमा भएको निर्णयलाई पनि दक्षिणपन्थी राष्ट्रवादको लहरकै परिणाम ठानिन्छ । पश्चिमाहरूको सैन्य गठबन्धन नाटोलाई पूर्वी युरोपपट्टि विस्तार गर्न खोजेको सत्य हो । तर, त्यसको विरोधका नाउँमा रुसमा भ्लादिमिर पुटिनले पनि दक्षिणपन्थी राष्ट्रवादकै नीति पक्रिएका छन् । वास्तवमा पुटिनले पनि दक्षिणपन्थी राष्ट्रवादकै आडमा आफ्नो अधिनायकवादी शासन लम्ब्याइरहेका छन् । यता डोनाल्ड ट्रम्प केवल दक्षिणपन्थी राष्ट्रवादका पक्षमा मात्र देखिएका होइनन्, यिनले राष्ट्र संघ र त्यसअन्तर्गतका विशेषज्ञ संस्थाको खुला निन्दा गर्दै तिनलाई चुनौतीसमेत दिइरहेको देखिन्छ । संयुक्त राष्ट्र संघ, विश्व व्यापार संगठनको आधारभूत मान्यताविरुद्ध खडा भएर उनले बहुपक्षीयतावादविरुद्ध संरक्षणवादी नीति अँगालेका छन् र मनपरी आयात कर थोपरेर चीन, युरोप र आफ्नो मित्र पंक्तिका क्यानडासमेतलाई चिढ् याइरहेको अवस्था छ । यस्तो स्थितिले सन्तुलित विश्व व्यवस्था, लोकतान्त्रिक प्रणाली, विश्व शान्ति र भाइचारको मान्यतामा कुठाराघात भई सर्वसत्तावादी शासन हाबी भइरहेको छ । तर, दक्षिणपन्थी राष्ट्रवादको विश्वव्यापी विरोध पनि जारी छ । अमेरिका, युरोप र चीनका कैयौं आधुनिक लेखक, अर्थशास्त्री, समाजशास्त्री, मानवशास्त्री, विकासशास्त्रीले पुरानो राज्यकेन्द्रित समाजवाद मात्र नभई बजार नियन्त्रित पुँजीवाद र दक्षिणपन्थी राष्ट्रवाद अब पतन हुँदै जाने निष्कर्ष निकालेका छन् ।

वस्तुतः आजको यस किसिमको विश्व व्यवस्था र टकरावबिच प्रकृतिवाद, वैज्ञानिक मानवतावाद र मौलिक समाजवादको महत्त्व कैयौं गुणा बढेर गएको छ । राज्यकेन्द्रित समाजवाद र परम्परागत पुँजीवाद दुवै वैचारिक धाराको सन्दर्भ धेरै हदसम्म हराइसकेको छ । एकातिर राज्यकेन्द्रित समाजवादमा वैयक्तिक उत्प्रेरणालाई सम्पूर्ण अवमूल्यन गर्दै सबैतिर राज्यको सर्वोपरितामा जोड दिँदै गर्दा राज्यले नोकरशाही र अधिनायकवादी रूप ग्रहण गऱ्यो । अर्कातिर राज्यसत्ता र पार्टीसत्ता अद्यावधिक र अनुमोदित नहुने, वैकल्पिक र प्रतिस्पर्धी शक्तिको अस्तित्व पनि स्वीकार नगर्नाले समाजवादी भनिए पनि यो पूरै निरंकुश शासनमा बदलियो । यता परम्परागत पुँजीवादले मुनाफामा मात्र जोड दिनाले सामाजिकता गुमाउँदै गयो । त्यसरी परम्परागत पुँजीवाद र राज्यकेन्द्रित समाजवाद दुवैको असफलताले नयाँ वैचारिकी, नयाँ अर्थव्यवस्थाको जन्मलाई मार्ग प्रशस्त गर्दै लग्यो । परिणाम हिजोको स्थिति बदलियो ।

आज वैयक्तिक स्वतन्त्रता, व्यक्तिको स्वतन्त्र छनोटको अधिकार मानव मात्रको जन्मसिद्ध अधिकार बनेको छ । यी सार्वभौम र हस्तक्षेपबाट माथि रहेका अधिकार हुन् । अभ्यासले के पुष्टि गरेको छ भने प्राकृतिक जीवन, शान्ति, सुरक्षा, प्राकृतिक न्याय, व्यक्तिगत सम्पत्ति र परिवारजस्ता विषय मानव समाजबाट कहिल्यै पनि विघटन हुन सक्दैनन् । यिनीहरूमाथि नियन्त्रण गर्नु भनेको केवल अधिनायकवादतर्फ लम्किनु हो । सुशासनयुक्त र विधिको शासनमा आधारित राज्य व्यवस्था स्थापना भएमा नागरिक स्वतः कर्तव्यपथमा बाँधिन्छन् । निश्चय नै समाजमा छिटफुट केही हानिकारक र खराब प्रवृत्ति देखिन सक्छ । तिनमाथि राज्यले विधि, प्रक्रियापूर्वक नियन्त्रणको अधिकार राख्छ । जब राज्यव्यवस्था आफैं नैतिकवान् र सुयोग्य व्यक्तिबाट सञ्चालन हुन पुग्छ, नागरिकमा कानुन र कर्तव्यपालनाको भावना सयौं गुणा बढ्छ । त्यसैले, वैयक्तिक स्वतन्त्रतामाथि अवाञ्छित हस्तक्षेप गर्ने जुनकुनै शासन प्रणाली पनि अबको दुनियाँमा टिक्न सम्भव छैन ।



> उन्नाइसौं र बीसौं शताब्दीमा विकसित हुँदै प्रयोगमा आएका वैचारिकी र दर्शनको अवधारणालाई यस शताब्दीमा 'कपी-पेस्ट' गरेर प्रयोग गर्न खोज्नु अवैज्ञानिक र अवस्तुवादी तर्क हो

अर्थतन्त्रका क्षेत्रमा बजार नियन्त्रित पुँजीवाद पनि आज असफल भइरहेको छ । बजार नियन्त्रित पुँजीवादले उत्पादन वृद्धि गर्नु त सकारात्मक हो, तर त्यो असफल हुनुको प्रमुख कारण त्यसको सामाजिकता पूरै हराउनु हो । अर्थात्, एकतर्फी नाफामा जोड दिनुले त्यो असफल भएको हो । त्यसले व्यक्तिगत सम्पत्तिको असीमित सञ्चयलाई प्रश्रय दिन्छ । त्यसैले आजको विश्वमा साम्यवादीहरूले भन्ने गरेजस्तो उत्पादनका सबै साधनको राष्ट्रियकरण असम्भव छ । ठिक त्यस्तै प्रकारले प्रजातन्त्रवादीले भनेजस्तो बेलगाम पुँजी संरचनालाई छुट दिन पनि सकिँदैन । त्यसैले, नेपालमा पनि बजार र उत्पादन अनि बजार र योजनाबिच उचित समन्वय गर्ने कार्यक्रम र अर्थप्रणाली जरुरी छ । आजको नेपालमा सामुदायिक उत्पादन र व्यवस्थापन प्रणाली लागू गर्नका लागि राज्य र निजी क्षेत्रको परस्पर सहयोगात्मक भूमिका विकास गर्नु अपरिहार्य छ । विगतको राज्यकेन्द्रित समाजवाद र बजार पुँजीवाद दुवैले छुट्टाछुट्टै कोणबाट राज्यसत्ताको अति केन्द्रीकरण वा नोकरशाहीकरण गरेका छन् । यसको सट्टा मौलिक समाजवादी मान्यताले एकातिर राज्यको सट्टा समुदायलाई बढीभन्दा बढी अधिकार प्रदान गर्नेछ भने अर्कातिर पुँजीलाई विकेन्द्रित र सामुदायीकरण गरी राज्यको अनिवार्य सामाजिक दायित्वलाई विस्तार गर्नेछ ।

■ **पुँजी निर्माण आजको आवश्यकता** : नेपालको अहिलेको स्थिति हेर्दा पुँजी निर्माण अहं विषय हो । पुँजी निर्माणको अर्थ आमनागरिकले सुविधा लिन सक्ने अस्पताल, विद्युत्, रेल, सडक, पुल, शिक्षण संस्था र उद्योग सबैको निर्माण र विकासका लागि पुँजी नभई हुँदैन । पुँजीको निर्माण नभई हामी सुखी र सम्पन्न हुन असम्भव छ । युवाको विदेश पलायनलाई पनि पुँजी निर्माणले मात्रै रोक्न सक्छ । पुँजीको उत्पादकत्व बढाउन सरल र सहज कानुनी एवं संरचनात्मक व्यवस्था, सुशासनयुक्त राज्य प्रणाली आवश्यक छ । किनकि, यस्तो राज्यप्रणालीले मात्र व्यक्ति र कम्पनीको आय बढ्छ । त्यस्तो आयले समग्र राज्यको राजस्वमा समेत बढोत्तरी हुन्छ । अनि त्यसरी राजस्व बढेमा सामाजिक सुरक्षा प्रदान गर्न सहज हुन्छ । परन्तु, राज्यकेन्द्रित समाजवादको अवधारणाले उत्पादनभन्दा उपभोगमा जोड दिन्छ । अब सवाल उठ्छ, जहाँ उत्पादन छैन भने उपभोग कसरी होला ? त्यसैले, पुँजी निर्माण र प्रवर्द्धन आजको राष्ट्रिय आवश्यकता हो । यसलाई नजरअन्दाज गर्ने कुनै पनि अर्थनीति सफल हुन सक्दैन ।

■ **प्रकृति र वातावरण संरक्षणको अपरिहार्यता** : आजको विश्वलाई सबैतिर पिरोलेको अर्को गम्भीर समस्या हो- जलवायु परिवर्तन र वातावरणको विनाश । यसका पछाडि पनि ठुला औद्योगिक मुलुकले उत्सर्जन गरेको हरितगृह ग्यास बढी जिम्मेवार छ । यस्तो ग्यासको प्रभावले पृथ्वी तातेर गएको छ । पृथ्वीमा कार्बनडाइअक्साइड, मिथेन, नाइट्रस अक्साइडजस्ता ग्यास अत्यधिक बढ्न गई मानव र समग्र जीवजन्तुको स्वास्थ्य र जलवायु प्रक्रियामै नकारात्मक प्रभाव पारेको छ । वातावरणमा भएको प्रदूषणका कारण मानव मात्र नभई हजारौं चराचुरुंगी तथा जीवजन्तुसमेत लोप हुँदै छन् । अन्तर्राष्ट्रिय स्तरमा वातावरण संरक्षणका सन्दर्भमा कैयौं सम्मेलन आयोजना भई घोषणापत्र पारित भएका छन् । विभिन्न सन्धि भए पनि तिनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । नेपाल वातावरण संरक्षण तथा संकटापन्न वनस्पति तथा वन्यजन्तुको बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय सन्धिको पक्ष राष्ट्र हो । तैपनि, यस्ता सन्धि व्यावहारिक रूपमा कार्यान्वयन भएका छैनन् । तसर्थ, जलवायु परिवर्तन र वातावरण संरक्षण आजको दिनमा राष्ट्रिय-अन्तर्राष्ट्रिय दुवै हिसाबले महत्त्वपूर्ण मुद्दा हो । यसलाई हामीले प्रमुखतासाथ उठाउने संकल्प गरेका छौं ।

■ **वैज्ञानिक मानवताको अवलम्बन** : आजको विश्वमा लोकप्रियतावाद र उपभोक्तावादले मानव समुदाय र व्यक्तिबिच स-साना स्वार्थको द्वन्द्व र कटुता बढाएको छ । जात, धर्म र नश्लका आधारमा पैदा गरिने संकीर्ण विभाजन, वैमनश्य र विखण्डनले मानवीयता मर्दै गएको छ । क्षणिक स्वार्थ र सत्ताप्राप्तिका लागि विश्वमै र नेपालमा समेत साम्प्रदायिक, धार्मिक, क्षेत्रीयतावादी तथा विद्वेष र टकराव देखा पर्ने गरेका छन् । यस्ता प्रकारका गलत प्रवृत्तिलाई निरुत्साहित गर्न त्यससम्बन्धी जनचेतना सबै क्षेत्रबाट बढाउन आवश्यक छ । राज्य र नागरिकस्तरमा समेत यस्तो सचेतना प्रवर्द्धन गर्नुपर्छ ।

राज्यले समानताका आधारमा सबैलाई बराबरी न्याय प्रदान गर्नुपर्छ । राज्य आफैं क्षेत्रीयतावादी, धार्मिक र साम्प्रदायिकताका भावनामा सधैं तटस्थ रही तिनको मानवोचित र न्यायपूर्ण समाधानमा लाग्नुपर्छ । तसर्थ, हाम्रो वैचारिकीको अर्को मुख्य मान्यता वैज्ञानिक मानवतावादको अवलम्बन हो, जसमा राज्य तटस्थ रहने र सबै मानवताविरोधी कुरीति, कुसंस्कार एवं अन्धविश्वासलाई हटाउँदै लैजाने प्रक्रियामा राज्य असल पहलकर्ता र सहजकर्ता बन्न सक्नुपर्छ । समष्टिगत रूपमा भन्ने हो भने उन्नाइसौं र बीसौं शताब्दीमा विकसित हुँदै प्रयोगमा आएका वैचारिकी र दर्शनको अवधारणालाई यस शताब्दीमा 'कपी-पेस्ट' गरेर प्रयोग गर्न खोज्नु अवैज्ञानिक र अवस्तुवादी तर्क हो । विज्ञान, प्रविधि र मानव चेतनामा निरन्तर भएको विकासको परिप्रेक्ष्यमा पहिलेका वैचारिकी र दार्शनिक अवधारणाको विकास गरेर अगाडि बढ्नु नै बुद्धिमत्तापूर्ण हुन जान्छ । त्यसो नगरी तिनैलाई हुबहु लागू गर्न खोजेमा न देशको आर्थिक, सामाजिक विकास हुन्छ, न त विश्व शान्ति, भाइचारा र वैज्ञानिक मानवतावादको प्रवर्द्धन नै हुन्छ । अतः नयाँ वैचारिकीको विकास र आजको आर्थिक, सामाजिक परिवेशमा त्यसको प्रयोग नै नेपालको अहिलेको अनिवार्य आवश्यकता हो ।

(पूर्वराजदूत सुवेदी नेपाली जनता दलका कार्यकारी अध्यक्ष हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **हरि रोका**लाई



■ **सरकारको सय दिनलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

यो 'टेक्नोक्र्याट्स'हरूको सरकार हो । टेक्नोक्र्याट्सहरूमा राजनीतिक सुझबुझ कम हुन्छ । उनीहरूले राजनीतिलाई कम आँक्छन् । राजनीतिलाई कम महत्त्वको विषय ठान्छन् र अरूलाई खेल्ने 'स्पेस' दिन्छन् । राजनीतिक सुझबुझ नै कमजोर भएपछि 'परफर्मेन्स' पनि कमजोर हुने नै भयो । त्यसैले, यो सरकार मूल उद्देश्यबाटै अलिकति विचलित भएजस्तो देखिन्छ । सरकारको अहिलेसम्मको गति र कार्य सम्पादन नियाल्दा उसलाई गठन हुँदा दिइएको 'ड्युटी' पूरा गर्न नसक्ने पो हो कि भन्ने आशंका बढेको छ ।

■ **सुशासन प्रवाह र भ्रष्टाचार नियन्त्रणमा सरकार कहाँनेर उभिएको पाउनुहुन्छ ?**

जेन-जी ओन्दोलको मूल मुद्दा नै सुशासन र भ्रष्टाचार नियन्त्रण थियो । आन्दोलनको रापतापमा बनेको हुनाले यो सरकारले यी विषयमा धेरै गर्न पनि सक्थ्यो । सुशासनका लागि मन्त्रीहरूले भित्रभित्रै राम्रै काम गरिरहनुभएको पनि होला । तर, बाहिरबाट प्रत्यक्ष अनुभूत हुने काम खासै देखिन्न । सुशासन प्रवाह र भ्रष्टाचार नियन्त्रणसँगै दलहरूसित संवाद गरी घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने माहोल तयार गर्नुपर्नेमा पनि सरकार अलमलिइरहेको देखिन्छ । सरकारले भ्रष्टाचार नियन्त्रणका लागि शक्तिशाली आयोग बनाएर छानबिन गराउने समय पनि गुज्रिसक्यो । आन्दोलनमा भएको अत्यधिक बल प्रयोग र हिंसाबारे भइरहेको छानबिन पनि निकै सुस्त देखिन्छ ।

■ **भनेपछि सरकारले आफूलाई सुम्पिएको कार्यभारको 'ट्रयाक' छाडिसक्यो त ?**

ट्र्याकै छोडिसक्यो भन्न त मिलेन । उहाँहरूले निर्वाचन गराउँछौं भनिरहनुभएको छ । तर, यतिखेर निकट विगतका ठुला दलहरूले संसद् पुनर्स्थापनाको माग लिएर अदालत गएकाले त्यहाँबाट छिटोभन्दा छिटो यससम्बन्धी न्याय निरुपण हुनुपर्छ । अन्यथा, निर्वाचनको माहोल बिथोलिन सक्छ । सर्वोच्चबाट कस्तो फैसला आउने हो भनेर प्रतीक्षा गर्दै गर्दा चुनावी तयारीको जाँगर नचल्न पनि सक्छ । जनता पनि अन्योलमै छन् । स्वयं सरकार र दलहरूले पनि अदालतलाई नै पर्खिरहेजस्तो देखिन्छ ।

प्रेरक प्रसंग

आत्मविश्वासको परिणाम

कुनै समय सम्पूर्ण युरोप एथेन्स सेनाको दबदबाबाट सन्त्रस्त थियो । सबैले एथेन्स सेनालाई अजेय सम्झिन्थे । एथेन्स सेना र शासकको धाक, धम्कीले सबै युरोपेली देश त्रसित रहन्थे । एथेन्स सेनाले जहाँ-जहाँ आक्रमण गर्थ्यो, त्यहाँ-त्यहाँ उनीहरूको विजय सुनिश्चित नै मानिन्थ्यो । अधिकांश मुलुकले एथेन्स सेनाको आक्रमणसँगै हिम्मत गुमाएर आफ्नो हार स्विकार्थे ।



त्यतिखेर रोमका सेनापति सिजर थिए । उनी एथेन्सको विजय अभियान र सबैको पराजित मानसिकताका कारण हैरान थिए । एथेन्ससित उच्च आत्माभिमान र आत्मबल थियो भने बाँकी विश्वसित कमजोर आत्मबल थियो । जसका कारण उनीहरू सबैले एथेन्सलाई अजेय र आफूलाई अत्यन्त दुर्बल ठान्थे ।

जबसम्म रोमवासीको यस्तो सोचमा परिवर्तन ल्याएर उनीहरूमा उत्साह भर्न सकिन्न, तबसम्म एथेन्सको सेनामाथि विजय प्राप्त गर्न सम्भव छैन भन्ने सेनापति सिजरले राम्ररी बुझेका थिए । एक रात रोमका सेनापति सिजरले देशभरका हरेक नागरिकको घरको भित्ताभित्तामा लेखाए- एथेन्स सेना तबसम्म अजेय छ, जबसम्म हामी उनीहरूसामु घुँडा टेकेर बसिरहन्छौं । त्यसैले, आउनुहोस्, हामी सबै आआफ्ना दरिला खुट्टा तनक्क तन्काएर उठौं ।

यस लेखाइको रोमवासीमा अत्यन्त ठुलो प्रभाव पऱ्यो । उनीहरू निकै उत्साहित भए । एथेन्स सेनासित उनीहरूले डटेर युद्ध गरे । अन्त्यमा अजेय ठानिने एथेन्स सेना रोमसित पराजित भयो ।

टिप्पणी nayapatrikaofficial @naya_patrika

बयान दिनुको विकल्प छैन

यतिखेर पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकले जेन-जी आन्दोलनमा भएको मानवीय तथा भौतिक क्षतिको छानबिन गर्न गठित जाँचबुझ आयोगमा बयानका लागि नजाने भनिरहेका छन् । तर, देशको नियम, कानुन मान्दिनँ भन्न कसैले पनि पाउँदैन । त्यसैले आयोगले बोलाएपछि आयोगमै गएर बयान दिनुको विकल्प छैन ।

● **स्वस्तिका विक**, वीरेन्द्रनगर-६, सुर्खेत



११ पुसमा बयान दिन आउन रमेश लेखकलाई जाँचबुझ आयोगको पत्र

■ रघुवीरको टिप्पणीप्रति जाँचबुझ आयोगको ध्यानाकर्षण

लेखकको बयान सकिएपछि ओलीलाई बोलाइने

यसअघि आफूले सम्हालेको जिम्मेवारी, आजसम्मको योगदान, आफूमाथि लागेका आरोपबारे स्पष्ट पार्ने अचुक अवसर मिलेको छ । किनकि, तपाईं कानुनका ज्ञाता, पटकपटक मन्त्री भइसकेको तथा राज्यको जिम्मेवार पदको उपयोग गरिसकेको व्यक्ति हुनुहुन्छ । कानुन र संविधानलाई तपाईंले बलमिच्याइँ पक्कै गर्नुहुन्न जस्तो लाग्छ । तपाईं केपी ओली र एमालेको लहैलहैमा नलाग्नुहोस् । कांग्रेस एमालेसँग सती जाँदा पार्टीमा अमूल्य योगदान दिने लाखौं कार्यकर्ताको अवमूल्यन भइरहेको छ । चेतना भया ... !

● **शैलेन्द्र कुँवर**
(नयाँ पत्रिका फेसबुक पेजबाट)

पोखरेललाई बधाई

एमालेमा शालीन नेताका रूपमा परिचित ईश्वर पोखरेलले अध्यक्ष पदमा प्राविधिक रूपमा हार्नुभए पनि उहाँले जित्नुभएको ठानेको छु, मैले । तसर्थ म उहाँलाई बधाई दिन्छु । उहाँले किन र कसरी जित्नुभयो भने विगत केही वर्षयता एमालेमा केपी ओलीको एकछत्र राज थियो । ओलीविरुद्ध कोही प्रतिस्पर्धामा आउन नसकिरहेको वेला उहाँले त्यो जोखिम मोल्नुभयो । दोस्रोमा ओलीको दबदबामा पनि ५६४ मत ल्याउनु चानचुने होइन । स्वतन्त्र र निष्पक्ष चुनाव भएको भए उहाँले सहजै जित्नुहुने थियो भन्ने यो नतिजाले बताएको छ ।

पोखरेल अध्यक्षमा नउठ्नुभएको भए ओली निर्विरोध हुने पक्का थियो । उहाँको उम्मेद्वारीले एमालेभित्र केही प्रजातान्त्रिक संस्कार छ भन्ने देखाएको छ । भलै एमालेभित्र रहेका युवाले पुस्तान्तरण चाहेनन् । तर, पोखरेलको उम्मेद्वारीलाई पुस्तान्तरणको एक अभियान ठानेको छु मैले । साथै उहाँको उम्मेद्वारी नयाँ र सबल नेतृत्वका निम्ति थियो र जेन-जी आन्दोलनको मर्मलाई पनि समेट्न सक्ने अवस्था थियो । अहिले ओलीका कारण एमाले पूर्ववर्चस्व गुमाएर निकै तल खस्कने अनुमान गरिँदै छ । पोखरेल अध्यक्ष हुनुभएको भए एमालेको लोकप्रियता निश्चितै बढ्ने थियो भन्ने मलाई लाग्छ ।

केही गरी २१ फागुनमा चुनाव भएमा कांग्रेसले एमालेसित गठबन्धन गरेन भने एमाले अहिलेको ७९ सिटबाट धेरै तल झर्ने निश्चित छ । सम्भवतः ओलीले नै चुनाव जित्न गाह्रो पर्लाजस्तो मलाई लाग्छ ।

● **ज्यो. रत्ननिधि रेग्मी 'शुक्राचार्य'**
महाकवि देवकोटा आश्रम, काठमाडौं
shukracharya@yahoo.com.au

नाइजेरिया नबनोस् अमेरिकाको अर्को युद्धमैदान

नाइजेरियामा भइरहेका अपहरण र हिंसाका घटनालाई धार्मिक उत्पीडनका रूपमा व्यवहार गर्नु गलत मात्र नभई जोखिमपूर्णसमेत छ



देश / विदेश

● ताफी महंका

नोभेम्बरको सुरुमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'नाइजेरियामा इसाई धर्मले अस्तित्वगत खतराको सामना गरिरहेको' घोषणा गरे । आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममा उनले 'कट्टरपन्थी इस्लामवादी'लाई 'सामूहिक हत्या'को आरोप लगाए । उनले अगाडि चेतावनी दिए- 'अमेरिका अहिले बन्दुकधारीले भरिएका अपमानित देशमा' परिचालन हुन सक्छ । यो दाबी नाइजेरियाको हिंसा धार्मिक विचारधारामा आधारित छ भन्ने धारणामा आधारित छ ।

नोभेम्बरको मध्यमा स्कुल अपहरणको नयाँ लहरले उत्तरी नाइजेरिया सबै धर्मका बालबालिकाका लागि कति खतरनाक क्षेत्र बनेको छ भन्ने देखायो । १७ नोभेम्बरमा केब्बी राज्यको मागामा रहेको माध्यमिक विद्यालयमा हतियारधारीले छापा मारेर एक उपप्रधानाध्यापकको हत्या गरे र २५ विद्यार्थीलाई अपहरण गरे । विद्यालय सरकारद्वारा सञ्चालित थियो र पीडितमा मुस्लिम केटी पनि थिए । आक्रमणका क्रममा एकजना भागे र बाँकी २४ जनालाई पछि उद्धार गरियो ।

केही दिनपछि २१ नोभेम्बरको बिहान बन्दुकधारीले नाइजर राज्यको पापिरीमा रहेको सेन्ट मेरी क्याथोलिक प्राथमिक तथा माध्यमिक विद्यालयमा आक्रमण गरी विद्यार्थी र शिक्षकलाई अपहरण गरे । पछि केही बन्दी भागे, धेरै डिसेम्बरको मध्यसम्म बेपत्ता रहे, जसले गर्दा परिवारहरू पीडादायी अनिश्चितितामा परे । अपहरणपछि प्रायः अभिभावक जवाफहीन हुन्छन् । आधिकारिक आश्वासन फिक्का हुँदै जाँदा उनीहरूको निराशा र पीडा क्रोधमा परिणत हुन्छ । एकसाथ हेर्दा यी आक्रमणले धार्मिक उत्पीडनको अभियानलाई प्रतिबिम्बित गर्दैनन् । तिनीहरूले उत्तरी नाइजेरियाभरि बढ्दो रूपमा परिचित हुँदै गएको फिरौतीको ढाँचा पछ्याउँछन् ।

जब हिंसालाई संगठित अपराधको सट्टा धार्मिक युद्धका रूपमा वर्णन गरिन्छ, तब समाधानहरू सैन्यीकृत हुन्छन् र विदेशी हस्तक्षेप सहज लाग्न थाल्छ । जटिल विदेशी संकटलाई सर्वनाशकारी नैतिक नाटकमा रूपान्तरण गर्ने बानी अमेरिकी शक्तिको छ र त्यसपछि यिनको आफैंले भनेको कथामा अभिनय गर्ने बानी छ । तैपनि, भूभाग र जनतालाई नजिकबाट चिन्ने नाइजेरियाली चर्चका नेताहरूले वासिंटनको कथालाई अस्वीकार गर्छन् । उदाहरणका लागि नाइजेरियाको शान्ति निर्माण प्रयासका एक अग्रणी व्यक्तित्व सोकोटोका क्याथोलिक विशप म्याथ्यु कुकाहले हिंसालाई धार्मिक युद्धका रूपमा व्याख्या नगर्न चेतावनी दिए । उनले आपराधिक मनसाय र राज्य असफलतालाई औंल्याए । आक्रमणहरू क्रिश्चियन र मुस्लिम दुवैमाथि समान रूपमा भएका छन् र प्रायः धर्मशास्त्रको सट्टा डकैती र फिरौतीको ढाँचा पछ्याउँछन् भन्नेमा विश्लेषकले जोड दिएका छन् । केब्बी राज्यमा पीडितहरू राज्यद्वारा सञ्चालित बोर्डिङ स्कुलबाट लगिएका मुस्लिम स्कुले बालिका थिए । नाइजर राज्यमा क्याथोलिक मिसन स्कुलका विद्यार्थी र शिक्षक थिए । यो हिंसा मुख्यतया धार्मिक विश्वासभन्दा पनि नाफा-सञ्चालित आपराधिक हिंसाबाट प्रेरित छ । दीर्घकालीन गरिबी,



ग्रामीण उपेक्षा र युवा बेरोजगारी (लगभग ७२ प्रतिशत नाइजेरियाली गरिबीमा बाँचिरहेका छन्) ले आपराधिक र सशस्त्र सञ्जालमा भर्तीलाई बढावा दिन्छन् ।

अब प्रमुख खतरा एकल वैचारिक रूपमा सञ्चालित विद्रोही आन्दोलनको सट्टा सशस्त्र 'डाकु' सञ्जालबाट उत्पन्न हुन्छ । यी आपराधिक मिलिसियाले फिरौतीका लागि स्कुले केटाकेटी र यात्रुलाई अपहरण गर्छन्, गाईवस्तु चोर्छन्, गाउँमा जबर्जस्ती गर्छन्, राजमार्गमा आक्रमण गर्छन्, अवैध खानीमा बढ्दो रूपमा पहुँच पुऱ्याउँछन् र प्रायः उत्तरपश्चिमका वन आधारबाट सञ्चालित हुन्छन् । नाइजेरियाले एउटा होइन, तर धेरै सशस्त्र खतराको सामना गरिरहेको छ । उत्तरपूर्वमा बोको हराम र पश्चिम अफ्रिका प्रान्तमा आइएसआइएल (आइएसआइएस) सम्बद्ध समूह सक्रिय छन् । उत्तरपश्चिम र उत्तर-मध्यक्षेत्रमा सशस्त्र डाकु सञ्जाल हाबी छ । अझ दक्षिणी क्षेत्रको मध्य बेल्टमा, मिलिसिया हिंसाले भूमि विवाद र साम्प्रदायिक तनावलाई मलजल गर्छ । परिणाम ठुलो विस्थापन भएको छ । एम्नेस्टी इन्टरनेसनलको अनुमान छ कि मे २९, २०२३ मा राष्ट्रपति बोला टिनुबुले पदभार ग्रहण गरेपछिका दुई वर्षमा सशस्त्र आक्रमणमा १० हजारभन्दा बढी नागरिक मारिएका छन् । सयौं गाउँ ध्वस्त भएका छन् वा खाली गरिएका छन् । हजारौं बालबालिकाले विद्यालय छाडेका छन् । उत्तरपश्चिमका केही भागमा आक्रमण साप्ताहिक रूपमा र कहिलेकाहीं दैनिक रूपमा हुन्छन् । अझ चिन्ताजनक के छ भने अपहरण अब राजधानी अबुजा र वरपरका राजमार्ग र यात्रु मार्गसम्म पुगेको छ ।

यस विपत्तिलाई धार्मिक उत्पीडनका रूपमा व्यवहार गर्नु गलत मात्र होइन, बरु जोखिमपूर्णसमेत छ । यो गलत फ्रेमिङले संगठित अपराध र राज्यको पतनलाई धार्मिक युद्धको मिथकमा परिणत गर्छ । जब वासिंटनले घरेलु पतनलाई नैतिक असफलताका रूपमा परिभाषित गर्छ, नाइजेरिया पुनर्निर्माणको आवश्यकता भएको देशका रूपमा देखिन छोड्छ र बाहिरबाट व्यवस्थापन गर्नुपर्ने अन्तर्राष्ट्रिय खतराजस्तो देखिन थाल्छ । यस प्रक्रियामा, नाइजेरियाली नागरिकलाई अधिकारसहित जीवित मानवका रूपमा व्यवहार गर्नुको सट्टा अमूर्ततामा सीमित गरिन्छ ।

(महंका अलजजिराका स्तम्भकार हुन्)
अलजजिराबाट

बंगलादेशमा अनिश्चित बन्दै चुनाव

निर्वाचन आयोगले तालिका घोषणा गरेपछि धेरैजसो शंका र चिन्ता हटेको थियो, तर हादीको हत्या र प्रतिक्रियामा भिडको आतंकले फेब्रुअरीमा हुने चुनावमाथि गम्भीर अशंका उत्पन्न भएको छ



● सबिर मुस्तफा

मुस्तफा बिबिसी बंगलाका पूर्वप्रमुख र 'भोइस अफ अमेरिका, बंगला'का पूर्वप्रबन्ध सम्पादक हुन् ।



बंगलादेशका मिडिया, देशका अन्य क्षेत्रजस्तै विगत डेढ वर्षदेखि उकुसमुकुसमा थिए । हसिनाको पतनसँगै आएको स्वतन्त्रताको आशामाथि आशंकाको बादल मडारिएको छ । अवामी लिगको शासनकालमा जासुसी संयन्त्रको निगरानीमा रहेका ढाकाका सम्पादकलाई अहिले नयाँ डरले सताउँछ- भिडको आक्रमण ।

बंगलादेशले यही डिसेम्बर २० मा युवा तथा आक्रामक राजनीतिज्ञ सरिफ उस्मान हादीको अन्त्येष्टि गऱ्यो । ३२ वर्षका उग्र दक्षिणपन्थी हादीलाई राष्ट्रिय कवि काजी नजरुल इस्लामको चिहान नजिक ढाका विश्वविद्यालयमा गाडियो । भारतविरोधी अभियानलाई आफ्नो मुल राजनीति बनाएका उनको अन्त्यष्टिमा दसौँ हजार मानिसको सहभागिता थियो । 'हामी यहाँ तपाईंलाई बिदाइ गर्न आएका होइनौं, हामी यहाँ तपाईंले भनेको कुरा पूरा गर्ने प्रतिज्ञा गर्न आएका हौं,' बंगलादेशको अन्तरिम सरकार प्रमुख युनुसले भने ।

हादीलाई डिसेम्बर १२ मा ढाकामा टाउकोमा गोली हानी हत्या गरिएको थियो । उनलाई उपचारका लागि सिंगापुर लगिएको हादीलाई डिसेम्बर १८ मा त्यहाँको एक अस्पतालमा मृत घोषित गरेको थियो । उनको हत्यामा अबामी लिगको विद्यार्थी मोर्चा छात्रो लिगका नेताको संलग्नता रहेको आरोप छ र ती आरोपित भारत भागेको बताइएको छ । प्रदर्शनकारीले हादीका हत्यारालाई आश्रय दिएकोमा भारतलाई जिम्मेवार ठहऱ्याउँदै सरकारलाई हत्यारा सार्वजनिक गर्न आह्वान गरेका छन् ।

मदरसामा शिक्षित हादी 'मुस्लिम राष्ट्रवाद' समर्थन गर्थे र भारतीय प्रभुत्वबाट बंगलादेशको सार्वभौमसत्ताको रक्षा गर्नुपर्ने बताउँथे । जीवन्त टेलिभिजन टक सोहरूमा उनको प्रभावशाली प्रस्तुतले उनलाई छोटो समयमा, विशेषगरी युवामाझ, एक प्रतिष्ठित व्यक्तित्व बनायो । 'धेरै मानिस हादीको विचार वा उनको भाषा र उनको भाषणको तरिकासँग असहमत थिए । तर, उनीहरूले पनि हादी वास्तविक, इमानदार, साहसी र देशभक्त भएको महसुस गरे ,' राजनीतिक विश्लेषक र शिक्षाविद् डा. जाहेद उर रहमान भन्छन् ।

विगत एक वर्षदेखि हादी र उनको प्लेटफर्म 'इन्कलाब मञ्च'ले अबामी लिगको अधिनायकवादी शासनकालमा बंगलादेशमा आइपरेका सबै विपत्तिका लागि भारतलाई जिम्मेवार ठहऱ्याउँदै चर्को अभियान चलाएका थिए । उनको हत्याले आसन्न चुनावलाई बिथोल्ने खतरा बढेको छ । बंगलादेश राष्ट्रवादी पार्टी (बिएनपी) का नेता चिन्तित छन् । उनीहरूले चुनाव ढिलाइ गर्न षड्यन्त्र भइरहेको भन्दै चेतावनी दिइरहेका छन्, धेरैले गत हप्ताको घटनाक्रमलाई ध्यानमा राख्दै यसलाई जायज चिन्ताको रूपमा हेरेका छन् । वरिष्ठ बिएनपी नेतालाई लाग्छ कि हादीको हत्याले दुष्कर्म निम्त्याउने 'बहाना' प्रदान गर्न सक्छ ।

'चुनावविरुद्ध सर्घै षड्यन्त्र भएको छ,' बिएनपी अध्यक्ष खालेदा जियाका सल्लाहकार जहिर उद्दिन स्वपोनले एक अन्तर्वार्तामा भनेका थिए । 'सबैले बुझ्छन् कि बिएनपीले स्वतन्त्र र निष्पक्ष चुनाव जित्नेछ । त्यहाँ केही व्यक्ति छन्, जसले यस्तो सम्भावना स्वीकार गर्न सक्दैनन्, तर तिनीहरूले औचित्य प्रदान गर्न सकेका छैनन् ।' यद्यपि, पूर्वसांसद स्वपोनले सरकार वा निर्वाचन आयोगले चुनावको यात्रालाई उल्ट्याउन नसक्ने बताएका छन् । 'चुनाव आयोग पहिले नै अन्तिम चरणमा पुगेको छ र चुनाव तालिका परिवर्तन गर्ने कुनै स्वीकार्य आधार वा सम्भावना पनि छैन,' स्वपोनले भने । हादीको मृत्युको वरिपरिको भावनात्मक आक्रोशले कट्टरपन्थी समूहलाई पुरानो एजेन्डा अगाडि बढाउन उत्तम आवरण प्रदान गरेको देखिन्छ । बिहीबार राति देशका दुई ठुला अखबार, बंगली भाषाको प्रोथोम आलो र अंग्रेजी भाषाको डेली स्टारमा भएको आक्रमणले सबैलाई स्तब्ध बनाएको देखिन्थ्यो । अन्तरिम सरकारले यस घटनाप्रति माफी मागेको थियो ।

तर, इस्लामी र भारतविरोधी नारा लगाउँदै सर्यौं कार्यकर्ताले दुई भवनलाई केही घन्टासम्म जलाउन सक्ने दण्डहीनताले देशका मिडियालाई त्रसित बनाएको छ । 'हसिनाको शासनकालमा पनि पत्रकारहरूको हृदयमा यो हदसम्मको धम्की र आतंक थिएन,' ढाकाका पत्रकार नजमुल अहसनले फेसबुक पोस्टमा लेखे ,' हसिना क्रुर थिइन्, तर उनीसँग तर्क गर्न सकिन्थ्यो । भले उनका 'रेडलाइन' र हामी तिनलाई पार गर्न सक्दैनथ्यौं । तर, अहिले आक्रमण गर्नेहरूसँग तर्क गर्न सकिदैन । उनीहरूको रेडलाइनहरू नै के हो स्पष्ट छैनन् ।'

डेली स्टार र प्रोथम आलो अभिव्यक्ति स्वतन्त्रता र उदार, धर्मनिरपेक्ष मूल्य-मान्यताको कडा रक्षाका लागि परिचित थिए । तर, धार्मिक अतिवादको विरोध र १९७१ को बंगलादेशी मुक्ति युद्धको समर्थनले उनीहरूलाई इस्लामवादीको निसाना बनायो । 'यी दुई पत्रिकाप्रति धेरै आक्रोश बंगलादेशभित्र र बाहिरका केही राजनीतिक तत्त्व, विशेषगरी उग्र इस्लामिक दक्षिणपन्थीहरूले उक्साएका छन्,' बेलायती पत्रकार डेभिड बर्गम्यानले एक अन्तर्वार्तामा भने । दुई दशकदेखि बंगलादेशलाई कभर गर्दै आएका बर्गम्यान हसिनाको शासनका मुखर आलोचक थिए । उनको विश्वास छ कि यी दुई पत्रिकासँगै केही अन्य मिडिया तथा सस्था नयाँ वैचारिक आक्रमणको निशानामा पर्नसक्छन् । 'अबामी लिग सरकारको समयमा जीवित र स्वतन्त्र रहन संघर्ष गरिरहेका अन्य धेरै कम प्रभावशाली मिडियासँगै यी पत्रपत्रिका वास्तवमा, चाहे उनीहरूलाई मन परोस् या नपरोस्, बंगलादेश के हो र के बन्नेछ भन्नेबारे देशभित्र वैचारिक संघर्षको अग्रपंक्तिमा छन्,' उनले भने ।

दुई पत्रपत्रिकामा आक्रमण हुनुअघि पनि अबामी लिगको नजिक वा वर्तमान सरकारको आलोचक भनेर चिनिने पत्रकारले जेल जाने सम्भावनाको सामना गर्नुपरेको थियो । चारजना वरिष्ठ पत्रकार एक वर्षभन्दा बढी समयदेखि विनामुद्दा जेलमा छन् भने सर्यौं मिडियाकर्मीमाथि हत्याका मुद्दा लगाइएको छ । हालसालै वरिष्ठ पत्रकार अनिस आलमगिर जासुसहरूको निगरानी परे । पछि उनलाई देशको आतंकवादविरोधी कानुनअन्तर्गत पक्राउ गरिएको थियो, जसलाई ह्युमन राइट्स वाचले हालै 'कठोर' भनेर वर्णन गरेको छ । बंगलादेशका मिडिया, देशका अन्य क्षेत्रजस्तै विगत डेढ वर्षदेखि उकुसमुकुसमा थिए । हसिनाको पतनसँगै आएको स्वतन्त्रताको आशामाथि आशंकाको बादल मडारिएको छ, किनकि मिडियामा विभिन्न प्रकारका बन्धन राख्न नयाँ अभिनेता देखा परेका छन् ।

अबामी लिगको शासनकालमा देशको मुख्य जासुस एजेन्सी 'फोर्सेस इन्टेलिजेन्स महानिर्देशनालय (डिजिएफआई)' मिडियालाई नियन्त्रणमा राख्न हसिनाले प्रयोग गर्ने लौरो थियो । युनुसले पदभार ग्रहण गरेदेखि डिजिएफआई कमजोर बनेको छ । तर, ढाकाका सम्पादकले नयाँ डरको कुरा गर्छन्- भिडको डर । यी भिडले आफूलाई 'जुलाई क्रान्तिका योद्धा' भनेर प्रस्तुत गर्छन् । डर यति स्पष्ट छ कि सम्पादक र रिपोर्टरहरू सार्वजनिक रूपमा बोल्न अस्वीकार गर्छन् ।

सबैभन्दा धेरै प्रचारित घटनामध्ये एकमा, 'जुलाई योद्धाहरू'ले पत्रकारलाई बर्खास्त नगरेसम्म स्टेसनमा मार्च गर्ने धम्की दिएपछि तीन टिभी च्यानलले एकै दिन तीन पत्रकारलाई बर्खास्त गरे । उनीहरूको अपराध ? संस्कृतिमन्त्रीको पत्रकार सम्मेलनका क्रममा यी पत्रकारले हसिनाबारे सरकारको कथनलाई चुनौती दिने तरिकाले प्रश्न तयार पारे ।

युनुस सरकारले अबामी लिगमाथि गरेको दमन पार्टीमा मात्र सीमित छैन । लिगलाई फेब्रुअरी १२ मा हुने चुनावमा भाग लिनेलगायत कुनै पनि गतिविधि गर्न प्रतिबन्ध लगाइएको छ । सरकारले विगतमा लिगलाई समर्थन गर्ने मानिसलाई 'फासीवादका सहयागी' भनेर लेबल लगाउँछ । समयसँगै आक्रमणको यो लाइन फराकिलो भएको छ । हालैका समयमा अबामी लिगका सहयोगी मात्र होइन, बरु १९७१ को मुक्ति युद्धको पक्षमा बोल्नेहरूलाई पनि मनमानी रूपमा जेल हालिएको छ ।

'हामी मानव अधिकारको सन्दर्भमा अहिले डरलाग्दो अवस्थामा छौं,' पत्रकार तथा पोडकास्टर मोन्जुरुल आलम पन्नाले भने । पन्ना र अन्य एक दर्जनलाई हालै एउटा सेमिनारबाट समातिएको थियो । सुरुमा उनीहरूकै सुरक्षाका लागि भने पनि पछि आतंकवादविरोधी कानुनअन्तर्गत मुद्दा दायर गरी हप्तौंसम्म जेलमा राखिएको थियो । १९७१ को युद्धबारेको उक्त सेमिनारलाई बन्द गर्ने प्रयासमा सहभागीलाई शारीरिक रूपमा आक्रमण गर्ने भिडले अवरुद्ध गरेको थियो । जब प्रहरी आयो, तिनीहरूले आक्रमणकारीलाई बेवास्ता गरे र १६ जना सहभागीलाई लगे । उनीहरूविरुद्ध मुद्दा दायर गरिएको थियो ।

'महान्यायाधिवक्ताले आरोप लगाए कि हामी सरकार ढाल्न सशस्त्र विद्रोहको योजना बनाइरहेका थियौं । यो हास्यास्पद आरोप हो,' पन्नाले भने । मानव अधिकारकर्मी र वकिलहरू हजारौं मानिसविरुद्ध झुटा मुद्दा हाल्न कानुनी प्रणालीको व्यापक प्रयोगबाट चिन्तित छन् । १०० भन्दा बढी पूर्वमन्त्री र सांसदसहित सर्यौं व्यक्ति कारागारमा छन् । तर, उनीहरूलाई मुद्दा चलाउने विषय भेटिएको छैन । 'स्पष्ट रूपमा, जुलाई/अगस्ट क्रान्तिपछि ठूला भ्रष्टाचार कान्ड लगायत अबामी लिगका राजनीतिज्ञको भूमिकाको सम्बन्धमा अनुसन्धान भएका छन् । यस्तै अन्य धेरै राम्रा काम भएका छन् । तर सरकारले त्यस पार्टीका सदस्यता वा समर्थकलाई नै अपराधीकरण गर्ने बाटो समाएका छ,' बर्गम्यानले भने ।

गत वर्ष हसिनालाई पतन गराउने विरोध प्रदर्शनका क्रममा कम्तीमा ८३२ जना मारिएका थिए । संयुक्त राष्ट्र संघको एक प्रतिवेदनले मृत्यु हुनेको संख्या एक हजार ४०० सम्म हुन सक्ने बताएको छ । हादीको हत्याको परिणाम र न्यायको मागसँग अन्तरिम सरकार जुधिरहेका वेला जनता धैर्यपूर्वक चुनावी रेल अर्को फेब्रुअरीमा सुरक्षित रूपमा आफ्नो गन्तव्यमा पुग्छ कि पुग्दैन भनेर पर्खिरहेका छन् । निर्वाचन आयोगले तालिका घोषणा गरेपछि धेरैजसो शंका र चिन्ताहरू हटेका थिए । अब शान्तिपूर्ण र विश्वसनीय चुनावबाट सबैभन्दा बढी फाइदा उठाउने पार्टी बिएनपी युनुससँग आफ्नो वाचा पूरा गर्नुबाहेक थोरै विकल्प रहेको महसुस गर्दैछ ।

द वायरबाट

इतिहासमा आज



सन् १९९१ : मिखाइल गोर्बाचेभले टेलिभिजनमा सम्बोधन गर्दै औपचारिक रूपमा सोभियत संघको राष्ट्रपतिका रूपमा राजीनामा दिए । सोही दिन सोभियत संघ विधिवत् रूपमा विघटन भयो ।

सन् १८६८ : चर्को विरोधका बाबजुद अमेरिकी राष्ट्रपति एन्ड्रयु जोनसनले अमेरिकी गृहयुद्धमा संयुक्त राज्य अमेरिकासँग लडेका सबैजनालाई बिनासर्त आममाफी दिए ।

सन् १९७९ : सोभियत फौज आफू समर्थक सरकार गठन गर्न अफगानिस्तानमा प्रवेश गरेको भोलिपल्ट अफगानमा गृहयुद्ध सुरु भयो ।

सन् १९८९ : रोमानियामा २४ वर्ष शासन गरेर आन्दोलनबाट अपदस्थ गरिएका पूर्वराष्ट्रपति निकोलाई चाउचेस्कुविरुद्ध यसै दिन छोटो अदालती सुनुवाइ गरेर दोषी ठहर गरियो र लगत्तै गोली हानेर मृत्युदण्ड दिइयो ।

सन् २००४ : नासाको क्यासिनी यानले बोकेर लगेको युरोपेली स्पेस एजेन्सीले बनाएको हुगेन्स खोज यान शनिको चन्द्रमा टाइटनको अध्ययनका लागि क्यासिनी यानबाट छुट्टियो ।। अर्को वर्ष जनवरी १५ मा यो टाइटनको वायुमण्डलमा प्रवेश गरेको थियो ।

सन् २०२१ : नासा, युरोपेली स्पेस एजेन्सी (इसा) र क्यानेडियन स्पेस एजेन्सीले संयुक्त रूपमा बनाएको शक्तिशाली 'जेम्स वेब अन्तरिक्ष दूरदर्शकयन्त्र' फ्रेन्च गुयनास्थित युरोपेली अन्तरिक्ष प्रक्षेपण केन्द्रबाट प्रक्षेपण गरियो ।

सेना प्रमुखको निधनपछि लिबियामा तीन दिनको राष्ट्रिय शोक

ट्रिपोली/ लिबियाली सेनाका प्रमुख लेफ्टिनेन्ट जनरल मोहम्मद अली अहमद अल-हद्दाद टर्कीएको भ्रमण सकाएर फर्कने क्रममा विमान दुर्घटनामा मारिएका छन् । टर्किस अधिकारीहरूका अनुसार मंगलबार त्रिपोली फर्किरहेको सेना प्रमुख सवार निजी विमान उडेको केही मिनेटपछि नै आपत् कालीन अवतरण गर्ने क्रममा सम्पर्कविच्छेद भएको थियो ।

अल-हद्दादसँगै अन्य चार वरिष्ठ लिबियाली सैन्य अधिकारी र तीन चालक दलका सदस्यको पनि मृत्यु भएको छ । दुर्घटनामा अल-हद्दादको मृत्युले लिबियालाई स्तब्ध बनाएको छ, जहाँ गहिरो राजनीतिक विभाजनका बिचमा अल-हद्दादलाई एकता बढाउने व्यक्तित्वको रूपमा हेरिन्थ्यो ।

अल-हद्दादको मृत्युपछि लिबियाली सरकारले तीन दिनको राष्ट्रिय शोकको घोषणा गरेको छ । सन् २०२० मा सेना प्रमुख भएका जनरल अल-हद्दादले त्रिपोलीमा रहेको संयुक्त राष्ट्र संघले मान्यता दिएको राष्ट्रिय एकता सरकारमातहत रहेर देशमा सक्रिय प्रतिद्वन्द्वी सशस्त्र गुटलाई एकताबद्ध गर्ने प्रयास गरिरहेका थिए । लिबियामा केही वर्षदेखि त्रिपोलीमा आधारित अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त सरकार र देशको पूर्वी भागमा सैन्य कमान्डर खलिफा हफ्तरको नेतृत्वमा प्रतिद्वन्द्वी सरकार गरी दुई सरकारको शासन छ । लिबियाको पूर्वी भागले समेत अल-हद्दादको मृत्युमा शोक व्यक्त गरेको छ । टर्कीको औपचारिक यात्राका क्रममा, अल-हद्दादले टर्कीका रक्षामन्त्री यासर गुलेर र आफ्ना टर्किस समकक्षी सेल्कुक बायराक्तारोग्लुसँग भेटवार्ता गरेका थिए ।

अरब वसन्तको १५ वर्ष : के बदलियो, के यथावत् रह्यो ?

अरब वसन्तपछि शक्ति र गुरुत्वाकर्षणको केन्द्र अहिले कायरो, दमास्कस र बग्दादजस्ता ऐतिहासिक अरब राजधानीबाट दोहा, अबुधाबी र रियादतर्फ सरेको छ

डिसेम्बरको सुरुमा ट्युनिसियाको सरकारी निकायले एक नाम चलेका प्रतिपक्षी अभियन्तालाई पक्राउ गऱ्यो । 'ह्युमन राइट्स वाच'ले उल्लेख गरेअनुसार डिसेम्बर २ मा पक्राउ परेका अयाची हमामीले सोही दिन ट्युनिसियाको सर्वोच्च अदालतमा अन्तिम निर्णय नभएसम्म फैसला कार्यान्वयन स्थगित गर्न थप अनुरोध गरेका थिए ।'

ट्युनिसियामा वर्तमान राष्ट्रपति कैस सइदको शासनकालमा हमामीलगायत सरकारका कैयौं आलोचक तथा प्रतिपक्षी तत्त्वमाथि कारबाही बढेको देखिन्छ । यसलाई राज्य संयन्त्रमाथि आफ्नो पकड बलियो बनाउने सइदको प्रयासका रूपमा हेरिन्छ । ट्युनिसियाली सरकारको बढ्दो अधिनायकवादी चरित्रले कसरी अरब वसन्त उठेका देशहरू शिशु लोकतन्त्रबाट पुनः अधिनायकवादमै फर्किए भन्ने उदाहरण हो ।



● सेथ जे. फ्रान्जम्यान

'द जेरुसेलम पोस्ट'का कार्यवाहक समाचार सम्पादक फ्रान्जम्यान 'द फाउन्डेसन फर डिफेन्स अफ डेमोक्रेसिज'का सहायक फेलो पनि हुन् ।

ट्युनिसियाली नागरिक मोहम्मद बोआजिजीले सरकारी दुर्व्यवहार सहन नसकी डिसेम्बर २०१० मा आत्मदाह गरेपछि 'अरब वसन्त' सुरु भएको थियो । आन्दोलन सुरु भएको एक महिनामै त्यो देशभर फैलिसकेको थियो । थेम्न नसकिने विरोध प्रदर्शनका कारण ट्युनिसियाली राष्ट्रपति बेन अली देश छाडेर भाग्न बाध्य भए । उसो त सन् १९८७ देखि लगातार २३ वर्ष शासनमा रहेका बेन अली ट्युनिसियामा अधिनायकवादी शासकका उदाहरण थिए । सँगसँगै उनी अरब देशहरू औपनिवेशिक शासनबाट स्वतन्त्र भएपछि उदाएका अरब राष्ट्रवादी र धर्मनिरपेक्षतावादी नेतामध्ये एक थिए ।

बेन अलीको शासन ढलेपछि त्यसले एक 'डोमिनो प्रभाव' सिर्जना गऱ्यो । अर्को वर्ष फेब्रुअरी २०११ मा इजिप्टमा उस्तै आन्दोलन उठ्यो र त्यहाँ ३० वर्षदेखि शासन गरिरहेका राष्ट्रपति होस्नी मुबारक पद छाड्न बाध्य भए । त्यस्तै, छिमेकी लिबियामा अक्टोबर २०११ मा मुअम्मर गद्दाफीको ४२ वर्षे शासनसमेत अन्त्य भयो । अरब वसन्त छिमेकी देशमा फलिँदै जाँदा यसको रूप पनि बदलिँदै गयो । ट्युनिसियामा अपेक्षाकृत शान्तिपूर्ण रूपमा लोकतन्त्रतर्फ संक्रमण भएको थियो । उता इजिप्ट र लिबियाको परिवर्तनले भने अशान्त भविष्यको संकेत गरे ।



अरब वसन्तमा दोस्रो विश्वयुद्धपछि उदाएका अरब राष्ट्रवादी शासक एकपछि अर्को गर्दै सत्ताच्युत भए । योसँगै सबै अरब देशबिच कुनै न कुनै रूपमा एकता हुनुपर्छ भन्ने विचार राख्ने अरब राष्ट्रवादकै अन्त्य भएको ठानिएको छ ।

अरब क्रान्तिमा मुबारक सत्ताच्युत भएपछि मे २०१२ मा इजिप्टले चुनाव गरायो । चुनावमा मुस्लिम ब्रदरहुडले जित्यो र मोहम्मद मोर्सी राष्ट्रपति बने । तर, उनको शासन पनि छोटो रह्यो । एक वर्षपछि नै मोसीविरुद्ध अर्को विरोध सुरु भयो । विरोधका बिच सेनाले जुलाई २०१३ मा कु गऱ्यो र जनरल अब्देल फताह अल-सिसी राष्ट्रपति बने । सिसीले विभिन्न चुनाव गराउँदै अझै इजिप्टमा शासन गरिरहेका छन् ।

लिबियामा गद्दाफीको पतन विशेषगरी रक्तपातपूर्ण रह्यो । विद्रोह चर्किएपछि भागेका गद्दाफी विद्रोहीको कब्जामा परेपछि निर्ममतापूर्वक मारिए । गद्दाफी मारिएपछि लिबिया गृहद्वन्द्वमा डुब्यो । जनरल खलिफा हफ्तरको नेतृत्वमा देशको पूर्वी आधा भाग अलग शासन चल्छ । त्रिपोली केन्द्रित फरक सरकार पनि कायम नै छ । हफ्तर सरकारलाई बलियो छिमेकी इजिप्टको समर्थन छ । अरब वसन्तपछिको १५ वर्ष यही गृहयुद्ध, अतिवाद र अधिनायकवादको चक्रमा रुमल्लिरहेको छ ।

अरब वसन्त खासमा अरब देशमा सन् १९५० र १९७० को दशकको बिचमा उठेका अधिनायकवादी राष्ट्रवादी नेताविरुद्धको लोकप्रिय प्रतिक्रिया सावित भयो । सिरियाको असद शासन र इराकमा सद्दाम हुसेन शासन त्यही अवधिमा उठेको थियो । यसमा यमनको अली अब्दुल्लाह सालेह पनि समावेश थिए । ती राष्ट्रवादी नेताको शासनविरुद्ध खाडी, जोर्डन र मोरक्कोका अरब राजतन्त्रहरू उभिएका थिए । सन् १९८० को दशकमा मुख्यतः मुस्लिम ब्रदरहुडको नेतृत्वमा तेस्रो शक्तिका रूपमा इस्लामवादी समूहहरूको उदय भयो । यसले त्यतिवेलाका धेरै युवालाई आकर्षित गऱ्यो ।

इस्लामवादी तेस्रो धारका धेरै समूहले अतिवादी बाटो अपनाएका थिए । उदाहरणका लागि सन् १९८१ मा तिनै अतिवादीले इजिप्टका राष्ट्रपति अनवर सदातको हत्या गरे । सिरियामा पनि मुस्लिम ब्रदरहुडले विद्रोहको प्रयास गरेको थियो । तर, सन् १९८२ मा हाफेज अल असदले उनीहरूलाई निर्मम दमन गरे ।

राष्ट्रवाद, राजतन्त्रवाद र धार्मिक अतिवादबिचको कठोर विभाजनले औसत मानिसका लागि राजनीतिक सहभागिताको विकल्प न्यून मात्र बाँकी रह्यो । अरब वसन्त सुरुका दिनमा यी तीन ऐतिहासिक प्रवृत्तिलाई फ्याँक्ने र मध्यपूर्वमा लोकतन्त्रको नयाँ स्पेस सिर्जना गर्ने मार्गजस्तो देखिन्थ्यो । तर, नेतृत्वविहीन विद्रोहपछि उत्पन्न शक्ति शून्यतालेे गृहयुद्ध तथा आइएसजस्ता अतिवादी समूहको उदय गरायो । गृहयुद्धबिच सन् २०१४ मा आइएस सिरियाको विशाल भूभाग कब्जा गर्न सफल भएको थियो । सिरियाको आधारबाट समूहले इराकमाथि समेत आक्रमण गऱ्यो र अल्पसंख्यकको ठुलो नरसंहार गऱ्यो ।

खासमा पछिल्लो एक दशक मध्यपूर्व अरब वसन्तले खुलाएको 'पान्डोराको बक्स'लाई बन्द गर्ने लामो संघर्षमा व्यस्त देखियो । यस दिशामा अरब शासकसामु तीनवटा मार्ग देखिए । जस्तो, इजिप्ट र ट्युनिसिया सन् २०११ भन्दा पहिले नै अस्तित्वमा रहेको एक प्रकारको अधिनायकवादमा फर्किए । खाडी क्षेत्रका केही देशहरूले राजतन्त्र जोगाउन केही विषयमा बिस्तारै उदारीकरण अवलम्बन गरेका छन् । तेस्रो मार्ग भनेको सिरियामा फेला पार्न सकिन्छ, जहाँ लामो संघर्षपछि अन्ततः डिसेम्बर ८, २०२४ मा असद शासन पतन भयो । दमास्कसले लोकतन्त्रतर्फको संक्रमणको बाटो फेला पार्न सक्यो भने सिरिया अरब वसन्तको एक सफल उदाहरण बन्नेछ ।

उसो त डिसेम्बर २०२४ मा सत्तामा आएको सिरियाली विद्रोही 'हयात तहरिर अल-साम (एचटिएस)' को विगत अल कायदाजस्ता अतिवादी समूहमा जोडिन्छ । यद्यपि, एचटिएसले आफूलाई पुनः ब्रान्ड गर्ने प्रयास गरिरहेको छ । केही सकारात्मक सुधारका बाबजुद सिरिया अहिले विभाजित छ । पूर्वी सिरियामा अमेरिका समर्थित 'सिरियन डेमोक्रेटिक फोर्स' कुर्द जातिको नेतृत्वमा रहेको सैन्य समूह हो । यसले विगतमा आइएसलाई पराजित गर्न ठुलो भूमिका खेलेको थियो । जातिगत रूपमा मात्र होइन, दुई समूह विचारधारामा भिन्न छ । कुर्दहरू प्रायः वामपन्थी झुकाव राख्छन् भने दमास्कसको नयाँ अरब सरकार इस्लामिक र रुढिवादी छ । यस्तोमा दुई भिन्न विचारधारा भएका फरक जाति सिरियाको एकताका लागि एकसाथ उभिएलान् ? सिरियाको मुख्य चुनौती यही हो ।

यस क्षेत्रका लागि अर्को चुनौती गाजा युद्धपछिको व्यवस्थालाई लिएर छ । गाजामा अक्टोबर २०२५ मा युद्धविराम लागू भयो । अरब वसन्तपछि पनि इजरायल-प्यालेस्टिनी द्वन्द्वमा खासै परिवर्तन आएको छैन । अरब वसन्तले प्यालेस्टिनमा दशकौं शासन गर्ने राजनीतिज्ञलाई त्यति प्रभाव पारेन । तथापि, यस क्षेत्रमा ठुला परिवर्तनले सैन्य पक्षलाई भने असर गऱ्यो । अराजकताबिच इजिप्ट हुँदै लिबियाबाट तस्करी गरिएका हतियारले सम्भवतः सन् २०१२ र २०१४ मा इजरायल र हमासबिचको युद्धलाई बढावा दिएका थिए ।

अरब वसन्त यस क्षेत्रमा एक महत्त्वपूर्ण मोड थियो । किनभने, यसले दोस्रो विश्वयुद्धपछि स्वतन्त्र भएका अरब देशमा हाबी भएको अरब राष्ट्रवादी शासकलाई सत्ताच्युत गऱ्यो । कुनै न कुनै रूपमा सबै अरब देशबिच एकता हुनुपर्छ भन्ने विचार राख्ने अरब राष्ट्रवादी बिस्तारै अव्यावहारिक देखिँदै गएका थिए । राजतन्त्र भएका अरब देश आफ्नो देशको शाही परिवारलाई शासन गर्न फरक देश चाहिने भएकाले यस्तो विचारको विरोध गर्थे । अन्तिममा तिनकै जित भयो ।

अरबी राजतन्त्रको जितको अर्थ शक्ति र गुरुत्वाकर्षणको केन्द्र अब कायरो, दमास्कस र बग्दादजस्ता ऐतिहासिक अरब राजधानीबाट दोहा, अबु धाबी र रियादतर्फ सरेको छ । आर्थिक रूपमा पनि खाडी क्षेत्रका अधिराज्य मुलुक शक्तिशाली आर्थिक केन्द्र बनेका छन् । अरब वसन्त सुरु भएको पन्ध्र वर्षपछि पनि यो भेग यसले सुरु गरेका अस्थिरताबाट मुक्त हुने प्रयास गरिरहेका छन् । हुन सक्छ, पुनरोत्थानको यो प्रक्रियाले पूर्णता पाउन अझै एक दशक लाग्न सक्छ ।

नेसनल इन्ट्रेस्टबाट

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार १० पुस ०८२

जलाशययुक्त आयोजनाको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिकाको मस्यौदा तयार

१७% सम्म नाफा हुने गरी पिपिए गर्ने नीति

तुलनात्मक रूपमा बढी लगानी हुने जलाशययुक्त आयोजनाबाट उत्पादित बिजुलीको प्रचलित पिपिए दरले लगानी आकर्षण नगरेपछि लागतका आधारमा पिपिए गर्ने नीतिको मस्यौदा विद्युत् नियमन आयोगबाट तयार, सरोकारवालाको सुझाव लिएर अन्तिम रूप दिइने

मिलन विश्वकर्मा/ नयाँ पत्रिका

जलाशययुक्त परियोजनाबाट उत्पादित बिजुलीको विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) लागतका आधारमा गर्ने नीति ल्याउन लागिएको छ। विद्युत् नियमन आयोगले 'जलाशययुक्त उत्पादन केन्द्रको विद्युत् खरिद-बिक्रीसम्बन्धी निर्देशिका, २०८२' मस्यौदा तयार गर्दै लागतका आधारमा पिपिए गर्ने नीतिगत प्रस्ताव गरेको हो।



हाल आयोगले मस्यौदालाई अन्तिम रूप दिन राय-सुझाब संकलन गरिरहेको छ। प्राप्त राय-सुझाबका आधारमा निर्देशिकालाई परिमार्जन गर्ने लागू गर्ने आयोगले जनाएको छ। आयोगबाट दररेट स्वीकृत गराई उत्पादित विद्युत्को पिपिए गर्ने अधिकार विद्युत् प्राधिकरणसँग छ। हाल जलाशययुक्त परियोजनाको पिपिए दर स्थिर छ। हिउँदका लागि प्रतियुनिट १२.४० रुपैयाँ र बर्खाका लागि ७.१० रुपैयाँ निर्धारण गरिएको छ। तर, अब परियोजनाको लागतका आधारमा पिपिए गर्ने मोडेल लागू गरिए दरेट थपघट हुनेछ।

तुलनात्मक रूपमा लागत बढी हुने जलायशयुक्त आयोजनाबाट उत्पादित बिजुलीको प्रचलित पिपिए दरले लगानी आकर्षण नगरेपछि आयोगले लागतका आधारमा पिपिए गर्ने नीति ल्याउन लागेको हो। मस्यौदामा राखिएको व्यवस्थाअनुसार परियोजनाको सम्भाव्यता अध्ययनपछि विद्युत् खरिदकर्ता र परियोजनाबिच पहिलो चरणको पिपिए हुनेछ। त्यसमा पिपिए दर उल्लेख गर्न अनिवार्य हुनेछैन। किनभने, खरिदकर्ताले विद्युत् खरिद गर्ने ग्यारेन्टी गरेका हुन्छन्।

त्यसपछि परियोजनाको सम्पूर्ण संरचनाको निर्माण ठेक्का सम्झौता भएपछि दोस्रो चरणको पिपिए गरिने प्रस्तावित मस्यौदामा उल्लेख छ। परियोजनाबाट विद्युत् उत्पादन थाल्ने एक वर्षभित्र अन्तिम चरणको पिपिए हुनेछ।

परियोजना निर्माणको कुल लागत हिसाब गरेर त्यही वेला पिपिएको अन्तिम दरसमेत कायम गरिनेछ। यद्यपि, प्रत्येक पाँच वर्षमा पिपिए दर पुनरावलोकन गर्न सकिने प्रस्ताव पनि मस्यौदाको दफा ५ मा गरिएको छ।

मस्यौदाअनुसार जलाशययुक्त आयोजनाको पिपिए दुई प्रकारको हुनेछ। अहिले लागू भइरहेको प्रणालीअनुसार उपलब्ध विद्युत्मा प्रतियुनिट निश्चित शुल्क दिने गरी पिपिए गरिनेछ, जसलाई प्राविधिक रूपमा 'एकल भाग पद्धति' भनेर परिभाषित गरिएको छ।

त्यसैगरी, आयोजनाको मासिक घोषित विद्युत् उपलब्धताका आधारमा थप भुक्तानी गरिनेछ। यसलाई 'प्रतियुनिट प्रतिमहिना'को दर भनेर परिभाषित गरिएको छ।

जलाशययुक्त परियोजनामा लगानी आकर्षण गर्न खोजेका छौं

● **डा. रामप्रसाद धिताल**, अध्यक्ष, विद्युत् नियमन आयोग



नेपालको ऊर्जा सुरक्षाका लागि जलाशययुक्त परियोजनाको महत्त्व बढेको छ। नदीप्रवाहमा आधारित र सोलार प्लान्ट मात्रै थपिँदा ऊर्जाको सन्तुलन मिलाउन पनि सकिँदैन। तसर्थ, जलाशययुक्त परियोजनामा लगानी आकर्षण गर्न आवश्यक थियो। तसर्थ, लागतका आधारमा पिपिए दर निर्धारण गरिदिने र प्रतिफलको पनि ग्यारेन्टी गरिदिन खोजेका हौं। यो वित्तीय रूपमा भन्दा पनि आर्थिक रूपमा लाभदायक छ।

निर्देशिकाको मस्यौदामा के छ ?

- परियोजनाको सम्भाव्यता अध्ययनपछि पहिलो चरणको पिपिए, त्यही वेला विद्युत् खरिद गर्ने ग्यारेन्टी
- ठेक्का सम्झौतापछि दोस्रो चरणको पिपिए, बिजुली उत्पादन सुरु हुने एक वर्षभित्र अन्तिम चरणको पिपिए
- प्रत्येक पाँच वर्षमा पिपिए दर पुनरावलोकन, अहिलेको जस्तै हिउँद र बर्खाका लागि फरक दरेट
- सहुलियत ऋण लिएर जलासययुक्त विद्युत् परियोजना निर्माण गर्ने कम्पनीलाई कम प्रतिफल र महँगो ब्याज दरमा ऋण लिएर विद्युत् आयोजना बनाउनेलाई १७ प्रतिशतसम्म प्रतिफल ग्यारेन्टी
- लागतका आधारमा पिपिए गर्ने आयोजनाले हिउँदमा न्यूनतम निरन्तर १५ दिन पूर्णरुपले उत्पादन गर्नुपर्ने
- वार्षिक कुल उत्पादनको ३५ प्रतिशत हिउँदमा बिजुली उत्पादन गर्नुपर्ने
- लागत धेरै बढाएर प्रतिफल पनि बढी खोज्ने जोखिम रोक्न भेरिएसनको सीमा अधिकतम २० प्रतिशत
- आयोजना निर्माण गर्न लिएको दीर्घकालीन ऋण चुक्ता भएपछि स्थिर दरमा पिपिए
- हिउँदमा भारतबाट किन्ने महँगो दरबराबरकै पिपिए रेट जलसाययुक्त आयोजनाका प्रवर्द्धकलाई दिइने

संक्षेप

अनौपचारिक क्षेत्रका कामदारलाई कोषमा जोडिने



काठमाडौं/ सरकारले अनौपचारिक क्षेत्रका कामदारलाई सामाजिक सुरक्षामा आबद्ध गराउने राष्ट्रिय अभियान सुरु गरेको छ। अन्तर्राष्ट्रिय श्रम संगठन नेपालसँगको सहकार्यमा यो अभियान सुरु भएको हो।

सामाजिक सुरक्षा कोषमा हालसम्म करिब २७ लाख कामदार आबद्ध छन्। एक हजार पाँच सयजना अनौपचारिक र स्वरोजगार क्षेत्रका कामदार आबद्ध छन्। यसमा सरकारी निकाय, श्रमिक तथा कामदार संगठन, स्थानीय सरकार, नागरिक समाज र सञ्चारमाध्यमलाई संयुक्त रूपमा सहभागी गराउने भनिएको छ। अभियान सुरु गर्दै नेपालका लागि अन्तर्राष्ट्रिय श्रम संगठनका निर्देशक नुमान ओज्कानले भने, 'कोही पनि कामदार नछुटाउने उद्देश्यले यो अभियान सुरु गरिएको हो। सामाजिक सुरक्षा समानता, आर्थिक र समावेशी विकासका लागि आधारभूत विषय हो।'

बजार अनुगमनमा आर्थिक जरिवानासँगै सचेतीकरण



लहान/ सिराहाको लहान र धनगढी बजार क्षेत्र अनुगमनमा नियमविपरीत कारोबार गरिरहेका व्यापारीहरूलाई आर्थिक जरिवानासहित सचेतीकरण गरिएको छ।

वीरगन्जबाट खटिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय र जिल्लास्थित इलाका प्रशासन कार्यालय, लहान र घरेलु तथा साना उद्योग कार्यालयलगायतको संयुक्त अनुगमन टोलीले बुधबार धनगढी बजारको अनुगमनमा जरिवाना गरेको हो। अनुगमनका क्रममा म्याद गुज्रिएका उपभोग्य सामग्री नष्ट गरिनुका साथै व्यवसाय गर्न लिएको अनुमतिबाहेकका वस्तु बिक्री-वितरण गर्ने पसललाई कारबाही गरिएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगन्जका अधिकृत सुनील चौरसियाले जानकारी दिए।

संयुक्त टोलीले अनुगमनका क्रममा लहान- ६ स्थित प्रेम ट्रेडर्सलाई १० हजार जरिवाना गरेको र लहान- ६ को रमजान किराना स्टोर, विशाल किराना, खुस्बु किराना र राधा जनरल सप्लायर्सलाई पाँच-पाँच हजार जरिवाना गरेको छ। त्यसक्रममा जयमाँ किराना पसललाई भने सामान्य सचेतीकरण गरेर छोडिएको कार्यालयले जनाएको छ।

पूर्वाधार विकासमा लगानी भित्र्याउन सहजीकरण गरिने

काठमाडौं/ गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले मुलुकमा पूर्वाधार विकासको स्थिति कमजोर रहेको उल्लेख गरेका छन्। पूर्वाधार संरचना विस्तारका निम्ति संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याए।

साथै, पूर्वाधार विकासमा वैदेशिक लगानी परिचालनका निम्ति नीतिगत र संरचनागत वातावरण सहज हुनुपर्ने विचार उनले व्यक्त गरे। 'आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा' विषयक अन्तर्क्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन्। अर्थशास्त्री, आर्थिक तथा वित्तीय क्षेत्रका सरोकारवाला संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशालाई समेटेर कार्यपत्र प्रस्तुत गरेका थिए।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

१७ भाद्र २०८२ देखि १६ मंसिर २०८२ सम्म

१. **निकायको स्वरुप र प्रकृति :**
प्रचलित कम्पनी सम्बन्धी कानून बमोजिम संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम संचालित 'क' वर्गको वाणिज्य बैंक।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा व्यवस्था भए बमोजिम।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
कर्मचारी संख्या २४७७ (स्थायी र करार) रहेको र कार्य विवरण बैंकले तोके अनुसार रहेको।

४. **निकायबाट प्रदान गरिने सेवा :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकले दिन सक्ने सम्पूर्ण बैंकिङ्ग सेवाहरु।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीहरुको विवरण बैंकको वेवसाईट https://www.nabilbank.com/branches मा उपलब्ध छ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
बैंकले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा अवधि यस बैंकको वेवसाईट https://siteadmin.nabilbank.com/assets/backend/uploads/Documents/Standard%20Charge%20Sheets/Standard-Charge-Sheet.pdf मा प्रकाशित गरिएको छ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
बैंकिङ्ग कारोवारका सम्बन्धमा विभिन्न प्रकारका विभिन्न तहका अधिकारीहरुले निर्णय गर्न सक्ने प्रक्रिया मिलाईएको छ। प्रमुख कार्यकारी अधिकृत तथा बैंकको सञ्चालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ।

८. **निर्णयउपर उजुरी सुन्ने अधिकारी :**
श्री गणेश प्रसाद अवस्थी
नायव महाप्रबन्धक
नबिल बैंक लिमिटेड, विनामार्ग, तीनधारा, काठमाण्डौ
फोन नं. ०१-५९७१८७१ ईमेलः coo@nabilbank.com

९. **सम्पादन गरेको कामको विवरण :**
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ बमोजिम 'क' वर्गका बैंकहरुले गर्न सक्ने सम्पूर्ण बैंकिङ्ग कारोवारहरु सम्पादन भईरहेको छ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद :**
सूचना अधिकारीको नाम र पद : नामः श्री सुरेश प्रसाद त्रिपाठी
पद : प्रमुख सञ्चालन अधिकृत
साथै, यस बैंकका शाखा तथा प्रादेशिक कार्यालयहरुमा सम्बन्धित शाखा प्रमुख र प्रादेशिक प्रमुखलाई सूचना अधिकारीको रुपमा कार्य गर्ने गरी तोकिएको छ।
प्रवक्ताको नाम र पद : नाम : श्री आर्दश बजगाई*
पद : नायव प्रमुख कार्यकारी अधिकृत
*मिति २०८२/०९/०८ देखि यस बैंकका प्रवक्ताको रुपमा नियुक्त हुनु भएको।
प्रमुखको नाम र पद : नामः श्री मनोज कुमार ज्ञवाली
पदः प्रमुख कार्यकारी अधिकृत

११. **ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**
प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकले पालना गर्नुपर्ने हुन्छ भने देहाय बमोजिमका ऐन, नियम, विनियम र निर्देशिकाहरु बैंकिङ्ग कार्यका लागि प्रमुख रुपमा रहेका छन्।
१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
२. नेपाल राष्ट्र बैंक ऐन, २०५८
३. बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
४. कम्पनी ऐन, २०६३
५. बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
६. सम्पत्ति शुद्धिकरण(मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, (संशोधन, २०८०)
७. धितोपत्र सम्बन्धी ऐन, २०६३
८. सुरक्षित कारोवार ऐन, २०६३
९. विनिमेय अधिकारपत्र ऐन, २०३४
१०. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९
११. मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
१२. आयकर ऐन, २०५८
१३. उपरोक्त ऐनहरु बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु
१४. नेपाल राष्ट्र बैंकको सम्पूर्ण निर्देशिकाहरु तथा परिपत्रहरु आदि।
१५. बैंकिङ्ग कारोवारको सम्बन्धमा पालन गर्नुपर्ने अन्य प्रचलित नेपाल कानून।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण :**
बैंकको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रिय स्तरको पत्र-पत्रिकामा नियमित रुपमा प्रकाशित हुँदै आएको छ र बैंकको वेवसाईट www.nabilbank.com मा समेत रहेको छ।

१३. **तोकिए बमोजिमका अन्य विवरण**
नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै बैंकको वेवसाईट www.nabilbank.com मा समेत राख्ने गरिएको छ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**
यस बैंकले बैंकिङ्ग कारोवार सम्बन्धी कार्य गर्दै आएको छ तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

१५. **सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**
यस बैंकको वेवसाईट www.nabilbank.com रहेको छ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
बैंकको सामान्य क्रियाकलापको क्रममा लिएको ऋण बाहेक अन्य केही नरहेको।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन।**
यस बैंकले बैंकिङ्ग कारोबार सम्बन्धी कार्य गर्दै आएको र बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत NABIL SSE कार्यक्रम स्थापना एवं सञ्चालन गरी सामाजिक उद्यमशीलता विकास गर्दै आईरहेको छ।

१८. **सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
सूचना वर्गिकरण गरिएको अवस्था नभएको।
सूचनाको अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरिएको।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण :**
यस अवधिमा सूचनाको लागि कुनै पनि निवेदन प्राप्त नभएकोले सूचना उपलब्ध गराउनु नपरेको।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
वार्षिक विवरणहरु पुस्तकको रुपमा प्रकाशित भई बैंकको वेवसाईट www.nabilbank.com मा समेत प्रकाशन गरिएको छ। साथै बैंकले आर्थिक विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गरी बैंकको वेवसाईटमा समेत प्रकाशन गर्दै आएको छ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

स्थानीय तहबाटै करदाता सेवा सुरु

मोरङको केराबारी गाउँपालिकालाई करदाता सेवा कार्यालयको काम हस्तान्तरण, सुरु भयो प्यान वितरण

विराटनगरमा **गणेश लम्साल**

स्थानीय तहबाटै करदाता सेवा सुरु भएको छ। मोरङको केराबारी गाउँपालिकाले स्थायी लेखा नम्बर (प्यान) वितरण गरेर करदाता सेवा सुरु गरेको हो।

अर्थ मन्त्रालयले करदाता सेवा कार्यालयको काम स्थानीय तहलाई हस्तान्तरण गर्ने नीति लिएको छोटो समयमै कार्यान्वयन थालिएको हो। बुधबार केराबारी गाउँपालिकाबाट पहिलो व्यावसायिक प्यान नम्बर दी भ्वाइस क्याफे एन्ड रेस्ट्रो र व्यक्तिगत प्यान चित्रकुमार तामाङलाई प्रदान गरिएको थियो। अर्थमन्त्री रामेश्वरप्रसाद खनालको उपस्थितिमा गाउँपालिका र आन्तरिक राजस्व कार्यालय, विराटनगरबिच समझदारीपत्रमा हस्ताक्षर भई सेवा कार्यालयको काम हस्तान्तरण गरिएको थियो। सो अवसरमा गाउँपालिकाका अध्यक्ष सुमन मिरिङचिङ मगरले राजस्व प्रणालीमा स्थानीय तहको प्रभावकारी भूमिका स्थापना हुने बताए।



अर्थमन्त्री खनालले प्रशासनिक संघीयतामा ऐतिहासिक कदम भएको टिप्पणी गरे। उनले कर प्रशासनको कामलाई विकेन्द्रित गर्दै प्रशासनिक संघीयतालाई थप मजबुत बनाउन सहयोग पुग्ने बताए। उनले करदातालाई सहजता तथा कर भुक्तानीको लागत र समय घट्ने बताए। त्यस्तै, विकृत व्यवहार कम हुने, स्थानीय सरकारको 'आयस्रोत' सक्षमता करको आधारमा वृद्धि हुने, सुशासन प्रवर्द्धन कायम गर्ने दिशामा उक्त कदम फलदायी हुने अर्थमन्त्री खनालले बताए।

■ मन्त्री घिसिङको सयदिने कार्य प्रगति

तोडिए सडक, सिँचाइ र सहरी विकासका ६६ रुग्ण ठेक्का



सयदिने कार्य प्रगति सार्वजनिक गर्दै मन्त्री कुलमान घिसिङ। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

नयाँ पत्रिका

सिँचाइ, सडक र सहरीतर्फ रुग्ण अवस्थामा पुगेका मध्ये ६६ वटा रुग्ण ठेक्का तोडिएका छन्। ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले बुधबार सय दिनको प्रगति विवरण सार्वजनिक गर्दै सोबराबरको ठेक्का तोडिएको जानकारी दिएका हुन्। तोडिएका ठेक्का सम्झौता रकम साढे १६ अर्ब हाराहारी छन्। त्यसमा सबैभन्दा ठुलो ठेक्का सुनकोशी मरिण डाइभर्सन आयोजनामा तोडिएको छ। विभिन्न सिभिल निर्माण गर्न रमण पटेलसँग गरिएको १४ अर्ब १२ करोड हाराहारीको ठेक्का तोडिएको छ।

जलस्रोत तथा सिँचाइ विभागअन्तर्गतका ३३ वटा रुग्ण ठेक्कामध्ये २२ वटा ठेक्का तोडिएका छन्। सडकतर्फ रुग्ण रहेका २३५ वटा ठेक्कामा ४० वटा ठेक्का तोडिएको प्रतिवेदनमा उल्लेख छ। सडकतर्फ थप डेढ सय ठेक्का तोड्ने गरी प्रक्रिया अघि बढाइएको मन्त्री घिसिङले जानकारी दिए। यसैगरी सहरी विकासतर्फ चारवटा रुग्ण ठेक्का तोडिएका छन्। सहरी विकासतर्फ योबाहेक ४० ठेक्का तोड्न सूचना प्रकाशित गरिएको छ। यी तीन क्षेत्रमा ४०० भन्दा बढी ठेक्का रुग्ण छन्। त्यसमा निर्माण व्यवसायीका कारण रुग्ण भएका ठेक्का तोडिएको मन्त्री कुलमान घिसिङले बताए। साथै, नयाँ ठेक्काका लागि बोलपत्र आह्वान गर्ने तयारी पनि अघि बढाएको उनले बताए।

मन्त्री घिसिङले आफ्नो नेतृत्वमा सय दिनमा १ सय १ काम भएको दाबी गरे। त्यसमा ऊर्जा तथा सिँचाइतर्फ ३१, भौतिक पूर्वाधार तथा यातायाततर्फ ३६ र सहरी विकासतर्फ ३४ काम भएको उनले बताए।

ठुला उद्योगीबाट विद्युत्को बक्यौता उठाउन सुरु

मन्त्री घिसिङले लोडसेडिङका वेला २४ घन्टासम्म प्रयोग गरेको बिजुलीको प्रिमियम महसुल उद्योगीबाट उठ्न सुरु गरेको बताए। 'विगत लामो समयदेखि उठ्न नसकेको डेडिकेटेड तथा ट्रंकलाइनको प्रिमियम महसुल बक्यौता किस्ताबन्दीमा असुलउपर गर्न थालिएको छ। बक्यौताको किस्ता तिर्न सुरु गरी बन्द गरेका र एउटा पनि किस्ता नतिरेका उद्योगसमेत महसुल तिर्न आएका छन्,' उनले भने।

कोटेश्वरमा फ्लाइओभर बनाउन जापानसँग ऋण सम्झौता

कोटेश्वर चोकमा फ्लाइओभर बनाउन जापानबाट ३४.४९ अर्ब येन ऋण सहयोग लिने सम्झौता भएको उनको दाबी छ। यातायात प्रणालीलाई दिगो, सुरक्षित, समावेशी, हरित र प्रविधीमैत्री दिशातर्फ रूपान्तरण गर्न राष्ट्रिय यातायात नीति तयार पारिएको बताइएको छ। नागढुंगा सुरुङमार्ग सञ्चालनका लागि सेवा खरिद गर्नेसम्बन्धी बोलपत्रको सूचना प्रकाशित भएको उनले बताए। खाल्डाखुल्डी मर्मतका लागि सडक एम्बुलेन्स प्रयोगमा रहेको छ।

जेन-जी आन्दोलनमा क्षति पुगेका १४० सरकारी भवनबाट सेवा सुरु

जेन-जी आन्दोलनका कारण क्षति पुगेकामध्ये हरियो स्टिकर, अर्थात् सामान्य क्षति पुगेका एक सय ४० वटा भवन संरचनाको पुनर्निर्माण सारभूत रूपमा सम्पन्न गरिएको छ। आंशिक क्षति भएका दुई सय ४९ वटा र पूर्ण क्षति भएका ५१ वटा भवनको विस्तृत क्षति मूल्यांकनको कार्य सरकारी निकायका परामर्शदाताबाट भइरहेको उनको भनाइ छ।

सिद्धार्थको लाइफटाइम फ्री क्रेडिट कार्ड अफर

काठमाडौं / सिद्धार्थ बैंकले २३औँ वार्षिकोत्सवको अवसरमा ग्राहकका लागि लाइफटाइम फ्री क्रेडिट कार्ड अफर सार्वजनिक गरेको छ। यो अफर बिहीबारदेखि २३ जनवरी २०२६ सम्म लागू हुनेछ। अफरमा स्ट्यान्डर्ड क्रेडिट कार्डमा लाग्ने आबद्ध शुल्क तथा पहिलो वर्षको वार्षिक शुल्क पूर्ण रूपमा छुट दिइने व्यवस्था गरिएको बैंकले जनाएको छ।



त्यस्तै, दोस्रो वर्षदेखि वार्षिक शुल्क छुट पाउन ग्राहकले प्रत्येक अघिल्लो वर्षमा कम्तीमा तीनपटक क्रेडिट कार्डमार्फत कारोबार गरेको हुनुपर्नेछ। यो महिना जारी गरिएका क्रेडिट कार्डको हकमा भने एक महिनाभित्र कम्तीमा तीनवटा कारोबार गर्दा दोस्रो वर्ष लाग्ने शुल्क छुट हुने बताइएको छ।

दुई विधामा गरिमा विकास बैंक सम्मानित

काठमाडौं / गरिमा विकास बैंक डिजिटल बैंकिङ कारोबारसम्बन्धी दुई विधामा सम्मानित भएको छ। नेपाल क्लियरिङ हाउस लिमिटेडको १७औँ वार्षिकोत्सवको अवसरमा बैंक 'उत्कृष्ट डिजिटल ट्रान्जेक्सन' र 'उत्कृष्ट नेपालपे क्युआर ट्रान्जेक्सन' विधामा सम्मानित भएको हो।



आर्थिक वर्ष ०८१/८२ मा विकास बैंकमध्ये सबैभन्दा बढी डिजिटल तथा क्युआर कारोबार गरेबापत बैंकलाई सो अवार्ड प्रदान गरिएको हो।

बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले उक्त अवार्ड ग्रहण गरेका हुन्। नवीनतम डिजिटल बैंकिङ सेवालाई थप ग्राहकमैत्री बनाउन अग्रसर यस विकास बैंकलाई प्राप्त उक्त अवार्डहरूले डिजिटल कारोबार विस्तारमा थप ऊर्जा प्रदान गरेको बैंकले जनाएको छ। साथै, यसै वर्ष भदौमा इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवार्ड, भारतबाट बेस्ट बैंकसहित तीनवटा अवार्डबाट सम्मानित भएको थियो।

एनसिएचएलले मनायो १७औँ वार्षिकोत्सव

काठमाडौं / नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले १७औँ वार्षिकोत्सव मनाएको छ। मंगलबार डेपुटी गभर्नर बमबहादुर मिश्रको प्रमुख आतिथ्यमा औपचारिक कार्यक्रम आयोजना गरी वार्षिकोत्सव मनाएको हो।

यसैगरी, एनसिएचएलका पूर्वअध्यक्षद्वय अनिलके शरी शाह र अशोकशमशेर जबरालाई एनसिएचएलको सञ्चालक समितिको स्थापक अध्यक्ष र तेस्रो अध्यक्षको रूपमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै डेपुटी गभर्नरमार्फत विशेष सम्मानपत्र प्रदान गरिएको थियो। यस वर्ष कम्पनीमा आफ्नो १० वर्ष पूरा गरेका कर्मचारी छवि सापकोटालाई हेड पेमेन्ट सिस्टमलाई कम्पनीप्रतिको समर्पणका लागि दीर्घसेवा पदकबाट सम्मानित गरेको छ। कार्यक्रममा सिद्धार्थ बैंक लिमिटेडसँगको सहकार्यमा रिटेल ग्राहकका लागि डिजिटल मोबाइल बैंकिङ सोलुसन, नबिल बैंक लिमिटेडसँगको सहकार्यमा कर्पोरेट पे २.०, माछापुच्छ्रे बैंक लिमिटेडसँगको सहकार्यमा कार्डस सेन्ट्रल सिस्टम तथा स्मार्ट च्वाइस टेक्नोलोजीसँगको सहकार्यमा थर्ड पार्टिज नेट सेटलमेन्ट सार्वजनिक गरिएका हुन्।

एनसिएचएलले वार्षिकोत्सवका अवसरमा १३ वटा विधामा बैंक, वित्तीय संस्था, भुक्तानी सेवाप्रदायक, सरकारी निकाय तथा गैरबैंक संस्थालाई एक्सिलेन्स इन डिजिटल ट्रान्जेक्सनबाट सम्मानित गरेको छ।

धनकुटामा मुक्तिनाथ विकासको वित्तीय साक्षरता

धनकुटा / धनकुटाका महिलालाई वित्तीय साक्षरतासम्बन्धी तालिम दिइएको छ। मुक्तिनाथ विकास बैंक धनकुटा शाखाले सो तालिम दिएको हो। दुईदिने तालिममा धनकुटाका ५० जना महिलाको सहभागिता थियो। तालिममा बैंकिङ कारोबार गर्दा ध्यान दिनुपर्ने विषयमा विस्तृत जानकारी गराइएको थियो।

त्यस्तै, डिजिटल बैंकिङ प्रविधि र बैंकिङ क्षेत्रका विविध आयामबारे पनि जानकारी गराएको बैंकको धनकुटाका शाखा प्रमुख हरि दाहालले बताए।

पछिल्लो समय डिजिटल बैंकिङ सेवा विस्तार भएसँगै नागरिकले पाउँदै आएका सेवा-सुविधा तथा कतिपय बैंकिङ कारोबारमा देखिएका समस्या समाधान गर्ने विषयमा बैंकले जानकारी गराएको तालिममा सहभागी शान्ता रसाइलीले बताइन्। तालिममा बैंकिङ क्राइम फ्रडसम्बन्धी, कर्जा, बचत परिचालन, आर्थिक निर्भरतासम्बन्धी पनि जानकारी गराएको बैंकले जनाएको छ।

दर्जन संघ-संस्थालाई महालक्ष्मी विकासको सहयोग

काठमाडौं / महालक्ष्मी विकास बैंकले देशभरका एक दर्जन संघ-संस्थामा सहयोग तथा विविध कार्यक्रम गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण सुधारसम्बन्धी सहयोग गरेको हो। बैंकले ज्येष्ठ नागरिक चौतारी, ठेचो, ललितपुरलाई सहयोग गरेको जनाएको छ।



त्यसैगरी, प्रहरी वृत्त सातदोबाटोलाई दैनिक प्रशासनिक कार्य गर्न पाँच थान कम्प्युटर सेट तथा पाँच थान टेबल प्रदान गरेको छ। हुम्लाको अदानचुली गाउँपालिका- १ का ६५ घरधुरीका दलित समुदायका मानिसलाई खाद्यान्न पुऱ्याउने गरी एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, सिमिकोट हुम्लालाई आर्थिक सहयोगसमेत गरेको छ।

यसैक्रममा बागलुङको भृकुटी माध्यमिक विद्यालय र सल्यान सुखौरा माध्यमिक विद्यालय, झापाको पृथ्वी माध्यमिक विद्यालय र अरनिको माध्यमिक विद्यालय, गणेशसूर्य आधारभूत विद्यालयमा आधुनिक शौचालय निर्माण गर्ने गरी विभिन्न रोटरी क्लबमार्फत आर्थिक सहयोग गरेको छ। साथै, बालकुमारी आधारभूत विद्यालय, सैँबु, ललितपुरमा अध्ययनरत एक सय ८० जना विद्यार्थीलाई जाडोबाट बच्चका लागि एक सय ८० थान न्यानो कपडा वितरण गरेको बैंकले जनाएको छ।

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०५

आदरणीय शेयरधनी महानुभावहरु,

यस प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेडको सञ्चालक समितिको मिति २०८२/०९/०८ गते बसेको ५१ औं बैठकको निर्णयानुसार कम्पनीको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित शेयरधनी महानुभावहरूलाई आफु स्वयं वा रीतपूर्वक प्रतिनिधि मार्फत उपस्थितिका लागि अनुरोध गरिन्छ ।

वार्षिक साधारण सभा बस्ने मिति, स्थान र समय:

मितिः २०८२ साल पौष ३० गते बुधबार (तदनुसार १४ जनवरी, २०२६)

स्थानः कम्पनीको मुख्य कार्यालय धनगढी कैलाली ।

समयः अपरान्ह १:०० बजे

छलफलका विषयहरु:

क सामान्य प्रस्तावहरु :

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व. २०८१/८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२ लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८१/८२ को वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सो सम्बन्धी अनुसूची लगायत सोहि अवधिका वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३ आर्थिक बर्ष २०८२/८३ को कारोवारको लेखापरीक्षण गर्न कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षक नियुक्ती गर्ने तथा पारिश्रमिक र सेवा शर्त तोक्ने सम्बन्धमा ।

४ संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

५ संचालकहरूको बैठक भत्ता अनुमोदन गर्ने सम्बन्धमा ।

६ कम्पनीले सामाजिक उत्तरदायित्व अन्तरगत गरेको खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

ख विशेष प्रस्तावहरु :

ग विविध :

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभास्थलमा प्रवेशका लागि आफ्नो सक्कल परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. साधारण सभामा सहभागी हुनका लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने सम्बन्धित शेयरधनीले निजको सम्पूर्ण शेयरको प्रतिनिधी एकै व्यक्ति (विभाजन नहुने गरी) रहने गरी प्रतिनिधी पत्र (प्रोक्सी फाराम) भरी कम्तीमा ४८ घण्टा अगावै कम्पनिको मुख्य कार्यालय धनगढी कैलालीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुन आवश्यक छ ।

३. शेयरधनी महानुभावको सुविधाका लागि कम्पनी ऐन २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक वित्तीय विवरण, सञ्चालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरू यस कम्पनीको वेभ साइट धधध।उचयतभअतष्खभष्अचय।अक बाट प्राप्त गर्न सकिने छ ।

४. शेयरधनी महानुभावहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूका संवन्धमा सञ्चालक समितिका अध्यक्ष वा निजले तोकेको पदाधिकारीबाट उत्तर दिइनेछ ।

५ शेयरधनी महानुभावहरूलाई छलफलका बिषय मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूले छलफललाई व्यवस्थित गर्ने प्रयोजनका लागि सभा हुनु भन्दा कम्तीमा सात दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिका अध्यक्षलाइ लिखित रूपमा जानकारी दिनुहुन अनुरोध छ ।

६ शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान १० बजे देखि खुल्ला रहने छ ।

७. साधारण सभा सम्बन्धमा थप जानकारीको लागि कार्यालय समयभित्र कम्पनीको मुख्य कार्यालय धनगढी कैलाली वा बागमती प्रदेश कार्यालय गुसिंगल, ललितपुरमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

Protective Micro Insurance Limited
Dhangadhi, Nepal
Statement of Financial Position
As At 16th July, 2025 (Ashad End 2082)

Fig in NPR

Particulars	Notes	Current year	Previous year
Assets			
Goodwill & Intangible Assets	4	12,719,262	13,211,707
Property and Equipment	5	32,605,963	56,343,711
Investment Properties	6	-	-
Deferred Tax Assets	7	4,684,160	1,591,162
Investment in Subsidiaries	8	-	-
Investment in Associates	9	-	-
Investments	10	564,111,378	502,000,000
Loans	11	-	-
Reinsurance Assets	12	141,450,683	59,820,484
Current Tax Assets	21	15,619,236	6,840,281
Insurance Receivables	13	-	-
Other Assets	14	2,510,096	173,300
Other Financial Assets	15	507,752	17,129
Cash and Cash Equivalent	16	14,312,824	26,851,215
Total Assets		**788,521,355**	**666,848,988**
Equity & Liabilities			
Equity			
Share Capital	17 (a)	525,000,000	525,000,000
Share Application Money Pending Allotment	17 (b)	-	-
Share Premium	17 (c)	-	-
Special Reserves	17 (d)	2,319,759	2,319,759
Catastrophe Reserves	17 (e)	231,976	231,976
Retained Earnings	17 (f)	-2,340,139	543,129
Other Equity	17 (g)	4,684,160	1,617,558
Total Equity		**529,895,757**	**529,712,422**
Liabilities			
Provisions	18	3,150,012	1,112,684
Gross Insurance Contract Liabilities	19	205,524,503	74,560,228
Deferred Tax Liabilities	7		-
Insurance Payable	20	35,301,684	24,534,739
Current Tax Liabilities	21	-	-
Borrowings	22	-	-
Other Liabilities	23	13,394,145	33,904,404
Other Financial Liabilities	24	1,255,254	3,024,511
Total Liabilities		**258,625,598**	**137,136,566**
Total Equity and Liabilities		**788,521,355**	**666,848,988**

Statement of Profit or Loss
For Period 16th July, 2024- 16th July, 2025
(For the Year Ended Ashad 2082)

Fig. in NPR

Particulars	Notes	Current year	Previous year
Income:			
Gross Earned Premiums	25	173,962,627	27,842,422
Premiums Ceded	26	124,720,751	23,111,827
Net Earned Premiums		**49,241,876**	**4,730,595**
Commission Income	27	33,776,816	10,500,749
Other Direct Income	28	1,112,020	-
Income from Investments & Loans	29	45,220,909	45,205,527
Net Gain/ (Loss) on Fair Value Changes	30	-2,026,002	-
Net Realised Gains/ (Losses)	31	1,980,248	-
Other Income	32	929,559	157,212
Total Income		**130,235,426**	**60,594,083**
Expenses:			
Gross Claims Paid	33	53,436,109	6,875,837
Claims Ceded	33	40,758,713	6,091,940
Gross Change in Contract Liabilities	34	55,382,364	12,350,450
Change in Contract Liabilties Ceded to Reinsurers	34	39,980,079	10,402,678
Net Claims Incurred		**28,079,681**	**2,731,669**
Commission Expenses	35	1,269,552	292,086
Service Fees	36	415,645	87,573
Other Direct Expenes	37	1,943,340	309,230
Employee Benefits Expenses	38	54,590,005	30,075,064
Depreciation and Amortization Expenses	39	7,544,177	9,263,352
Impairment Losses	40	-	-
Other Operating Expenses	41	35,061,100	14,073,102
Finance Cost	42	1,000,499	2,471,903
Total Expenses		**129,903,998**	**59,303,978**
Net Profit/(Loss) For The Year Before Share of Net Profits of Associates Accounted for Using Equity Method and Tax		**331,428**	**1,290,105**
Share of Net Profit of Associates accounted using Equity Method	9	-	-
Profit Before Tax		**331,428**	**1,290,105**
Income Tax Expense	43	76,971	579,560
Net Profit/(Loss) For The Year		**254,457**	**710,545**
Earning Per Share	**51**		
Basic EPS		0.05	0.14
Diluted EPS		0.05	0.14

Statement of Other Comprehensive Income
For Period 16th July, 2024- 16th July, 2025
(For the Year Ended Ashad 2082)

Fig. in NPR

Particulars	Notes	Current year	Previous year
Net Profit/(Loss) For the Year		**254,457**	**710,545**
Other Comprehensive Income			
a) Items that are or may be Reclassified to Profit or Loss			
Changes in Fair Value of FVOCI Debt Instruments		-	-
Cash Flow Hedge - Effective Portion of Changes in Fair Value		-	-
Exchange differences on translation of Foreign Operation		-	-
Share of other comprehensive income of associates accounted for using the equity method	9	-	-
Income Tax Relating to Above Items		-	-
Reclassified to Profit or Loss		-	-
b) Items that will not be Reclassified to Profit or Loss			
Realized Gain(Loss) of FVOCI Equity Instruments			
Changes in fair value of FVOCI Equity Instruments			-
Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets		-	-
Remeasurement of Post-Employment Benefit Obligations		-	-
Share of other comprehensive income of associates accounted for using the equity method	9	-	-
Income Tax Relating to Above Items		-	-
Total Other Comprehensive Income For the Year, Net of Tax		-	-
Total Comprehensive Income For the Year, Net of Tax		**254,457**	**710,545**

Statement of Changes In Equity
For Period 16th July, 2024- 16th July, 2025
(For the Year Ended Ashad 2082)

Fig. in NPR

Particulars	Ordinary Share Capital	Preference Shares	Share Application Money Pending Allotment	Share Premium	Retained Earnings	Revaluation Reserves	Special Reserves	Capital Reserves	Catastrophe Reserve	Corporate Social Responsibility (CSR) Reserves	Insurance Fund Including Insurance Reserve	Fair Value Reserves	Actuarial Reserves	Deferred Tax Reserve	Other Reserves	Total
Balance as on Shrawan 1, 2080	525,000,000	-	-	-	1,691,771	-	2,319,759	-	231,976	46,395	-	-	-	-	-	529,289,901
Prior period adjustment	-	-	-	-	81,593	-	-	-	-	-	-	-	-	(349,618)	-	(268,024)
Restated Balance as at Shrawan 1, 2080	525,000,000	-	-	-	1,773,364	-	2,319,759	-	231,976	46,395	-	-	-	(349,618)	-	529,021,877
Profit/(Loss) For the Year	-	-	-	-	710,545	-	-	-	-	-	-	-	-	-	-	710,545
Other Comprehensive Income for the Year, Net of Tax																-
i) Changes in Fair Value of FVOCI Debt Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Gains/ (Losses) on Cash Flow Hedge	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Exchange differences on translation of Foreign Operation	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Changes in fair value of FVOCI Equity Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
vi) Remeasurement of Post-Employment Benefit Obligations	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Reserves/ Funds	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Deferred Tax Reserves	-	-	-	-	(1,940,780)	-	-	-	-	-	-	-	-	1,940,780	-	-
Transfer of Depreciation on Revaluation of Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Revalued Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Share Issuance Costs										(20,000)						(20,000)
Contribution by/ Distribution to the owners of the Company	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Bonus Share Issued	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Share Issue	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Cash Dividend	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Dividend Distribution Tax	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
v) Others (To be specified)	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Balance as on Ashadh end, 2081	**525,000,000**	-	-	-	**543,129**	-	**2,319,759**	-	**231,976**	**26,395**	-	-	-	**1,591,162**	-	**529,712,422**
Balance as on Shrawan 1, 2081	525,000,000	-	-	-	543,129	-	2,319,759	-	231,976	26,395	-	-	-	1,591,162	-	529,712,422
Prior period adjustment	-	-	-	-	(44,727)	-	-	-	-	-	-	-	-	-	-	(44,727)
Restated Balance as at Shrawan 1, 2081	525,000,000	-	-	-	498,402	-	2,319,759	-	231,976	26,395	-	-	-	1,591,162	-	529,667,695
Profit/(Loss) For the Year	-	-	-	-	254,457	-	-	-	-	-	-	-	-	-	-	254,457
Other Comprehensive Income for the Year, Net of Tax																-
i) Changes in Fair Value of FVOCI Debt Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Gains/ (Losses) on Cash Flow Hedge	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Exchange differences on translation of Foreign Operation	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Changes in fair value of FVOCI Equity Instruments	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
v) Revaluation of Property and Equipment/ Goodwill & Intangible Assets	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
vi) Remeasurement of Post-Employment Benefit Obligations	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Reserves/ Funds	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer to Deferred Tax Reserves	-	-	-	-	(3,092,998)	-	-	-	-	-	-	-	-	3,092,998	-	-
Transfer of Depreciation on Revaluation of Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Revalued Property and Equipment	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Transfer on Disposal of Equity Instruments Measured at FVTOCI	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
CSR Expenses										(26,395)						(26,395)
Share Issuance Costs	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Contribution by/ Distribution to the owners of the Company	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
i) Bonus Share Issued	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
ii) Share Issue	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iii) Cash Dividend	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
iv) Dividend Distribution Tax	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
v) Others (To be specified)	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-	-
Balance as on Ashadh end, 2082	**525,000,000**	-	-	-	**(2,340,139)**	-	**2,319,759**	-	**231,976**	-	-	-	-	**4,684,160**	-	**529,895,757**

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार १० पुस ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

दसौँ राष्ट्रिय खेलकुदका सहभागी खेलाडी र खेल संख्या आइतबारभित्र टुंगो लाग्ने



खेलकुद मन्त्रालयमा बुधबार बसेको राखेपको १२४औँ बोर्ड बैठक ।

खेलकुदमन्त्री बल्लु गुप्ताले राखेपको कार्यकारी समितिलाई आगामी आइतबारसम्म कर्णालीको भौगोलिक अवस्थाअनुसार प्रतियोगिताको खेल तथा खेलाडी निश्चित गर्न निर्देशन दिए

रमेश सुवेदी / नयाँ पत्रिका

खेलकुद मन्त्रालयले कर्णाली प्रदेशमा हुने दसौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने खेल र खेलाडीको संख्या निर्धारण गर्न राखेपको कार्यकारी समितिलाई निर्देशन दिएको छ । खेलकुदमन्त्री बल्लु गुप्ताले समितिलाई आइतबारसम्म खेल संख्या र खेलाडीको संख्या निर्धारण गर्न समयसीमा दिएका छन् । आगामी १ देखि ७ फागुनसम्म कर्णालीमा दसौँ राष्ट्रिय खेलकुद हुँदै छ । मन्त्रालयले प्रतियोगिताको मिति घोषणा गरेको यो चौथोपटक हो ।

यसअघि दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तीनपटक परिवर्तन भइसकेको छ । गत २३ र २४ भदौको जेन-जी आन्दोलनपछि खेलकुदमन्त्री बनेका गुप्ताले राखेपको १२३औँ बोर्ड बैठकमा दसौँ राष्ट्रिय खेलकुदको नयाँ मिति घोषणा गरेका थिए । यसपटक जसरी पनि प्रतियोगिता आयोजना गर्न प्रतिबद्ध रहेको मन्त्री गुप्ताले बताए । 'हामी दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता जसरी पनि गर्छौं,' मन्त्रालयमा राखेपको १२४औँ बैठकमा उनले भने, 'प्रतियोगिताका लागि खेल संख्या र खेलाडीको मापदण्ड बनाउन निर्देशन दिइएको छ ।'

तीनपटकसम्म मिति घोषणा भएर पनि आयोजना हुन नसकेको प्रतियोगितामा ३६ खेल समावेश थिये । कर्णालीको भौगोलिक अवस्थाअनुसार खेल र खेलाडी संख्या निर्धारण गर्न लागेको मन्त्री गुप्ताले बताए । 'खेलको मापदण्ड बनाएर कति खेल राख्ने र खेलाडी खेलाउने भन्ने मापदण्ड निश्चित हुनुपर्छ । जसका लागि मन्त्रालयले राखेप कार्यकारी समितिलाई आइतबारसम्मको समय दिएको छ ।' पोखरामा ०७९ मा भएको नवौँ राष्ट्रिय खेलकुदपछि दसौँ राष्ट्रिय खेलकुद ०८१ मंसिरमा गर्ने तय भएको थियो । प्रतियोगिता आयोजना गर्न मन्त्रालयले एक वर्षभित्र चारपटक मिति घोषणा गरेको थियो ।

प्रतियोगिताको निर्देशिका पारित

राखेपको १२४औँ बोर्ड बैठकले प्रतियोगिताको सञ्चालन निर्देशिका, २०८१ (तेस्रो संशोधन) पारित गरेको छ । मन्त्रालयले निर्देशिका पारित गरे पनि सार्वजनिक गरेको छैन । राखेपका प्रवक्ता खुसराज दाहालले केही त्रुटि रहेका कारण निर्देशिका तत्काल सार्वजनिक नगरिएको बताए । राखेपका अध्यक्ष तथा खेलकुदमन्त्री गुप्ताको अध्यक्षतामा बसेको बैठकले प्रतियोगिता सञ्चालन निर्देशिका पारित गरेसँगै दसौँ राष्ट्रिय खेलकुद आयोजनाका लागि बाटो खुल्नेछ ।

'बैठकले प्रतियोगिता सञ्चालन निर्देशिका पारित गरेको छ । त्यसमा केही प्राविधिक त्रुटि छन् । सबै मिलेपछि निर्देशिका सार्वजनिक गर्छौं,' दाहालले भने । निर्देशिका तयार भएपछि राखेपले सबै प्रदेशलाई तयारीका लागि पत्राचार गरिने र उपसमितिहरू बनाइने जनाएको छ । राखेपको कार्यकारी समितिको सिफारिसमा तयारी सम्बन्धमा प्रदेश खेलकुद र विभागीय टिमहरूलाई पत्राचार गर्ने निर्णय बैठकले गरेको छ । बैठकमा मन्त्री गुप्तासहित उपाध्यक्ष ध्रुव आचार्य, मन्त्रालयका सचिव हरिप्रसाद लम्साल, सदस्यसचिव रामचरित्र मेहता, राखेप बोर्ड सदस्यलगायतको उपस्थिति थियो ।

नेपालले २०औँ एसियाली खेलकुदमा भाग लिने

खेलकुद मन्त्रालयमा भएको बैठकले सन् २०२६ मा जापानमा हुने २०औँ एसियाली खेलकुदमा नेपालले भाग लिने निर्णय गरेको छ । प्रतियोगिता जापानको नागोया र आइची सहरमा हुँदै छ । जेन-जी आन्दोलनअघिको केपी ओली सरकारले एसियन खेलकुदमा नेपालको सहभागिताबारे निर्णय गरेको थिएन । सरकारी र अन्तर्राष्ट्रिय मान्यता प्राप्त दुई-दुईवटा नेपाल ओलम्पिक कमिटी (एनओसी)बिचको विवादले २०औँ एसियन खेलकुदको सहभागिताबारे ओली सरकारले निर्णय गर्न सकेको थिएन ।

जीवनराम श्रेष्ठ विधान संशोधन गरी एनओसीमा तेस्रोपटक नेतृत्वमा पुगेपछि तत्कालीन खेलकुदमन्त्री तेजुलाल चौधरीले निर्वाचनलाई मान्यता दिएका थिएनन् । त्यसपछि एनओसी विवाद चुलिएको हो । चौधरीको निर्देशनमा गठन भएको एनओसी अहिले गुमनाम रहेको छ । एनओसी विवाद भइरहे पनि राखेपले मिसन २०२६ भनी २०औँ एसियाली खेलकुदका लागि ११ खेलका १२० खेलाडीलाई दैनिक प्रशिक्षण गराइरहेको छ । ती खेलाडीलाई २० प्रशिक्षकले प्रशिक्षण दिइरहेका छन् ।

एसियन खेलकुद अर्को वर्ष जापानमा २३ सेप्टेम्बरदेखि ८ अक्टोबरसम्म हुनेछ । जसमा अन्तर्राष्ट्रिय मान्यता प्राप्त एनओसीले ३२ खेलका लाग २३९ पुरुष र १९५ महिला गरी कुल ४३४ खेलाडीको नाम दर्ता गराएको छ । एनओसीले पनि २०औँ एसियालीसहित लस एन्जलस ओलम्पिक र युथ ओलम्पिकका लागि १४ खेलाडीलाई छात्रवृत्ति दिएर तयारीमा केन्द्रित गराएको छ ।

सातदोबाटोमा जेन-जी स्मृति पार्क बन्ने

मन्त्री गुप्ताले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुदपरिसरको हाताभित्र जेन-जी सहिद स्मृति पार्क बनाउने निर्णय गरेका छन् । त्यस्तै, परिसरमा रहेको अडिटोरियम हलको नाम पनि जेन-जी अडिटोरियम हल राखिने भएको छ । 'बैठकले 'जेन-जी सहिद स्मृति पार्क निर्माण गर्ने तथा त्यहाँ रहेको अडिटोरियम हललाई जेन-जी स्मृति अडिटोरियम हल नामकरण गर्ने निर्णय गरेको छ,' गुप्ताले भने ।

कास्की खेलकुदका अध्यक्षले कुटे कोषाध्यक्ष

भिडियो खिचेको विवादमा कोषाध्यक्ष विग्नेश थापालाई आफ्नै कार्यकक्षमा अध्यक्ष मिलन गुरुङले कुटे, मिलापत्रपछि दुवैजना हिरासतमुक्त



मिलन गुरुङ

कास्कीमा रोहितराज पराजुली

जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले आफ्नै समितिका कोषाध्यक्ष विग्नेश थापालाई कुटपिट गरेका छन् । गुरुङले बोलाएको बैठकमा थापासँग भिडियोको विषयलाई लिएर विवाद भएको थियो । अध्यक्ष गुरुङले कोषाध्यक्षलाई भिडियो डिलिट गर्न निर्देशन दिएका थिए । भिडियो डिलिट गर्न नमानेपछि थापालाई गुरुङले कठालो समातेर आफ्नो कार्यकक्षमा लगेर हातपात गरेका हुन् ।


थापाले तत्कालै जिल्ला प्रहरी कार्यालयसँग सहयोग मागे । वडा प्रहरी कार्यालय, रामबजारले दुवैलाई अनुसन्धानका लागि केही घण्टा हिरासतमा राखेर रिहा गरेको छ । लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र शेरचन र पश्चिमाञ्चल खेलकुद विकास समितिका तत्कालीन उपाध्यक्ष सुनील गुरुङलगायतले दुई पक्षलाई सहमति गराउँदै हिरासत मुक्त गरेका हुन् ।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले लिखित सहमतिमा दुई पक्षलाई हिरासत मुक्त गरेको बताए । 'वडा प्रहरी कार्यालयमा दुई पक्षले आगामी दिनमा झगडा नगर्ने र मिलेर काम गर्ने सहमति गरेका छन्,' प्रवक्ता बस्नेतले भने, 'लिखित रूपमा अर्कोलाई सहयोग गर्ने भनेपछि आफन्तको जिम्मामा उनीहरूलाई छाडेका हौं ।' पीडित थापाले समाजघरमा भएको कार्यक्रममा आफूले लिएको भिडियोप्रति आपत्ति जनाउँदै गुरुङले आफूमाथि हातपात गरेको दाबी गरेका छन् ।

'बैठक सुरु हुनुअगाडि कोठामा बसेको थिएँ । अध्यक्षले एक्कासि भिडियो किन लिएको भनी ममाथि छाती र अनुहारमा तीनपटक हाने,' थापाले भने, 'सुरक्षार्थ फोन गरेर प्रहरी बोलाएको हुँ ।' घटनाका सम्बन्धमा जानकारी लिन खोज्दा अध्यक्ष गुरुङले भने मोबाइल स्विच अफ गरेका छन् ।

भिडियो डिलिट नगरेपछि आक्रमण भयो

● **विग्नेश थापा**, कोषाध्यक्ष, जिखेविस



अध्यक्ष गुरुङले डाकेको बैठकमा सहभागी हुन पुगेको थिएँ । बैठक सुरु हुनुअघि म आफ्नै कोठामा बसेको थिएँ । अध्यक्षले एक्कासि भिडियो किन लिएको भनी विवाद गर्न थाले । त्यसपछि मलाई तानेर उनैको कोठामा लगियो । उनले मेरो छाती र अनुहारमा तीनपटक प्रहार गरे ।

धरौटपटक विवादमा परेका गुरुङ

समितिका अध्यक्ष गुरुङ विवादमा आएको यो पहिलोपटक होइन । २ माघ ०७४ मा एन्फा कास्कीको अध्यक्ष हुँदा उनीमाथि आर्थिक हिनामिना गरेको आरोप थियो । ०७७ मा एन्फा कास्कीको अध्यक्ष हुँदा गुरुङविरुद्ध जिल्ला प्रहरी कार्यालय, कास्कीमा १४ लाख रुपैयाँबराबरको रकम नपाएको भनी सातवटा उजुरी परेको थियो । यसै उजुरीका आधारमा उनी बैंकिङ कसुर तथा ठगीको आरोपमा पक्राउ परेका थिए । प्रहरीको हिरासतमा १३ दिनपछि दुई लाख धरौटीमा उनी छुटेका थिए । १७ कात्तिक ०७७ मा उच्च अदालत, पोखराको आदेशमा उनी धरौटीमा रिहा भएका थिए । यसैगरी, गुरुङविरुद्ध मनकाममना केबुलकार पोखरा कप र १३औँ सागसँगै अन्य फुटबल प्रतियोगितामा विभिन्न पक्षलाई तिर्नुपर्ने रकम नतिरेको आरोप छ । पोखरामा आयोजित विभिन्न प्रतियोगिताका विजेतालाई दिनुपर्ने पुरस्कार उनले दिएका थिएनन् । तर, सञ्चारमाध्यममा समाचार प्रकाशित भएपछि गुरुङले विजेतालाई पुरस्कार रकम दिए ।

भागबन्डामा पदाधिकारी नियुक्ति

गण्डकी प्रदेशका ११ जिल्ला खेलकुद विकास समितिमा १७ चैत ०८१ मा अध्यक्षसहित अन्य पदाधिकारी नियुक्त भएका थिए । तत्कालीन सत्तारूढ दल कांग्रेस र एमालेबिच अध्यक्ष र कोषाध्यक्ष एकै समूहले राख्ने सहमति भएको थियो । अर्को पक्षले उपाध्यक्ष र सचिव राख्यो । कांग्रेसले ६ र एमालेले पाँच जिल्ला समितिमा अध्यक्ष र कोषाध्यक्षमा आफ्नो मान्छे नियुक्त गरेका थिए । कांग्रेसले ६ र एमालेले पाँच जिल्लामा उपाध्यक्ष र सचिव भागबन्डा गरेका थिए । कास्कीमा कांग्रेसको कोटामा अध्यक्षमा गुरुङ र कोषाध्यक्षमा थापाले जिम्मेवारी पाएका हुन् ।

थन्डर बोल्ट्स कपमा जेम्सको ह्याट्रिक



नयाँ पत्रिका

जेम्स स्कुलले लगातार तेस्रोपटक थन्डर बोल्ट्स कप विद्यालयस्तरीय महोत्सवको च्याम्पियनसिप ट्रफी जितेको छ । तेस्रो संस्करणमा १२ खेलका ३२ विधामा प्रतिस्पर्धा भएको थियो । जसमा जेम्सले सर्वाधिक ४९ अंकका साथ शीर्ष स्थानमा रहँदै उपाधिमाथि ह्याट्रिक गरेको हो । एभिएम स्कुल दोस्रो तथा निसर्ग वाटिका स्कुल तेस्रो भएका छन् । जेम्सले पाँच लाख रुपैयाँ प्राप्त गरेको छ । एभिएमले २० तथा निसर्गले ११ अंक जोडेका छन् । अखिल नेपाल फुटबल संघ (एन्फा) का महासचिव किरण राईले जेम्स स्कुलको खेलकुद अभियानबाट आफू खुसी भएको बताए ।

'स्कुल स्पोर्टसलाई हाँक्ने अभियानमा जेम्स स्कुलले नेतृत्व लिइरहेको देख्दा खुसी लागेको छ । युवा प्रतिभाहरू यस्तैखाले देशव्यापी प्रतियोगिताबाट उत्पादन हुनेछन्,' राईले भने । जेम्स स्कुलका अध्यक्ष राजेश खड्काले लगातार तेस्रो संस्करण सफलतापूर्वक गरेको बताए ।

'हामीले थन्डर बोल्ट्स कपलाई एक महोत्सवका रूपमा लिएका छौं । यसमा विभिन्न स्कुलहरूले सहभागिता जनाउँदै यसलाई सफल बनाउने कार्य गरेका छन्,' खड्काले भने । प्रतियोगितामा १०७ स्कुलका ३५ सय खेलाडीको सहभागिता थियो ।

■ टी-२० विश्वकपको तयारी



भारत र श्रीलंकाले आगामी ७ फेब्रुअरीदेखि ८ मार्चसम्म संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको प्रशिक्षणमा जुट्दै नेपाली राष्ट्रिय टोलीका खेलाडीहरू । **तस्बिर सौजन्य** : क्यान

वैभव बने लिस्ट 'ए'मा शतक प्रहार गर्ने कान्छा खेलाडी



विजय हजारे ट्रफीमा ८४ बलमा १९० रन जोडेका १४ वर्षीय वैभव सूर्यवंशीले सन् १९८६ मा पाकिस्तानका साढे १५ वर्षका जहुर इलाहीले लिस्ट 'ए'मा शतकीय इनिङ्स खेलेको रेकर्ड तोडेका छन्

एजेन्सी

भारतका युवा ब्याट्सम्यान वैभव सूर्यवंशी लिस्ट 'ए' क्रिकेटमा शतक प्रहार गर्ने कान्छो खेलाडी बनेका छन् । सूर्यवंशीले विजय हजारे ट्रफीको बुधबार भएको उद्घाटन खेलमै बिहारबाट प्रतिनिधित्व गर्दै अरुणाञ्चल प्रदेशविरुद्ध ३६ बलमा सय रन पूरा गर्दै रेकर्ड बनाएका हुन् । उनले शतकीय इनिङ्स खेल्न १६ चौका र १५ छक्का प्रहार गरेका थिए । सूर्यवंशीले ६४ बलमा १५० रन पूरा गर्ने रेकर्ड पनि आफ्नो नाममा लेखाएका छन् ।

सूर्यवंशीले ३९ वर्षअघिको रेकर्ड तोडेको भारतीय मिडियाले जनाएका छन् । सन् १९८६ मा पाकिस्तानका १५ वर्ष २०९ दिनका जहुर इलाहीले लिस्ट 'ए' शतकीय इनिङ्स खेलेका थिए । अब यो रेकर्ड सूर्यवंशीको नाममा रह्यो । पछिल्लो समय सूर्यवंशीले भारतको घरेलु तथा फ्रेन्चाइज लिगमा विभिन्न रेकर्ड राख्दै आएका छन् । उनी भारतको घरेलु क्रिकेटमा शतक प्रहार गर्ने कान्छा क्रिकेटर हुन् । गत सिजनको इन्डियन प्रिमियर लिग (आइपिएल)मा राजस्थान रोयल्सबाट उनले गुजरात टाइटन्सविरुद्ध ३५ बलमा शतक पूरा गरेका थिए । यसैगरी, गत जुलाईमा युवा एकदिवसीय अन्तर्राष्ट्रियमा सूर्यवंशी छिटो शतक पूरा गर्न खेलाडी बनेका थिए । उनले ७८ बलमा १४३ रन जोडेका थिए ।

८४ बलमा १९० रन

बिहारबाट प्रतिस्पर्धा गरेका सूर्यवंशीले आक्रामक ब्याटिङ गरेका थिए । उनले केवल ८४ बलमा १९० रन जोडेका थिए । उनी आउट हुँदा बिहारले २६.४ ओभरमा २६१/२ को योगफल खडा गरेको थियो । राँचीको ओभल मैदानमा सूर्यवंशीले १२.१ ओभरमा एक रन लिँदै शतक पूरा गरे । लिस्ट 'ए'मा कम बलमा १५० रन बनाउने उनी पहिलो खेलाडी बने । सन् २०१५ मा दक्षिण अफ्रिका एबी डी भिलियर्सले वेस्ट इन्डिजविरुद्ध ६४ बलमा १५० रन जोडेका थिए । यसैगरी इंल्यान्डका जोस बटलरले सन् २०२२ मा नेदरल्यान्डसँगको खेलमा ६५ बलमा १५० रन बनाएका थिए ।

भारतका लागि लिस्ट 'ए'मा युसुफ पठानले ४० बलमा शतक लगाएका थिए । यसैगरी बिहारका कप्तान सकिबुल गनीले ३२ बलमा शतक लगाए । झारखण्डका ईशान किसनले ३३ बलमा शतकीय इनिङ्स खेले । सकिबुलले लिस्ट 'ए'मा कम बलमा शतक लगाउने रेकर्ड आफ्नो नाममा लेखाए । बिहारले विजय हजारे ट्रफीमा एकै दिन ५७४ रनको योगफल तयार पाऱ्यो । प्रत्युत्तरमा अरुणाचल प्रदेशले ४२.१ ओभरमा सबै विकेट गुमाएर १७७ रन बनाउँदा बिहार ३९७ रनले विजयी भयो । लिस्ट 'ए'मा दोस्रोपटक एकै दिन पाँच सय रनको योगफल खडा भएको हो । सन् २०२२ मा तमिलनाडु क्रिकेट टोलीले अरुणाचलविरुद्ध ५०५ रन बनाएको थियो ।

लिस्ट 'ए'मा विराटको १६ हजार रन

विराट कोहलीले दिल्लीबाट खेल्दै आफ्नो ३३०औँ इनिङ्समै लिस्ट 'ए' क्रिकेटमा सबैभन्दा छिटो १६ हजार रन पूरा गर्ने कीर्तिमान बनाएका छन् । यसअघि सचिन तेन्दुलकरले यो फर्म्याटमा ३९१ इनिङ्समा १६ हजार रन पूरा गरेका थिए । सचिनभन्दा ६१ इनिङ्स कम खेल्दै विराटले १६ हजार रन बनाएका हुन् । विराटले लिस्ट 'ए'मा १० हजारदेखि १६ हजार रनसम्म चरण पार गर्न कम इनिङ्स खेलेका छन् ।

यसैगरी, भारतीय टोलीका रोहित शर्माले मुम्बईका लागि सिक्किमविरुद्ध ९४ बलमा १५५ रन बनाएर लिस्ट 'ए'मा १५० भन्दा बढी रनको इनिङ्स नौपटक खेल्ने कीर्तिमान बराबरी गरेका छन् । रोहितले सिक्किमविरुद्ध ९४ बलमा १५५ रन बनाए । उनले आफ्नो इनिङ्समा १८ चौका र ९ छक्का हिर्काए । रोहितले लिस्ट 'ए'मा १५० भन्दा बढी रनको इनिङ्स नौपटक खेल्ने अस्ट्रेलियाका डेभिड वार्नरको कीर्तिमान बराबरी गरेका हुन् । भारतको टी-२० आई र एकदिवसीय फर्म्याटबाट विराट र रोहितले सन्न्यास लिइसकेका छन् ।

खेल संक्षेप

नेपालले आइस स्केटिङमा सहभागिता जनाउने

काठमाडौं / नेपालले पहिलोपटक अन्तर्राष्ट्रियस्तरको आइस स्केटिङ प्रतियोगितामा सहभागिता जनाउने भएको छ । भारतीय आइस स्केटिङ संघको आयोजना तथा अन्तर्राष्ट्रिय स्केटिङ महासंघसँगको सहकार्यमा हुन लागेको सर्ट ट्र्याक स्पिड आइस स्केटिङ प्रतियोगितामा नेपालबाट दुईजना महिला तथा चारजना पुरुष खेलाडीले सहभागिता जनाउन लागेका हुन् ।

नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघका अध्यक्ष अच्युत खनालले प्रतियोगिता १२ देखि १४ पुससम्म भारतको देहरादुनस्थित माहाराना प्रताप स्पोर्टस् कम्प्लेक्समा हुने बताए । प्रतियोगितामा नेपालबाट सिनियर पुरुष हजार मिटरमा रमेश मोक्तान र अरुण खत्वेले भाग लिनेछन् । महिला जुनियरको पाँच सय मिटरमा परी गुरागाईं र अल्का घिमिरेले प्रतिस्पर्धा गर्ने खनालले बताए । पुरुष जुनिअर २५० मिटरमा जेभिअर जंग थापा र सायोन अर्याललेे भाग लिनेछन् । नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले ऐतिहासिक सहभागितामा खेलाडीहरूले राम्रो प्रदर्शन गर्ने विश्वास व्यक्ति गरेका छन् । 'शीतकालीन ओलम्पिक खेलका रूपमा रहेको आइस स्केटिङ खेल नेपालका लागि भूगोल सुहाउँदो भएकाले यस खेलबाट पदक जित्ने विश्वास गरेको छु,' श्रेष्ठले भने ।

जैसीदेवललाई नौ स्वर्णसहित ११ पदक

काठमाडौं / जैसीदेवल तेक्वान्दो डोजाङका खेलाडीले भारतको कोलकातामा भएको नवौँ टिआइए अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोगितामा नौ स्वर्ण र समान एक रजत तथा कांस्य जितेको छ । समग्रमा जैसीदेवलले प्रतियोगितामा ११ पदक जितेको हो । पुम्सेमा रोजेन प्रजापति र मुविक्क्षा गजुरेलले स्वर्ण हात पारे । यस विधामा बितिसा तामाङले रजत जितेको टिम म्यानेजर राजेश प्रजापतिले जनाएका छन् । गेरोगीमा अभिमन्यु गजुरेल, बितिसा तामाङ, यमुना जर्घामगर, अनमोल थापामगर, सुप्रिया जोशी, राजीव गुरुङ र मुविक्क्षा गजुरेलले स्वर्ण हात पारे ।

पथरी ११ लाई गोल्डकप उपाधि

मोरङ / इन्ट्रा पथरी ११ ले दोस्रो सतिसाले गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । प्रतियोगिताको फाइनलमा पथरीले बेतना युनाइटेड फुटबल क्लब बेलबारीलाई टाइब्रेकरमा ४-२ ले हराउँदै उपाधि हात पारेको हो । उपाधिसँगै पथरीले दुई लाख र उपविजेता बेतनाले एक लाख रुपैयाँ पाएका छन् । गोल्डकपमा बेतनाका मुस्कान लिम्बू उत्कृष्ट गोलरक्षक भए । बेतनाका मौसम सुब्बा उत्कृष्ट मिडफिल्डर र निमा तामाङ उत्कृष्ट स्ट्राइकर बनेका छन् । पथरीका धिरेन क्षेत्री उत्कृष्ट डिफेन्डर र अर्जुन बस्नेत उत्कृष्ट प्रशिक्षक भएका छन् । मिक्चेन दास र सञ्जय लिम्बू हाई स्कोरर भए । पथरीका गोलरक्षक समीर क्षेत्री सर्वोत्कृष्ट खेलाडी घोषित भए । सतिसाले स्पोर्टिङ क्लब केराबारी ६ मोरङको आयोजनामा भएको गोल्डकप स्पोर्टिङ क्लबको खेलमैदान भएको थियो ।

भारोत्तोलनको एन्टी डोपिङ अवेरनेस

काठमाडौं / नेपाल भारोत्तोलन संघको आयोजनामा एन्टी डोपिङ अवेरनेस एन्ड रिहेबिलिटेसन कार्यशाला बुधबार सम्पन्न भएको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप) हातामा भएको कार्यक्रममा खेलाडी, प्रशिक्षक र संघका पदाधिकारी गरी करिब ७० जनाको सहभागिता रहेको आयोजक भारोत्तोलन संघका महासचिव विपेन्द्र महर्जनले जनाएका छन् । राष्ट्रिय एन्टी डोपिङ एजेन्सीका संस्थापक संयोजक डा. असिम भण्डारीले सहभागीलाई एन्टी डोपिङको विविध पक्षबारे जानकारी गराएका थिए ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com